



नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)




# 'फिरौतीकै कारण गौचनको हत्या'

ईश्वरराज ढकाल, काठमाडौं

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद्कुमार गौचनको हत्यामा संलग्न सुटरसहित ५ जनालाई पक्राउ गरी प्रहरीले मंगलबार सार्वजनिक गरेको छ।

विदेशमा बसेर गौचनको हत्याको योजना बनाएका समिरमानसिंह बस्नेतको योजनाअनुरूप हत्या भएको दाबी प्रहरीले गरेको छ। अध्यक्ष गौचनको हत्या गर्न भारतीय नागरिकसमेत प्रयोग भएको प्रहरीको अनुसन्धाले देखाएको छ।

गौचनको हत्या फिरौती नपाएका कारण हत्या भएको हुनसक्ने आशंका गरिए पनि त्यसको पुष्टि हुन नसकेको प्रहरीले बताएको छ। गौचन हत्याको छानविन गर्न गठित समितिका संयोजक प्रहरी नायब महानिरीक्षक गणेश केसीले हत्या के कारणले भयो भन्नेबारे अझै अनुसन्धान भइरहेको बताउनुभयो। 'हामीले पहिलो चरणको काम सकेका छौं, दोस्रो चरणमा अन्य विवरण सार्वजनिक गर्नेछौं।' -उहाँले भन्नुभयो।

उहाँका अनुसार हत्यामा संलग्न सुटरले समेत रकम पाएका छैनन्। केसीले घटनाको विस्तृत विवरण मुख्य योजनाकार पक्राउ परेपछि मात्रै जानकारी हुने बताउनुभयो।

प्रहरीका अनुसार गुण्डा नाइके समिरमान सिंह बस्नेतकै योजनामा गौचनको हत्या भएको हो, जसमा मनोज पुनको पनि संलग्नता देखिएको छ। हत्यामा पक्राउ परेकामध्ये नुवाकोटका राजीव स्याङ्तान सुटर भएको प्रहरीले दाबी गरेको छ।



## मुख्य योजनाकार गुण्डा नाइके समिरमानसिंह बस्नेत फरार

हत्यामा पर्साका शिवजी महतो, भारत विहारका मुकेशकुमार पाण्डे, पर्सा ठोरीका सन्तोष गुरुङ र काठमाडौं नागार्जुनका प्रकाश बुढाथोकीको संलग्नता देखिएको प्रहरीले जानकारी दिएको छ।

महानगरीय प्रहरी आयुक्त कार्यालयले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा पक्राउ परेका महतोले हतियार र मोटरसाइकलको व्यवस्थापन गरेको, पाण्डेले हतियार व्यवस्थापन गरेको, गुरुङले हत्यामा प्रयोग भएको मोटरसाइकलको व्यवस्थापन गरेको र बुढाथोकी समिरका सहयोगी रहेको प्रहरीले जनाएको छ। हत्याराले एक महिनादेखि गौचनको गतिविधि, बस्ने र खाने स्थानका बारेमा रेकी गर्दै आएका थिए। गौचनको असोज २३ गते घरनजिकै नयाँ बानेश्वरको प्रयागमार्ग चोकमा हत्या भएको थियो। उहाँलाई दुई गोली प्रहार गरी हत्या गरिएको प्रहरीले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

### कांग्रेसभित्रको असन्तुष्टि छताछुल्ल

# प्रधानमन्त्री देउवाको अपमान

कुमार श्रेष्ठ, बाँके

नेपाली कांग्रेसका पार्टी सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा मंगलबारदेखि पश्चिम नेपालको चुनावी अभियनमा निस्कनुभएको छ। प्रदेश ५ र ७ मा आयोजना हुने सुरक्षा गोष्ठीलाई सम्बोधन गरेर गृहजिल्लासम्म चुनावी गतिविधिमा संलग्न हुन निस्कनुभएका देउवालाई बाँकेमा भने कांग्रेस कार्यकर्ताले अपमान गरेका छन्।

पार्टी सभापति देउवा नेपालगन्ज विमानस्थलमा झरेपछि जिल्ला सभापति किरण कोइरालालगायत सानो समूह लिन पुगेको थियो। विमानस्थलमा गए पनि कोइराला विशिष्ट कक्षमा देउवालाई भेट्न जानुभएन। 'देउवाले धेरैपटक बोलाए पनि कोइरालाले भेट्न इन्कार गर्नुभयो', प्रत्यक्षदर्शीले भने- 'देउवाको अपमान नै गरियो।'

विमानस्थलबाट आएपछि देउवाले प्रदेश नम्बर ५ र ६ का १६ जिल्लाका सुरक्षा अधिकारी सम्मलित सुरक्षा गोष्ठीलाई सम्बोधन गर्नुभयो। लिखित छोटो सम्बोधनपछि होटलमा खाना खान पुग्नुभएका देउवा त्यसपछि पार्टी कार्यालयमा जानुभएको थियो।

पार्टी कार्यालयमा बाँकेका नेताहरू देउवामाथि खनिए। निवर्तमान सांसद अब्दुल हमिद सिद्धिकी (भोला)ले नेपालगन्ज क्षेत्र राप्रपालाई दिएर तत्कालीन पार्टी सभापति स्व. सुशील कोइरालाको नामो निसान मेटाउने काम भएको भन्दै आक्रोस पोख्नुभयो।

## आफू अपमानित भएको महसुस गरे पनि नेता तथा कार्यकर्ताको आक्रोश सुनेपछि सभापति देउवाले गल्ती भएको भन्दै माफी माग्नुभयो।

उहाँले देउवालाई गुटको पछाडि लागेको आरोपसमेत लगाउनुभयो। 'प्रजातन्त्रमा फरक विचार राख्नेको सम्मान गर्नुपर्छ, तपाईंले त कोइराला पक्षधरलाई छानीछानी पाखा लगाउनुभयो', सिद्धिकीले थप्नुभयो- 'पार्टीमा लागेकोलाई भन्दा आफ्नालाई च्याप्ने अनि प्रजातन्त्र जोगाउनुपर्‍यो भनेर हुन्छ?' 'कांग्रेसले हार्दा प्रजातन्त्र हार्छ, अधिनायकवाद आउँछ भनेर भन्नुहुन्छ, चुनावमा टिकट पार्टी सदस्य नभएकालाई, श्रीमान्-श्रीमतीले लिनुहुन्छ।' -निवर्तमान सांसद सिद्धिकीको आक्रोश थियो।

बाँके क्षेत्र नं. ३ को प्रदेश सभा 'ख'बाट उम्मेदवारमा सिफारिस भएका हरिभक्त उप्रेतीले पैसाको चलखेल गरेर टिकट दिलाएको भन्दै देउवाकै दायाँछेउमा बसेका केन्द्रीय सदस्य किशोरसिंह राठौरलाई कारबाही गर्न आग्रह गर्नुभयो। 'राठौरले पैसामा बिकेर अर्को क्षेत्रबाट सिफारिस भएका व्यक्तिलाई टिकट दिलाए', उप्रेतीले आक्रोश पोख्नुभयो- 'यस्ता केन्द्रीय सदस्य हामीलाई चाहिँदैन, तत्काल कारबाही गर्नुस्। र, अर्को केन्द्रीय सदस्य पठाइदिनुस्।'

पुराना कार्यकर्ता सोमबहादुर थापाले एउटै व्यक्ति र शक्ति पछाडि लाग्ने व्यक्तिले मात्रै टिकट पाइरहने भए अरू व्यक्तिको पालो मरेपछि आउँछ भनेर आक्रोश पोख्नुभयो। जिल्ला पार्टी सभापति किरण कोइरालाले पनि टिकट वितरणमा एकतर्फी गरिएकामा देउवासमक्ष गुनासो गर्नुभयो। सभापति कोइरालाको नाम समानुपातिकमा पारिए पनि अन्तिममा हटाइएको थियो।

यी नेता तथा कार्यकर्ताको आक्रोश सुनेपछि सभापति देउवाले गल्ती भएको भन्दै माफी माग्नुभयो। 'टिकट वितरणमा यस्तै भयो, तपाईंहरू चुनावमा लाग्नुस्, प्रजातन्त्रलाई जिताउनु पर्छ।' -देउवाले भन्नुभयो। देउवाले जिल्ला सभापति कोइरालाको नाम अन्तिममा कसले हटायो आफूलाई थाहा नभएको बताउनुभयो। तीनवटा क्षेत्र रहेको बाँकेमा कांग्रेसमा देखिएको असन्तुष्टिले केही प्रभाव पार्ने संकेत देखिएको छ। तत्कालीन पार्टी सभापति सुशील कोइरालाले चुनाव लड्दै आएको नेपालगन्ज क्षेत्र राप्रपालाई दिनु, क्षेत्र नं. ३ को 'ख'मा फरक ठाउँबाट सिफारिस भएका व्यक्तिलाई पठाएको भन्दै कार्यकर्ताहरू आक्रोशित बनेका छन्।

# खुकुरी हानी ३ को हत्या

हेटौंडा, (नेस)

एक व्यक्तिले अन्धाधुन्ध खुकुरी चलाउँदा तीन छिमेकीको ज्यान गएको छ। मकवानपुरको मनहरि गाउँपालिका-७, बिजौनामा खुकुरी प्रहारका कारण स्थानीय ५२ वर्षीय सीताराम धिताल, उनका छोरा १३ वर्षीय सुदीप र झाँक्री बुढा भनेर चिनिने करिब ६० वर्षीय जितबहादुर ब्लोनको मृत्यु भएको हो।

मंगलबार साँझ करिब साढे ५ बजे स्थानीय सुमन बराइलीले एकाएक खुकुरी प्रहार गरेको प्रहरीले जनाएको छ। बराइलीले अन्धाधुन्ध आक्रमण गर्दा घाइते भएका सीतारामको मनहरि स्वास्थ्य केन्द्रमा र सुदीप र ब्लोनको उपचारका क्रममा भरतपुरस्थित सरकारी अस्पतालमा साँझ करिब पौने ७ बजे मृत घोषित गरिएको प्रहरीले बताएको छ।

बराइलीले छिमेकीहरूको किन हत्या गरे भन्ने अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय मनहरिले जानकारी दिएको छ। आक्रमणकारी बराइलीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# सिंहदरबारभित्रै कर्मचारी बेरोजगार

मधुसूदन रायमाझी, काठमाडौं

सिंहदरबारभित्र रहेका सबै मन्त्रालयमा कार्यालय समयमा भिडभाड हुने गर्छ। तर सिंहदरबार यस्तो पनि मन्त्रालय छ जहाँ न सेवाग्राही जान्छन् न कर्मचारी नै कार्यालयमा बस्छन्। शान्ति प्रक्रिया शुरू भएपछि स्थापना भएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा अहिले हाई काढेर कर्मचारीहरूले दिन बिताउने गरेका छन्।

कार्यालय समयमा आएर हाजिर गर्ने र कार्यालयको कामभन्दा पनि व्यक्तिगत काममा कर्मचारीहरू दौडने गरेका छन्। यस आर्थिक वर्षदेखि शान्ति मन्त्रालयले गर्दै आएको कामको बजेट कटौती भएपछि मन्त्रालयका कर्मचारी बेरोजगार भएका हुन्। शान्ति तथा पुनर्निर्माण मन्त्रालयको जिम्मेवारी पनि प्रधानमन्त्री शेरबहादुर देउवाले नै सम्हाल्दै आउनुभएको छ। मन्त्री कार्यालयमा अनुपस्थित हुँदा कतिपय निर्णयसमेत प्रभावित भएको बताइएको छ।

नयाँ संरचनाअनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालय मर्ज हुने भएपछि मन्त्रालय मातहत हुने योजना कार्यान्वयनको कामसमेत प्रभावित हुने गरेको छ। मन्त्रालयमा रहेका पहुँचवाला कर्मचारीहरू काज मिलाएर अन्य मन्त्रालयमा काम गर्दै आएका छन्।

मन्त्रालयअन्तर्गत हुने शान्तिका लागि विकास कार्यक्रम यस आर्थिक वर्षदेखि बजेटबाट हटाएपछि मन्त्रालयसँग धेरै योजना नभएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयका प्रवक्ता रामप्रसाद भट्टराई बताउनुहुन्छ। मन्त्रालयमार्फत रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता खोजबिन आयोग, शान्ति कोषको सचिवाल र पुनर्निर्माण परियोजनाका लागि सरकारले १ अर्ब ७३ करोड २५ लाख रुपियाँ बजेट छुट्याएको छ।

मन्त्रालयअन्तर्गत हुने योजना कार्यान्वयन गर्न मन्त्रालयका सचिव जगेन्द्र ठाकुरले सक्रियता नदेखाउँदा धेरै योजना अगाडि बढ्न नसकेको मन्त्रालयका एक कर्मचारी बताउँछन्।

(क्रमशः पृष्ठ ९ मा)

# पाटन औद्योगिक क्षेत्रमा भीषण आगलागी

नेपाल समाचारपत्र

ललितपुर

ललितपुरस्थित पाटन औद्योगिक क्षेत्रमा भीषण आगलागी भएको छ।

औद्योगिक क्षेत्रभित्र रहेको आनन्द प्लास्टिक उद्योगमा मंगलबार साँझ भीषण आगलागी भएको थियो।

महानगरीय प्रहरी परिसर ललितपुरका प्रवक्ता डीएसपी नरेन्द्र चन्दले दिनुभएको जानकारीअनुसार साँझ करिब साढे ६ बजेतिर आगलागी शुरू भएको थियो। उहाँका अनुसार विद्युत् सर्ट भएर आगलागी भएको थियो।

आगलागीबाट करोडौंको क्षति भएको प्रहरीले जानकारी दिएको छ।

तस्वीर : उज्जोल डंगोल/ललितपुर



आगो निभाउन काठमाडौं उपत्यकाका सबै दमकल परिचालन गरिएको थियो। आगो नियन्त्रणभन्दा बाहिर गएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको विपत् व्यवस्थापनमा खटिएका टोलीलाई समेत आगलागी भएको ठाउँमा परिचालन गरिएको छ।

यो समाचार तयार पार्दासम्म आगो नियन्त्रणमा आउन सकेको छैन। आगलागीबाट कुनै मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ।






प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष

## मतदाता जोड-घटाउ गर्दै 'घरखेत' मा उम्मेदवार

# गठबन्धनलाई मत जोगाउन हम्मे-हम्मे





मोतीराम तिमल्सिना, काभ्रे

दुई वटा प्रतिनिधिसभा र चार वटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेको काभ्रेपलाञ्चोक जिल्लामा उम्मेदवारी दर्तासँगै चुनावी माहोल हवात्तै बढेको छ। उम्मेदवारहरु मतदाताको घरदैलोमा तालिका बनाएरै पुग्न थालेका छन्।

२०४८ र २०५१ सालको आम निर्वाचनमा वामपन्थी किल्लाका रूपमा चिनिएको काभ्रेपलाञ्चोक जिल्लामा २०५६ सालमा पहिलोपटक नेपाली कांग्रेसले दुई सिट विजय हासिल गरेको थियो। कांग्रेसका राजेन्द्र खरेल र शिव हुमागाईं सांसद भए भने तीनवटै निर्वाचन क्षेत्रमा विजय हासिल गरेको नेकपा एमालेले एक सिटमा चित्त बुझायो। २०४८ सालमा वाम मोर्चासँग तालमेल गरेको नेकपा एमाले २०६४ सालमा दोस्रो पार्टी बन्न पुग्यो। ४ वटा निर्वाचन क्षेत्र रहेको काभ्रेपलाञ्चोक जिल्लामा तत्कालीन नेकपा माओवादीले ३ वटा निर्वाचन क्षेत्रमा विजय हासिल गर्‍यो। नेपाली कांग्रेस शून्य भयो। नेकपा एमालेले बाग्मती अञ्चलभित्र काभ्रेको निर्वाचन क्षेत्र नम्बर ३ मा विजय हासिल गरेर चर्चा कमायो। तर, समानुपातिक मतमा माओवादी पहिलो, एमाले दोस्रो र नेपाली कांग्रेस तेस्रो भए।

२०७० सालको संविधानसभा निर्वाचनमा समानुपातिक निर्वाचनमा एमाले पहिलो भयो। ४ वटा निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसले २ वटा र एमालेले २ वटा निर्वाचन क्षेत्रमा विजय हासिल गरे। नेपाली कांग्रेस मतका आधारमा दोस्रो भयो। २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसले १३ मध्ये ४ वटा स्थानीय तहमा विजय हासिल गर्‍यो भने नेकपा एमालेले ५ नगरपालिकासहित ७ वटा स्थानीय तहमा विजय हासिल गरेको थियो। नेकपा माओवादी केन्द्रले २ वटा स्थानीय तहमा विजय हासिल गर्‍यो। यो मत परिणामअनुसार एमाले पहिलो, नेपाली कांग्रेस दोस्रो र नेकपा माओवादी केन्द्र तेस्रो बन्यो। न्यून मतले एमालेले पाँचखाल र तेमाल नगरपालिकामा पराजय ब्यहोर्नुपर्‍यो भने बेथाञ्चोक गाउँपालिकाम एमाले निल बन्यो। माओवादी केन्द्रले दलित महिला सदस्य एक जना विजयी गराएर निल हुनबाट बच्यो। एमाले एक्लैले ६८ हजार ६ सय ४७ मत प्राप्त गरेको थियो भने नेपाली कांग्रेसले ६३ हजार १ सय ३९ मत प्राप्त गरेको थियो। माओवादी केन्द्रले ३० हजार ४ सय ४८ मत प्राप्त गरेको थियो। वाम गठबन्धनका बारेमा दुवैको मत जोड्दा वाम गठबन्धन झण्डै ३६ हजार मतले अगाडि छ। नयाँ मतदाता ३० हजारभन्दा धेरै थपिएका छन्। उनीहरुको मतको विश्लेषण दलहरुले गर्न सकेका छैनन्।

### घरखेतमा उम्मेदवार

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा ६७हजार ८ सय ९९ पुरुष, ६५ हजार ८ सय ७५ महिला गरी १ लाख ३३ हजार ७ सय ५५ रहेका छन्। गठबन्धनका तर्फबाट नेकपा माओवादी केन्द्रका गंगाबहादुर दोङ बमध्वज र नेपाली कांग्रेसका तीर्थ लामाबीच प्रतिस्पर्धा हुनेछ। उनीहरुलगायत १५ जनाको उम्मेदवारी क्षेत्र नम्बर १ मा दर्ता भएको छ। एजेन्डा बोकेर सबै उम्मेदवार घर-घर पुगेका छन्।

प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा ६८ हजार ९ सय ९० पुरुष र ६९ हजार ५ सय २२ महिला गरी १ लाख ३८ हजार ५ सय १२ मतदाता रहेका छन्। गठबन्धनबाट एमालेका गोकुल बास्कोटा र नेपाली कांग्रेसका मधु आचार्य प्रतिस्पर्धामा छन्। अघिल्लोपटक कांग्रेसका कञ्चनचन्द्र वादेबाट पराजित वादे योपटक गठबन्धन बलियो भएसँगै बास्कोटालाई वाकओभर दिएर प्रदेशतिर झरेका छन्। उनका प्रतिस्पर्धी गठबन्धनका तर्फबाट एमालेका वसुन्धरा हुमागाईं उम्मेदवार छन्। हुमागाईं पूर्वगाविस अध्यक्ष हुन् भने वादे पूर्वराज्यमन्त्री। बास्कोटा र आचार्यको प्रतिस्पर्धामा बास्कोटा मत र प्रभावका हिसावले अघि देखिएका छन्। सोही क्षेत्रमा नेपाली कांग्रेसका सुन्दरमणि आचार्य र एमालेका लक्ष्मण लम्सालबीच प्रतिस्पर्धा हुनेछ। नेपाली कांग्रेसले प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ प्रति आशा गरेको छ। सोही क्षेत्रमा तीर्थ लामा र प्रदेशमा चर्चित डन गुन्डा नाइके गणेश लामा र कान्तिपुर सहकारीका अध्यक्ष सीबी लामा उम्मेदवार छन्। गठबन्धनका तर्फबाट रत्न ढकाल र निर्माण व्यवसायी संघका अध्यक्ष तथा युवा संघका केन्द्रीय उपाध्यक्ष चन्द्र लामा प्रतिस्पर्धी छन्।

### मतको जोड-घटाउ

वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट पहिलो शक्ति बनेको नेकपा एमाले र नेकपा माओवादी केन्द्रसँगै थपिएको राष्ट्रिय जनमोर्चाले काभ्रेपलाञ्चोक जिल्लालाई वामशक्तिको किल्ला बनाउने उद्घोष गरेको छ। नेपाली कांग्रेसलगायतका दलहरु किल्ला भत्काउने अभियानमा छन्। एमालेले स्थानीय तहको निर्वाचनमा ३ सय ३१ सिट प्राप्त गरेको छ भने तेस्रो शक्तिका रूपमा रहेको नेकपा माओवादीले १३ वटा स्थानी तहमा १ सय २७ सिट प्राप्त गरेको छ। एमाले र माओवादी केन्द्रको जम्मा सिट ४ सय ५८ पुग्यो। दोस्रो भएको नेपाली कांग्रेसले २ सय २२ सिट प्राप्त गरेको छ। स्थानीय तहमा प्राप्त मतमध्ये सबैभन्दा धेरै नेकपा एमालेले प्राप्त गरेको थियो।

एमालेले जिल्लामा ६८ हजार ६ सय ४७ मत प्राप्त गर्‍यो भने नेकपा माओवादी केन्द्रले ३० हजार ४ सय ४८ मत प्राप्त गरेको थियो। त्यस्तै नेपाली कांग्रेसले ६३ हजार १ सय ३९ मत प्राप्त गरेको थियो। वामपन्थी तालेमलमा दुई दलको मत जोड्दा ९९ हजार ९५ मत हुन जान्छ। जनमोर्चा नेपालको मत अझै जोडिएको छैन। नयाँ मतदातासमेतको मत जोड्दा वाम गठबन्धनमा झन्डै सवा लाख मत खस्ने अनुमान गरिन्छ।

नेपाली कांग्रेसको ६३ हजार १ सय ३९ मत प्राप्त गरेको छ। केही मत नयाँ थपिँदा र फोरम, राप्रपालगायतका दलहरुले मत दिँदा नेपाली कांग्रेसले पनि झन्डै ७५ हजार मत पुर्‍याउने अनुमान गरिएको छ। वाम गठबन्धनभित्र खटपट भएन र अन्तरघात नहुँदा ४० हजार मत फरक पर्ने अनुमान गरिएको छ।

### मतदाता थपिए

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि जिल्लामा २ लाख ७२ हजार २ सय ८७ मतदाताले मतदान गर्न पाउने भएका छन्। यो संख्या स्थानीय तहको निर्वाचनभन्दा ४१ हजार ४ सय ३८ धेरै हो। जिल्लामा रहेका कुल मतदातामध्ये महिला १ लाख ३५ हजार ३ सय ९७, पुरुष मतदाता १ लाख ३६ हजार ८ सय ८९ र तेस्रो लिंगी १ जना रहेका छन्। महिला मतदाताभन्दा पुरुष मतदाताको संख्या १ हजार ४ सय ९२ ले मात्रै धेरै छ। जिल्ला निर्वाचन कार्यालय काभ्रेका निर्वाचन अधिकारी मधुकर पोखरेलका अनुसार जिल्लामा फोटोसहितको मतदाता नामावलीमा फोटो खिचाउनेहरुको संख्या जिल्लाभित्रको २ लाख ७१ हजार ८ सय ४१, जिल्लाबाहिरको ८ सय ४० रहेको थियो। स्थानीय तहको निर्वाचनमा २ लाख ३० हजार ८ सय ४९ मतदाताको नामावली प्रकाशन भएको थियो। प्रतिनिधिसभाका लागि दुई वटा मात्रै निर्वाचन क्षेत्र रहेको काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा धेरै मतदाता दुई नम्बर क्षेत्रमा रहेको छ। जसमा ६८ हजार ९ सय ९० पुरुष, ६९ हजार ५ सय २२ महिला मतदाता रहेका छन्। जम्मा मतदाताको संख्या १ लाख ३८ हजार ५ सय १२ रहेको छ। क्षेत्र नम्बर १ मा ६७ हजार ८ सय ९९ पुरुष, ६५ हजार ८ सय ७५ महिला गरी १ लाख ३३ हजार ७ सय ५५ जना मतदाता रहेका छन्।

प्रदेशसभामा सबैभन्दा धेरै पुरुष ३५ हजार १ सय ४४, महिला ३६ हजार १ सय ६८ गरी जम्मा मतदाता ७१ हजार ३ सय १२ रहेका छन्। सबैभन्दा कम क्षेत्र नम्बर १ मा पुरुष ३४ हजार २४, महिला ३२ हजार २ सय ५९ गरी जम्मा मतदाता ६६ हजार २ सय ८३ रहेका छन्। क्षेत्र नम्बर २ मा पुरुष ३३ हजार ८ सय ७५, महिला ३३ हजार ६ सय १६, तेस्रोलिंगी १ गरी जम्मा मतदाता ६७ हजार ४ सय ९२ जना रहेका छन्। क्षेत्र नम्बर ३ मा पुरुष ३३ हजार ८ सय ४६, महिला ३३ हजार ३ सय ५४ गरी जम्मा मतदाता ६७ हजार २ सय रहेका छन्।



## इसाई धर्मावलम्बीको मत सुरक्षित गर्दै राजपाका उम्मेदवार

तराई केन्द्रित राष्ट्रिय जनता पार्टी (राजपा) का प्रतिनिधिसभातर्फ काभ्रे क्षेत्र नम्बर २ का उम्मेदवार प्रदीपकुमार प्रजापति इसाई धर्मालम्बीको मत सुरक्षित गर्न लागिपरेका छन्।

बनेपा जागृति मण्डलीका पास्टर तथा काभ्रे इसाई समाजका सदस्य प्रजापति आफ्नो क्षेत्रमा मात्र संगठितरूपमा ८८ वटा चर्च रहेको र यी चर्चहरुमा १० हजारभन्दा बढी विश्वासी रहेको भन्दै आफू इसाई धर्मावलम्बीको मत सुरक्षित गर्न लागेको बताउनुभएको छ। काभ्रे जिल्लाभरि कुल १ सय २२ वटा चर्च रहे पनि आफ्नो क्षेत्रमा ८८ वटा संगठित र संगठित हुन बाँकी ७ वटा गरी ९५ वटा चर्च रहेको उहाँको भनाइ थियो।



काभ्रे क्षेत्र नम्बर २ अन्तर्गत बनेपा नगरपालिका, धुलिखेल नगरपालिका वडा नम्बर १ देखि ७ सम्म, पाँचखाल नगरपालिका, पनौती नगरपालिकाको वडा नं. १, २, ३, ११ र १२, मण्डन देउपुर नगरपालिका, बेथानचोक गाउँपालिकाको वडा नं. १ देख ५ र ७ देखि ११ तथा भुम्लु गाउँपालिका परेको छ। जसमध्ये बनेपामा २४ वटा चर्च छन् भने धुलिखेलमा ८ वटा, पाँचखालमा १५ वटा, पनौतीमा ६ वटा, मण्डनदेउपुरमा १५ वटा, बेथानचोकमा १० वटा र भुम्लुमा १० वटा चर्च रहेको छ।

प्रजापति सदस्य रहेको काभ्रे इसाई समाजअन्तर्गत पनि छुट्टै १९ वटा चर्च रहेको राजपाका उम्मेदवार प्रजापति बताउँछन्। काभ्रे क्षेत्र नम्बर २ मा नेपाली कांग्रेस र वाम गठबन्धनबीच नै चुनावी प्रतिस्पर्धा हुने देखिएको बेला तपाईंले चुनाव जित्ने आधार के हो भनी नेपाल समाचारपत्रले सोधेको प्रश्नमा प्रजापतिले भन्नुभयो- 'मलाई सबैभन्दा धेरै मत इसाई धर्मावलम्बीबाट नै आउँछ।' आफू बनेपाको स्थानीयबासी भएको नाताले पनि बनेपा नगरबाट पनि आफूलाई प्रयाप्त मत आउने उहाँको भनाइ थियो।

इसाई धर्मावलम्बीका लागि प्रमुख आवश्यक्ता पूरा गर्न दफन गर्ने ठाउँ (दाह संस्कार) उपलब्ध गराउनु रहेको भन्दै आफू यही एजेन्डा लिएर इसाई धर्मावलम्बीसँग मत माग्न गएको राजपा नेता प्रजापति बताउनुहुन्छ। विगत १५ वर्षदेखि आफू इसाई धर्ममा लागेको भन्दै उहाँले प्रदेश नम्बर ३ को राजधानी काभ्रेमा बनाउने र संविधानमा धर्म निरपेक्षताको शब्द हटाएर धार्मिक स्वतन्त्रता शब्द राख्ने आफ्नो लक्ष्य रहेको प्रजापतिले बताउनुभएको छ।







# शेरबहादुरको गीत सार्वजनिक

बलिउड फिल्म क्षेत्रमा समेत चर्चा कमाएका अभिनेता सुनील थापाले प्रमुख भूमिकामा अभिनय गरेको फिल्म *शेरबहादुर*मा रहेको एकमात्र गीतको भिडियो रिलिज गरिएको छ। धिराज प्रोडक्सनको ब्यानरमा बनेको फिल्मको गीति भिडियो मंगलबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच रिलिज गरिएको हो।

कोशिस क्षत्रीको शब्द र संगीतमा रहेको *कान्छा मट्याङ ट्याङ* बोलको गीतमा कोशिस क्षत्री र चर्चित गीत *ठमेल बजार*की गायिका मीना निरौलाको स्वर रहेको छ। उक्त भिडियोमा कर्मा, मेनुका निरौला र रवीन्द्र झालाई फिचरिङ गरिएको छ। फिल्मका निर्देशक आर राजवंशीले लामो समयको अन्तरालपछि आफूले राम्रो फिल्म निर्देशन गरेको दाबी गरेका छन्। उनले फिल्मको शीर्षक प्रधानमन्त्रीको नामसँग मिल्न गए पनि यसले प्रधानमन्त्रीको जीवनसँग मेल नखाने बताए। त्यस्तै कुशल छायाँकारका रूपमा स्थापित फिल्मका निर्माता गौरीशंकर धुँजुले फिल्मको सिनेमाटोग्राफी निर्देशन आफैंले गरेको हुनाले छायांकन अरूलाई गराएको प्रस्ट पारे। शेरबहादुरको भूमिकामा अभिनय गरेका अभिनेता सुनील थापाले राम्रो फिल्म बनेको चर्चा गरे।



गौरीशंकर धुँजुका साथमा धिराज राजवंशीले निर्माण गरेको फिल्मको कथा प्रमोद क्षत्रीले लेखेका हुन्। वसन्त श्रेष्ठको नृत्य निर्देशन, निमेश श्रेष्ठको सम्पादन रहेको फिल्ममा कोशिस क्षत्रीको संगीत र शब्द रहेको छ। एक अवकाश प्राप्त आर्मीको कथामा आधारित फिल्मलाई दीर्घ गुरुङले खिचेका हुन्। आगामी माघ १९ गते फिल्मको रिलिज मिति तोकिएको छ।

# जेनी मिस लिटिल नेवाः

भक्तपुरकी १३ वर्षीया जेनी मानन्धर *मिस लिटिल नेवाः २०१७* चुनिएकी छिन्। सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा सम्पन्न प्रतियोगितामा ३० जना प्रतिस्पर्धीलाई उछिन्दै जेनीले प्रमुख उपाधिका साथ नगद १० हजार प्राप्त गरेकी छिन्।

नेप्लिज फेसन होमले आयोजना गरेको ११औं संस्करणको प्रतियोगितामा भक्तपुरकै रोजा प्रजापति *फस्ट* तथा लगनकी सियोन डंगोल *सेकेन्ड रनर्सअप* भइन्। नेवार समुदायका ९ देखि १३ वर्ष उमेर समूहका बालिका तथा किशोरीले प्रतिस्पर्धा गरेको प्रतियोगितामा सिजल महर्जन *मिस ट्यालेन्ट*, रिधाना श्रेष्ठ *सोसल वेलफेयर एम्बेसडर*, आइशा श्रेष्ठ *बेस्ट ड्रेस*, श्रीजिका श्रेष्ठ *मिस डिसिप्लिन*, सगुन श्रेष्ठ *बेस्ट स्किन*, स्नेहा ताम्राकार *बेस्ट हेयर*, पूर्वा प्रधान मिस चार्मिङ, शिल्पी व्रजाचार्य *बेस्ट स्माइल*, रुनिषा पुजारी *मिस क्युट*, ओशिन महर्जन *मिस फोटोजेनिक* र स्मृति खड्गी मिस फ्रेन्डसिप भए। प्रतियोगिताको क्रममा प्रतिस्पर्धीहरुले डिजाइनरद्वय प्रज्वल श्रेष्ठ तथा सरिता महर्जनले तयार पारेका पहिरन प्रदर्शन गरेका थिए ।

प्रतियोगितामा पूर्व*मिस नेवाः*हरू एलिशा व्रजाचार्य, सुदिना श्रेष्ठ, इशु श्रेष्ठ, सौन्दर्यकर्मी सुष्मा महरा, गायक निर्णय श्रेष्ठ, प्रदीपमान प्रधान तथा त्रिलोचन श्रेष्ठ निर्णायक रहेका थिए भने नेपा डान्स एकेडेमीका कलाकारले आकर्षक नृत्य प्रस्तत गरेका थिए।



# तामाङ फिल्म डीभीडीमा

भक्तपुर, (नेस)। तामाङ फिल्म *म्लाङ प्वाँहार* अर्थात् कालो अरिंगालको डीभीडी सार्वजनिक गरिएको छ। फिल्म निर्माण पक्षले रफत सञ्चार क्लबमा एक कार्यक्रमको आयोजना गरी उक्त डीभीडी सार्वजनिक गरेको हो।

*जहाँ तामाङ, त्यहाँ तामाङ चलचित्र* भन्ने अभियानका रूपमा फिल्मलाई डीभीडीमा ल्याउनुपरेको फिल्मका निर्माता बिकु थोकरले बताए। देशका १४ जिल्लाको ३५ ठाउँमा १० वर्षको बालकदेखि ७० वर्षको बूढाबूढीलाई एकैठाउँमा जम्मा गरेर प्रोजेक्टरमार्फत करिब १ लाख दर्शक बराबरको सहभागितामा फिल्मको विशेष शो गरिएको थियो। यो फिल्म केही महिनाभित्रै युटुवमार्फत देश-विदेशका नेपाली माझ लैजाने तयारी पनि भइरहेको निर्माता थोकरले जानकारी दिए। अभियानमा संकलन भएको करिब १५ लाखभन्दा बढी रकम शिक्षा, गुम्बा मठ-मन्दिर र स्वास्थ्यलगायतका सामाजिक क्षेत्रमा लगाइएको छ। अहिलेसम्म निर्माण भएका तामाङ फिल्ममध्ये उच्च प्रविधि र ठूलो लगानीमा निर्माण भएको यो पहिलो र उत्कृष्ट तामाङ फिल्म *आदिवासी जनजाति चलचित्र महोत्सव*मा उत्कृष्ट टप ५ मा पर्न सफल भएको थियो। २५ लाख रुपियाँको लागतमा निर्माण सम्पन्न भएको फिल्ममा समाजका गरिब, निमुखा, विपन्न र उत्पीडनमा परेका वर्गमाथि पुँजीपतिवर्गले गरेको अन्याय, अत्याचार र शोषणविरुद्ध आवाज उठाएको छ। कार्यक्रममा लामागुरु लाक्पा दोर्जे तामाङले *म्लाङ प्वाँहार*को डीभीडी सार्वजनिक गर्दै आर्थिक अभावका कारण तामाङ फिल्म निर्माण हुन नसकेको अवस्थामा यो फिल्मले आर्थिक लाभ पनि गर्न सफल भएको बताए। फिल्ममा जगे लोप्चन, सुनीता लुङ्बा, बिकु थोकर, सृजना तामाङ, सुष्मा मुक्तान, सफल दोङलगायतका कलाकारले अभिनय गरेका छन्। थोकर फिल्म्स प्रालीको ब्यानरमा बनेको फिल्म शंकर मर्हजनले निर्देशन गरेका छन्। यसमा संगित बिशाल कल्ताङ र विशाल थिङ, रचनाकुमार श्याङ्बा, कथा रितुराज पार्खिन र नृत्य निर्देशन अजय श्याङ्तानले गरेका छन्।

# भिडियोमा कालो कपाल

गायक सुरज श्रेष्ठले नयाँ गीत *कालो कपाल* म्युजिक भिडियोसहित सार्वजनिक गरेका छन्। २०६१ सालदेखि संगीतको औपचारिक अध्ययन प्रारम्भ गरेका गायक श्रेष्ठको *कालो कपाल* बोलको गीतको म्युजिक भिडियोले कम समयमै दर्शकको मन जितेको छ।

विपीन मर्मका शब्द तथा गायक उदेश श्रेष्ठको संगीतको उक्त पपगीतको म्युजिक भिडियो विभोर पोखरेलले निर्देशन गरेका हुन्। गीतमा उदेश श्रेष्ठकै संगीत संयोजन छ। रोशन श्रेष्ठद्वारा छायांकन गरिएको म्युजिक भिडियोमा निशान्त र सोनाले अभिनय गरेका छन्। सतिज श्रेष्ठ उक्त भिडियोका सम्पादक हुन्। एसियन म्युजिकको युट्युब च्यानलबाट सार्वजनिक भएको म्युजिक भिडियोमा किशन भुसालको कोरियोग्राफी छ।



# पुरुषोत्तम र सबिना टप मोडल



फेसन संसार डट कमको आयोजनामा सम्पन्न *टप मोडल २०१७* पुरुषोत्तम मलिक र सविना भण्डारी विजेता भएका छन्।

प्रतियोगितामा पुरुषतर्फ विकल्प शर्मा *फस्ट* र गणेश चन्द *सेकेन्ड रनर्सअप* तथा महिलातर्फ रञ्जिता भट्टराई र संगीता थापा *सेकेन्ड रनर्सअप* भएका थिए। प्रतियोगितामा सञ्चारकर्मी सूर्य चन्द, मोडल तथा नायिका खुश्बु खड्का, इभेन्ट अर्गानाइजर निशु झा, नायिका नम्रता झा र कलाकार अजय पोखरेल अज्जु निर्णायक रहेका थिए। प्रतियोगिताको कोरियोग्राफी अज्जु मन्सुरले गरेका थिए। कार्यक्रमको सञ्चालन आश्विनी झा र सन्नी निधिले गरेका थिए।



# विचार

मैले जे चाहें त्यो पाएँ, तर त्यसको लागि मैले के-के गर्नुपऱ्यो ? त्यो केवल मलाई मात्र थाहा छ। मेरो जीवन यसको प्रमाण हो।

- रुजबेल्ट

आफूलाई बदल्न सक्ने तागत नै संसार बदल्न सक्ने तागत हो।

- अनवर सादत

## सम्पादकीय

नेपाल समाचारपत्र

# वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर

स्वदेशमा राजेगारीको अवसर नभएपछि लाखौं युवायुवती वैदेशिक रोजगारीमा जान बाध्य भएका छन् । वैदेशिक रोजगारीमा जाने युवाहरु विदेशमा मात्र होइन, स्वदेशमै पनि बढी गठिने गरेको गुनासो छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नै वैदेशिक रोजगारीमा जानेहरुबाट करोडौंको ठगी हुने गरेको छ । सो तथ्याङ्कअनुसार चालू आर्थिक वर्षको पहिलो तीन महिनाको अवधिमा २६ करोड रुपियाँभन्दा बढी ठगी भएको पाइएको छ । तीन महिनाको अवधिमा व्यक्तिगत र संस्थागतरुपमा ५ सय ५० ठगीको उजुरी परेको छ ।

नेपाली कामदारलाई विदेश पठाउन लाइसेन्स होल्डर वैदेशिक रोजगार कम्पनी, एजेन्ट, कन्सल्टेन्सीलगायत अन्य विभिन्न व्यक्तिगत माध्यमबाट ठगी हुने गरेका घटना नौला होइनन् । वैदेशिक रोजगारीमा जानेहरु स्वदेशमा नै म्यानपावर कम्पनी, एजेन्टबाट दैनिक गठिँदै आएका छन् । वैदेशिक रोजगारीमा जानेहरुमा चेतनाको अभावका कारण पनि सरकारले तोकेको मापदण्डभन्दा दोब्बर रुपियाँ लिएर ठगी हुने गरेको छ । यहाँ कम्पनीले एउटा काम तोक्ने तर विदेशमा पुगेपछि कठिन काम गर्न बाध्य बनाउने गरेको छ । पैसा लिएर पनि विदेशमा अलपत्र पार्ने मेनपावर कम्पनीहरु थुप्रै छन् । सरकारले तोकेको मापदण्डअनुसार पैसा तिरेको कागज बनाउने तर मापदण्ड विपरीत १० गुणसम्म पैसा लिने गर्दा गठिनेहरु थप पीडित हुने गरेका छन् । वैदेशिक रोजगारीमा अलपत्र परेर स्वदेश फर्किंदा पनि आफूले तिरेको पैसाको प्रमाण नहुँदा फिर्ता लिन कठिन हुने गरेको छ ।

संस्थागत ठगीको तुलनामा व्यक्तिगतरुपमा हुने ठगी साढे दुई गुणा बढी छ । पहिलो तीन महिनामा व्यक्तिगतरुपमा १८ करोड ५४ लाख ३२ हजार ७ सय ९१ रुपियाँ ठगी भएकोमा संस्थागतरुपमा ठगीविरुद्ध ७ करोड ६६ लाख ५७ हजार ३ सय ९१ रुपियाँ आर्थिक नोक्सानी भएको तथ्याङ्क छ । महँगो ब्याजमा ऋण काढेर वैदेशिक रोजगारीमा जाने र भनेजस्तो काम नहुँदा अलपत्र हुनेको संख्या पनि ठूलै छ । खाडी मुलुकमा वैदेशिक रोजगारीमा जानेभन्दा युरोपलगायतका अन्य देशमा जानेहरु बढी ठगीमा पर्ने देखिएको छ । लाखौं रुपियाँ बुझाएर ठूलो देश जाने सपनाको कारण हजारौं युवाहरु दलालमार्फत ठगिँदै आएका छन् । यस्ता मामिलामा दलालले लिएको रकम उठाउन झन् कठिन हुने देखिएको छ । संस्थागतभन्दा पनि व्यक्तिगत उजुरी मिलाउन कठिन देखिएको विभागले बताउँदै आएको छ । यस परिस्थितिमा सरकारले वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्न ध्यान दिनै पर्छ । वैदेशिक रोजगारीमा जानेहरु पनि सचेत भएर मात्र वैदेशिक रोजगारीमा जानुपर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# गरिब देशमा चुनाव आशाको केन्द्र



पेशल आचार्य

'नेपालमा चुनाव नै सबै समस्याको समाधान हो' भन्ने दृढ मानसिकता अहिले नेता, कार्यकर्ता र जनतामा रहेको देखिन्छ। आसन्न चुनावले प्रदेश र केन्द्रीय संसद्का प्रत्यक्ष र समानुपातिकतर्फका सदस्यहरूको निर्वाचनका माध्यमबाट छनोट गर्ने भएकाले स्थानीय तहको निर्वाचनमा पार्टीहरूले पाएको मतलाई केन्द्रमा राखेर जोड, घटाउ, गुणन र भाग गरी दर्ता भएका सबै पार्टीहरू चुनावमा होमिए। तर परिणाम हात नपर्दासम्म कसले कति संख्यामा जित्ने हुन्, त्यो यसै भन्न सकिने स्थिति छैन।

'गरिब देशको चुनाव र जूवाको खाल एकै हो।' बौद्धिकहरू यसरी पनि विश्लेषण गर्दै छन्। जहाँ जित्ने भनिएको मानिस कहिले हार्छ र हार्ने भनिएको मानिसले कहिलेकाहीँ जित्छ। हिजोको जमानाका जनता अहिले छैनन्। सबैमा परिवर्तन आएको छ। बुद्धिको विकास भएको छ। अहिले जनता जनार्दन भएका छन्। तिनीहरू आफ्नो मताधिकारको भरपूर प्रयोग गर्न सक्षम छन्। गाउँ-ठाउँ र कुनाकाप्चामा समेत अहिले सूचना क्रान्तिले उभार ल्याएको जमाना छ। वैदेशिक रोगजार, रेडियो, टेलिभिजन र एफएमका माध्यमले मानिसमा चेतनाको घाम लागिसकेको छ। कुन पार्टी ठीक र कुन बेठीक भन्ने कुरा अहिले कसैले कसैलाई बुझाउनुपर्दैन। दिन दुगुना रात चौगुना नेपाली जनताको मानसिकतामा अकाशिँदो परिवर्तन भैसकेको छ।

एकातिर वाम गठबन्धन र अर्कातिर लोकतान्त्रिक गठबन्धनले मुलुकलाई सोझोरूपमा दुई ध्रुवमा विभाजित गरेको छ। समाजवादको हौवा दिएर वाम गठबन्धनमा लाग्नेहरूले देशैभरि चर्को कुरा गरिरहेका छन् भने सो तर्कका विपक्षमा लोकतान्त्रिक गठबन्धनमा समेटिएकाहरूले सत्ताकब्जाको वैधानिकरूपको विरोध पनि गरिरहेका छन्। आगे आगे देखो होता है क्या ? भन्ने हिन्दी उखानको सार्थकता तबसम्म हुँदैन जबसम्म चुनावी परिणाम जनताका सामु आउँदैन।

यसका पनि फाइदा र बेफाइदा दुवै चित्र रहेका छन्। फाइदा यस मानेमा छ कि अब नेपालमा साना र खुजुरे पार्टीहरूको राजनीति लगभग समाप्त हुन्छ। मुलुकमा एक चुनावमा एउटा गठबन्धनले बहुमत प्राप्त गरेर पाँच वर्षसम्म शासन गर्ने मौका पाउँछ भने अर्को गठबन्धन प्रतिपक्षमा बस्नुपर्ने हुन्छ। गुण र दोषका आधारमा मतदाताले आफूलाई मन पर्ने पार्टीमा मतदान गर्न पाउनेछन्। विदेशतिर पनि यस्तै प्रकारको राजनीति चलायमान हुन्छ। यहाँ धेरै पार्टी भएरै जनताले यति विधि दुःख पाएका हुन्। गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षाका लागि रातदिन चिन्तित जनतालाई चुनावमा हुने रौसे भाषण, विकासका हावा पुरिया, बलियाबाङ्गाको राइँदाइँ पटक्कै मन पर्दैन।

त्यो कुरा उनीहरूले चुनावी मतपत्रहरूमा देखाएका प्रतिक्रियाले पनि स्पष्ट पार्दछन्। नेतालाई करेक्सन गर्ने माध्यम भनेकै चुनाव हो र त्यो आवधिक हुनुपर्छ। नेतालाई फाल्ने र स्थापित गर्ने काम पनि चुनावले गर्छ। अहिले नेपालमा चुनावी माहौल एकप्रकारले पर्वजस्तै भएको छ। स्थानीय तहको चुनाव पहिलोचोटि भयो। जसले स्थानीय तहमा जनताले आफ्ना प्रतिनिधि पाए। कामकाज सहज हुन्छ भन्ने मानसिकता बलियो भयो। तर सोचे जति परिणति अझै प्राप्त भएको छैन। स्थानीय तहमा कर्मचारी व्यवस्थापन अहिले ठूलो चुनौती भएर गएको छ।

बलशाली, वैभवशाली र कार्यकर्ता पङ्क्ति दह्रो भएको एमालेसँग माओवादीको चुनावी गठबन्धनको कुरा मिलेपछि भने कांग्रेस एकप्रकारले देशव्यापीरूपमा हतास भएको अवस्था देखिन्छ। उसले एमाले र माओवादीको चुनावी गठबन्धनबाट आफ्नो पक्षमा नतिजा फुत्काउनका लागि अहोरात्र कसरत र अनेक राजनीतिक तिकडमबाजी गर्नुपर्ने देखिएको छ। कांग्रेसमै पनि देखिएको उम्मेदवारी मनोनयनको खिचलो र दुई ठूला वाम दलहरूको चुनावी गठजोडले गर्दा साना र वामपन्थमा झुकाव राख्ने दलहरूको पनि चुनावी समीकरण वामतर्फ घनिभूतरूपमा देखिएकाले अहिलेको चुनाव २०५४ सालको वामदेव गृहमन्त्री भएका बेला भएको स्थानीय चुनावजस्तो नहोला भन्न सकिने स्थिति छैन। कांग्रेस लोकतन्त्रमा विश्वास राख्ने पार्टी हो। उसले पनि विगतमा लामो समयसम्म चुनाव र सत्ता साझेदारीमा देश सञ्चालनको अख्तियारी पाएको हो।

उसले आफ्ना शासनावस्था क्रियाशील भएका अवस्थामा देश र जनताका लागि गरेका सुकार्यहरू प्रभावकारी र देखाउन सक्ने गरी भएका छन्। तिनीहरूलाई अबको चुनावमा क्यास गर्न सक्नुपर्नेछ। कांग्रेसी नेताहरूमा चुनावी एजेन्डा तय गर्ने मामलामा केही कमी कमजोरी भएका छन्। राजनीतिकरूपमा उसले भने जति एजेन्डाको तय गर्न नसक्नुका पछि उसका कार्यकर्तामा छाएको निराशा नै हो।

भूकम्प पुनर्निर्माण आयोजनामा कांग्रेसका सीइँओ डा. गोविन्द पोखरेल छँदाखाँदाको सीईओ छाडेर अहिले प्युठानबाट कांग्रेसका तर्फबाट प्रत्यासी बन्दै छन्। उनले ऐनकानुनले दिएको अख्तियारी प्रयोग गरेर भूकम्पपीडितहरूलाई दोस्रो र तेस्रो किस्ता अनुदान सहयोगमा फास्ट ट्र्याकमा गएर काम गरेका भए उनी लगायत कांग्रेस पार्टी नै हाइहाइ हुने स्थिति विद्यमान थियो तर त्यो हुन सकेन। कांग्रेसले त्यसमा बुद्धि नपुऱ्याएकै हो।

वाम गठबन्धनबाट उम्मेदवारी दिएका उम्मेदवारहरूका विरुद्धमा देशैभरि उठेका विद्रोही र बागी उम्मेदवारको कडा र निर्वाचनमा वाम उम्मेदवारलाई भोट नहाल्ने स्थिति देखियो भने केही प्रभाव कांग्रेसका पक्षमा पर्ला। त्यो चुनावी रस्साकस्सी बढ्दै जाँदा देखिने कुरा हो। अहिले भने प्रजातान्त्रिक गठबन्धन केही कमजोर भएको पाइँदै छ। शहरी क्षेत्रका मतदाताहरूलाई विवेकशील साझा पार्टीका उम्मेदवारहरूले नलोभ्याऊलान् भन्न सकिँदैन। जसरी दिल्ली विधानसभाको चुनावमा एकताका अरबिन्द केजरीवालको आम आदमी पार्टीले सत्तारुढ बीजेपी र प्रतिपक्षी कांग्रेस पार्टीलाई सर्मनाक हार हराउँदै आफूले दुई तिहाइ बहुमत जितेर दिल्लीमा राज गरिरहेको स्थिति छ, त्यो अवस्थालाई नेपाली राजनीतिमा पनि विवेकशील साझा पार्टीले आक्रामकरूपका चुनावी सभा र आगामी कार्यक्रमहरूको तेरिज प्रस्तुत गरेर लैजान सक्नुपर्ने अवस्था आएको छ।

नेपालमा अहिले भएको स्थिति के हो भने, वाम गठबन्धनका नाममा जब कम्युनिस्टहरू सत्ता हत्याउने रणनीतिमा लागे, त्यसपछि कांग्रेसी वृत्तमा एकाएक खैलाबैला मच्चिएको हो। कांग्रेसले पनि विजय गच्छदार र केही खुजुरे पार्टीलाई आफ्ना साथमा चुनावमा लैजाने रणनीति बनाएको छ। गोरखाबाट नारायणकाजी श्रेष्ठ र डा. बाबुराम भट्टराईजस्ता हेभिवेटको टकराव र देशैभरि देखिएको कांग्रेस र वाम गठबन्धनमा हुने रस्साकस्सीलाई जनताले बडो रुचिका साथ हेरिरहेका छन्।

तराईमा राजपा, उपेन्द्र यादव र अन्य केही साना दलले पनि कांग्रेसका पक्षमा अभिमत राख्ने जमर्को नदेखाउने स्थिति देखिएपछि अब भने वाम गठबन्धन क्रमशः बलियो हुँदै जाने स्थिति देखियो। यो स्थितिले अब हुने चुनावमा वाम गठबन्धनले आफ्ना पक्षमा नतिजाको सोलोढोलो संख्या र प्रतिशत ल्यायो र उसले विकास निर्माणका पक्षमा लहर ल्यायो भने त्यसको राप र तापले कांग्रेसमा अझ केही वर्ष जीतको खडेरी पर्न सक्छ। हुन त देशले संघीयता कत्तिको थेग्न सक्छ या सक्दैन भन्ने स्थिति पनि विद्यमान छ।

संविधान कार्यान्वयनका सवालमा अहिले यतिखेर चुनावबाट संघीयता क्रियाशीलताका लागि वामहरू सक्रिय भएर लागेको देखियो। यो अवस्थालाई कांग्रेसले पनि आफ्नो रणनीतिलाई अझ समय सान्दर्भिक बनाएर चुनावको फेस गर्नुमा नै उसको भलाइ छ, न कि चुनावबाट भाग्ने परिस्थिति बनाउनु। सिस्टम रहिरह्यो भने चुनाव घुमिफिरि फेरि-फेरि पनि आइरहन्छ। नेताले गर्ने भनेको कुशल नेतृत्व हो। बाटो देखाउने हो। अहिलेको राजनीति आफैँमा बाटो बिराएको पथिकजस्तो भएको छ। दर्शन र विचारको राजनीतिमा खाटा बसेको छ। कहिले त्यो खाटा फुटेर फेरि घाउ बल्झिन्छ, पत्तोफाँट छैन।

जनताले अब विचार गर्नुपर्ने दिन आयो। विचारको राजनीतिलाई अझ सपाट बनाउन मतदानका बेला मतपत्र लिएर सोच्ने र आफूलाई मन परेको पार्टीलाई भन्दा व्यक्तिलाई चुन्नुपर्छ। किनकि सबै पार्टीहरू असल मानिसलाई टिकट दिनबाट चुकेकै छन्। धनवादी र डनवादीहरू चुनावमा मसिहा बनेर निस्किएकाले जनताको मन केही डराएको छ। सिस्टमलाई बचाइराख्न सकियो भने भोलि-भोलिका चुनावमा फेरि असल मानिसलाई मत हाल्न पाउने दिन पनि आउनेछन्। अहिलेको मुख्य चिन्ता भनेको सिस्टम बचाउने हो, नकि भ्रष्ट नेतालाई फेरि अकूत अधिकारसहित पाँच वर्ष शासन गर्न दिने अख्तियार दिनु हो।

धनवादी र डनवादीहरू चुनावमा मसिहा बनेर निस्किएकाले जनताको मन केही डराएको छ। सिस्टमलाई बचाइराख्न सकियो भने भोलि-भोलिका चुनावमा फेरि असल मानिसलाई मत हाल्न पाउने दिन पनि आउनेछन्। अहिलेको मुख्य चिन्ता भनेको सिस्टम बचाउने हो, नकि भ्रष्ट नेतालाई फेरि अकूत अधिकारसहित पाँच वर्ष शासन गर्न दिने अख्तियार दिनु हो।

## पाठक पत्र

### बूढीगण्डकीमा सरकारको चलखेल

सरकारले बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि चिनियाँ कम्पनी गेजुवासँग भएको समझदारीपत्र खारेज गरेसँगै इगोको राजनीति भएको प्रस्ट भएको छ। दलबीच विकासको विषयमा प्रतिस्पर्धा हुनुपर्नेमा एउटाको काम अर्को सरकारले असफल बनाउनतिर लागेको देखिन्छ। जति नै राम्रो जनताको पक्षमा भए पनि सरकारले आफ्नो सरकारका पालामा त्यसको नामोनिशान मेटाउने प्रवृत्ति वाम सरकार आए पनि, प्रजातान्त्रिक सरकार आए पनि भएको देखिएको छ। सरकारले संसदीय समितिको निर्देशनअनुसार नै सो बूढीगण्डकी जलविद्युत् आयोजनाको सम्झौता खारेज भएको जनाएको छ। १ हजार २ सय मेगावाट क्षमताको आयोजना लगानीसमेत जुटाउने सर्तमा तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले चिनियाँ कम्पनीलाई दिएको थियो। यसको काम पनि भइरहेको थियो। तर देउवा सरकारले यसलाई खारेज नै गरेको छ। उल्टै विवादित भारतीय कम्पनीको म्याद थपेको छ।

आयोजनाको काम अगाडि बढाउनका लागि भन्दै चिनियाँ कम्पनीले आयोजनास्थलमा प्राविधिक तयारीको काम गरिरहेको छ। सरकारले सो आयोजना निर्माणका लागि भन्सार विन्दुमा नै लगाएको पूर्वाधार करमार्फत हालसम्म १२ अर्ब रुपियाँ जुटिसकेको छ। चालू आवमा सो आयोजनाका लागि सरकारले १० अर्ब विनियोजन गरेको छ। चिनियाँ कम्पनीसँग बूढीगण्डकी आयोजना अगाडि बढाउने सम्बन्धमा भएको सम्झौता खारेज गरेको सरकारले दुई विवादास्पद भारतीय कम्पनीसँग भएको सम्झौताको म्याद भने थप गरेको छ। यसरी यी सबै सरकारका कदम राजनीतिक इगो रहेको देखिन्छ। माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको प्रवर्द्धक जीएमआरको म्याद ६ महिना थप भएको छ भने अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवर्द्धक सतजल विद्युत् निगमको पनि म्याद ६ महिना थप भएको छ। आफ्नो पालामा काम भएको देखाउन र अरुको काम असफल बनाउन देउवा सरकारको चलखेल भएको मेरो बुझाइ छ।

*- सुफल सञ्चार, काठमाडौं*

### शिक्षा क्षेत्रको अस्तव्यस्तता

मानिस जन्मेपछि उचित शिक्षादीक्षा प्राप्त गर्नु उसको नैसर्गिक अधिकार हो। आज यही नैसर्गिक अधिकारको प्रयोग गर्नका लागि मानिसलाई धेरै कठिन पर्न थालेको छ। राज्यले जनतालाई निःशुल्क सेवा दिन स्थापना गरेका विद्यालयहरुको व्यवस्थापन नहुँदा गरिब जनताका छोराछोरी उचित शिक्षादीक्षा प्राप्त गर्नबाट वञ्चित छन्। तर निजी विद्यालय सञ्चालन गरेर शिक्षाका नाममा जनताको ढाड सेक्ने गरी शुल्क उठाई मोजमस्ती गर्ने, शिक्षाका नाममा व्यापार गर्नेहरुलाई प्रोत्साहन मिलेको छ। केही निजी विद्यालयले मनपरि शुल्क असुल्दै आफूखुशी पाठ्यक्रम लागू गरेर पढाउने गरेका कुरा पनि सार्वजनिक भएकै छन्। यसो हुँदा पनि हाम्रो देशमा प्रशासकहरु तिनलाई कारबाही गर्ने हैसियतसम्म राख्न सक्दैनन्।

निजी विद्यालय सञ्चालन गर्न अनुमति दिने त्यही सरकारले सरकारी तलव खाने सामुदायिक विद्यालयका शिक्षकहरुलाई राजनीतिक दलहरुको झन्डामुनि रहेर राजनीति गर्न छुट दिएको मात्र छैन, सामुदायिक विद्यालयमा अध्ययन गर्ने अबोध बाबु-नानीहरुप्रति अन्याय गरेको छ। राजनीतिक दलका भ्रातृसंस्थाका नेता भनाउँदाहरुलाई यस्ता निजी विद्यालय कमाइ खाने भाँडो बनेका छन्। एउटा नारा लिएर तालाबन्दी गर्छन् अनि चन्दा पाएपछि चुप लागेर बस्छन्। सधैं मारमा पर्ने विद्यार्थी र अभिभावक नै हुन्।

शहरमा बग्रेल्ती खुलेका निजी विद्यालयको भीडमा सरकारी विद्यालयहरुको लोकप्रियता घट्दो छ। शहरका प्रायः सबै सरकारी स्कुलको अवस्था नाजुक छ। कोठाभाडामा बसेर ज्यालामजदुरी गर्ने, साहू-महाजनको घरमा नोकरचाकर बस्ने, सडकपेटीमा नाङ्ले पसल गरेर जीविका धान्ने, कलकारखाना र उद्योगमा मजदुरी गर्नेका छोराछोरी नभए उहिल्यै शहरका सरकारी विद्यालयका कक्षाकोठा बन्द भइसक्थे। सरकारी विद्यालयमा पढाउने शिक्षकहरु नै आफ्ना छोराछोरीले राम्रो शिक्षा हासिल गर्छन् भनेर निजी विद्यालयमा भर्ना गरिदिन्छन्। आफ्ना छोराछोरी निजी विद्यालयमा भर्ना गरेपछि उनीहरुलाई आफूले पढाउने विद्यालयमा काम ठग्न पनि सजिलै हुने भयो। पढाउँदा पनि ठीक, नपढाउँदा पनि ठीक। यसो भनिरहँदा धेरैलाई नमिठो पनि लाग्ला, तर वास्तविकता लुक्दैन।

यति मात्र कहाँ हो र ? सरकारी विद्यालयका शिक्षकहरु नै निजी विद्यालयको सञ्चालक बनेर व्यापार गरिरहेछन्। यसका उदाहरणहरु अनगिन्ती छन्। बिहान-बेलुका भारी बोक्ने, मजदुरी गरेर खानेसँग निजी विद्यालयमा छोराछोरी पढाउन सक्ने हैसियत हुँदैन। सरकारीमा पढाउन त्यहाँ पढाइ नै हुँदैन। आफ्ना छोराछोरीलाई शिक्षित बनाउने चाहना सबैलाई हुन्छ। उचित शिक्षादीक्षा पाउने अधिकार सबैको हुन्छ। सरकारले आधारभूत शिक्षामा सबै नागरिकको हक सुनिश्चित गर्दै कक्षा १२ सम्मको माध्यमिक शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने प्रण गरे पनि त्यो कागजमा मात्रै सीमित भएको छ। सरकारी विद्यालय र निजी विद्यालयहरुबीचको शैक्षिक गुणस्तरको अन्तर घटाइनेछ भने पनि त्यो झन् बढेर गएको छ।

विगत १० वर्षका नीति तथा कार्यक्रममा समेटिएका विषयवस्तुहरु मात्र कार्यान्वयन भएको भए पनि हाम्रो देशका् शिक्षा जगत्मा निकै उपलब्धि हुने थियो। गुणस्तरीय अत्यन्त प्रभावकारी हुनेथियो। वर्ष नपुग्दै हुने सरकार परिवर्तन र राजनीतिक दलहरुको खिचातानीले बनाइएका नीति तथा कार्यक्रम लागू गर्ने निकायहरुमा पनि प्रत्यक्ष प्रभाव पार्दछ। सरकार परिवर्तनसँगै शैक्षिक क्षेत्रसँग सम्बन्धित निकायहरुमा हुने कर्मचारीको सरुवा-बढुवाको चलखेलले त झन् शैक्षिक क्षेत्रको बेथितिलाई मलजल गरेको छ। भ्रष्टाचारलाई सहयोग पुऱ्याएको छ। जवाफदेहिता, पारदर्शितालाई शून्यतातिर धकेल्दै छ। अस्थिर राजनीति र राजनीतिक प्रभावले शिक्षा क्षेत्रमा धेरै नराम्रो असर पारेको छ। क्षमता नभएकाहरु सोर्सफोर्स लगाएर जागिर खान्छन्। अनि राजनीतिक आवरणमा अभिभावक र विद्यार्थीलाई सताउने काम गर्छन्।

त्यसो त राज्य पनि गैरजिम्मेवार छ। शैक्षिक संस्थालाई कम्पनीमा दर्ता गरेर खुलेआम व्यापार गर्ने लाइसेन्स वितरण गरिरहेको छ। यो विषयमा चासो दिएर कुरा उठाउने हिम्मतवाला न कोही अभिभावक छन्, न कुनै राजनीतिज्ञ। शैक्षिक माफियाहरु भने रातारात कमाउने र मालामाल हुने व्यवसायीका रुपमा परिणत भएका छन्। यसरी शिक्षा क्षेत्रमा देखिएको विकृतिले कहिलेसम्म प्रश्रय पाउने हो ? राज्यले निःशुल्क दिने सुविधा आज बेथितिका कारण अवमूल्ययन भइरहेको छ। तिनै शैक्षिक माफियाहरुले दिने शिक्षा आज अमूल्य भइरहेछ। यस्तो निर्लज्ज राज्यमा गरिबले पनि उचित शिक्षा पाउने अधिकार सुरक्षित छ भने भनिदेऊ। शिक्षामा देखिएको बेथिति रोक। जनताले तिरेको करबाट तलव खाने शिक्षकलाई निजी विद्यालयको सञ्चालक हुनबाट रोक। राज्यले प्रदान गर्ने सुविधाको सही प्रयोग गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्नबाट आमनागरिकले वञ्चित हुनु नपरोस्।

*- तुलसी न्यौपाने, रामेछाप*

## सामाजिक सञ्जाल



सहजकर्ताले असन्तुष्ट पक्षलाई सान्त्वना दिंदै वार्तातिर आकर्षित गर्छ, त्यसैलाई देशघाती भन्नु चुनावी स्टन्ट हो। प्रिय प्रतिस्पर्धी युवा मित्र, संसद् बौद्धिक अभ्यास गर्ने स्थल हो, त्यसमा पुग्न पनि बौद्धिक प्रतिस्पर्धा नै गरौं।

**Daman Nath Dhungana**
**@daman_nath**



राजनीति गर्न दल खोलेर दलबाटै चुनावमा प्रतिस्पर्धा गर्ने उम्मेदवारले नै राजनीति र दल नरोज्नुस् व्यक्ति रोज्नुस् भनेको के रहेछ ?

**Rk Jhakri**
**@rk_jhakri**



हरेक दिन युवाशक्ति विदेशिंदा देशमा सरकारकै मस्ती, कोही उच्चपदस्थ व्यक्ति विदेश गए सर्वसाधारणलाई ट्राफिक जामको सास्ती।

**Sambriddhi Rizal**
**@SambriddheeR**

२०७४, कात्तिक
बुधबार
२९

शिव सेना पार्टीका अध्यक्ष विक्रमबहादुर बमले भन्नुभयो-
'हामीले भनेजस्तो संवैधानिक राजसंस्था र हिन्दू-बौद्ध अधिराज्य स्थापना भएन भने हामी प्रजातान्त्रिक पद्धतिअनुरूप सशक्त र सशस्त्र आन्दोलनसमेत गर्न पछि हट्दैनौं।'



# नेपाल



ब्रह्मकुमारी राजयोग सेन्टर नेपालले आयोजन गर्न लगेको सकारात्मक जीवन शैली नामक योग कार्यक्रमका लागि पशुपति परिसरमा बनाइएको शिवलिंग । तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

## एमाले निर्वाचन परिचालन कमिटीको प्रवक्तामा रिमाल

काठमाडौं, (नेस)

एमाले केन्द्रीय निर्वाचन परिचालन कमिटीको प्रवक्तामा पोलिटब्युरो सदस्य विष्णु रिमाल तोकिनुभएको छ। आगामी मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा पार्टीको तर्फबाट आधिकारिक सूचना सम्प्रेषण तथा मिडिया समन्वयका लागि परिचालन कमिटी सदस्यसमेत रहनुभएका रिमाललाई प्रवक्ताको जिम्मेवारी तोकिएको हो।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको संयोजकत्वमा गठित केन्द्रीय निर्वाचन परिचालन कमिटीको मंगलबारको बैठकले नेता रिमाललाई प्रवक्ताको जिम्मेवारी तोकेको हो। बैठकले निर्वाचनको क्रममा समन्वय गर्न विभिन्न नेतालाई जिम्मेवारी तोकेको छ।

जसअनुसार निर्वाचन आयोगतर्फ समन्वयका लागि पोलिटब्युरो सदस्य अग्नि खरेल र प्रशासनतर्फ समन्वयका लागि केन्द्रीय सदस्य युवराज कार्कीलाई जिम्मेवारी तोकेको छ। बैठकले प्रेस चौतारी नेपालका अध्यक्ष तथा केन्द्रीय प्रचार विभाग सदस्य गणेश बस्नेतलाई केन्द्रीय निर्वाचन परिचालन कमिटी सदस्यमा थप गरेको छ।

बैठकले देशभरका सबै निर्वाचन क्षेत्रमा हुनसक्ने सम्भावित घटनाप्रति चनाखो रहँदै जनतालाई भ्रमित पार्न हुनसक्ने चलखेलप्रति सतर्क रहन सबै पार्टी कमिटी र आम मतदातालाई अपिलसमेत गरेको छ। बैठकमा विभिन्न जिल्लामा भइरहेको आक्रमण र निर्वाचन आचारसंहिता विपरीतका कामप्रति निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण गराउने निर्णय गरेको छ।

### समाचार संक्षेप

#### सरकारी छाप किर्ते गर्ने विदेशी पक्राउ

काठमाडौं, (नेस)

नेपालको सरकारी छाप तथा विभिन्न देशका भिसासमेत नक्कली बनाउने कार्यमा संलग्न बंगलादेशी मुलका ट्रिनिडाड एन्ड टोबागोका नागरिक डेभिड लुइस सान्तनालाई मित्रनगरबाट नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले पक्राउ गरेको छ।

अभियुक्तबाट मुहमद मसुद राना नामको बंगाली राहदानी, डेभिड लुइस सान्तना नामको रिपब्लिक अफ ट्रिनिडाड एन्ड टोबागोको राहदानी, नेपाल अध्यागमन कार्यालय अराइभल/डिपार्चरको रवर स्टाम्प, एम्बेस्सी अफ द पिपुल्स रिपब्लिक अफ बंगलादेश काठमाडौंको रबर स्टाम्पलगायतका सामग्रीहरू बरामद भएको छ। उनलाई काठमाडौं जिल्ला अदालतबाट सरकारी छाप दस्तखत तथा किर्ते अपराध मुद्दामा म्याद थप लिई थप अनुसन्धान कार्य भइरहेको ब्युरोले जनाएको छ।

#### इनारभित्र शव

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१८ सिद्धिपार्कमा डेरा गरी बस्ने तेजनारायण श्रेष्ठ इनारमा डुबेर मृत्यु भएको अवस्थामा फेला परेका छन्। सोमबार घरबाट हिँडेका श्रेष्ठ घर फर्की नआएपछि खोजी गर्ने क्रममा सोही ठाउँस्थित इनारमा मंगलबार उनको शव फेला परको हो।

#### इनारमा डुबेर मृत्यु

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१८, सिद्धिपार्कमा डेरा गरी बस्ने तेजनारायण श्रेष्ठ इनारमा डुबेर मृत्यु भएको अवस्थामा फेला परेका छन्।

सोमबार घरबाट हिँडेका श्रेष्ठ घर फर्की नआएपछि खोजी गर्ने क्रममा सोही ठाउँस्थित इनारमा मंगलबार उनको शव फेला परको हो। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

# उम्मेदवारमाथि आक्रमण हुन थालेको भन्दै आयोग चिन्तित

सुनील महर्जन, काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारमाथि बढ्दै गएको आक्रमणलाई लिएर निर्वाचन आयोगले चिन्तित रहेको छ। उम्मेदवारमाथि आक्रमणका घटना बढ्दै गए मतदातामा समेत सुरक्षा चुनौती बढ्ने प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको भनाइ रहेको छ।

उम्मेदवारको चुनाव प्रचारप्रसारका क्रममा घरदैलो अभियान, चुनावी सभा गरेर चुनावी माहौललाई रौनकता दिइरहेको बेला उम्मेदवारमाथि आक्रमण गर्न घटना बढ्दै गएकोप्रति आयोग चिन्तित रहेको छ। निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारमाथि भएको एकपछिको आक्रमणले सुरक्षा चुनौती बढेको स्वीकार गर्दै प्रमुख निर्वाचन आयोगले उम्मेदवारको सुरक्षाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारमाथि भौतिक आक्रमण हुन सक्ने, प्रचारका क्रममा झडप हुन सक्ने र चुनावी सभामा अवरोध हुनसक्ने गतिविधिप्रति आयोगले शुरूदेखि गृह मन्त्रालयको ध्यानाकर्षण गराउँदै आएको बताइएको छ।

आयोग र सुरक्षा निकायका प्रमुख बसेर पछिल्लो सुरक्षा स्थितिबारे आइतबार छलफल गरेको दुई दिन नबित्दै मंगलबार पूर्वमन्त्री एवं एमाले नेता शेरधन राईलाई लक्षित गरी भोजपुरमा बम प्रहार गरिएको थियो। सो छलफलमा आयोगले देशको समग्र शान्ति सुरक्षाका बारेमा जानकारी लिँदै विशेष सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको थियो।

एकपछि अर्को गरी लगातार उम्मेदवारमाथि आक्रमण गर्दै आएको घटनाप्रति चिन्ता व्यक्त गर्दै प्रमुख निर्वाचन आयुक्त डा. यादवले सुरक्षा चुनौती न्यून गर्न सरकार गम्भीर हुने विश्वास व्यक्त गर्नुभयो। यसअघि रोल्पाको माडी गाउँपालिका-१ स्थित भिट्टाभाङ पुगेका माओवादी नेता वर्षमान पुनलाई लक्षित गरी गत शनिबार रोल्पामा बम आक्रमण भयो।

यस्तै, शुक्रबार माओवादी नेता जनार्दन शर्मा चढेको गाडीलाई लक्षित गर्दै विप्लव समूहका कार्यकर्ताले बम प्रहार गरेको थियो। 'यस्ता घटनाले निर्वाचनको माहोल र वातावरणमा असर पुग्ने देखिएको छ। यस्ता घटनाप्रति सरकार गम्भीर हुनुपर्दछ।' -उहाँले भन्नुभयो।

निर्वाचनमा होमिएका उम्मेदवारलाई त्रसित पार्ने, आक्रमणको प्रयास गर्ने, उम्मेदवार चढेको गाडीलाई नै लक्षित गरी बम/माइन विस्फोट गराउनेजस्ता गतिविधिले गर्दा उम्मेदवारको सुरक्षा व्यवस्थामा चुनौती सिर्जना गरेको आयोगले जनाएको छ।

प्रहरीले जिल्ला जिल्लामा विशेष सुरक्षा सतर्कता बढाएको भए पनि निर्वाचनमा सुरक्षा चुनौती बढेर गएको आयुक्तको बुझाइ रहेको छ। शान्तिपूर्ण र भयरहित वातावरण सिर्जना हुन सकेमात्रै मतदातामा निर्वाचनप्रति आकर्षण बढ्छ।

गृहले रूकुम, रोल्पा, गोरखा र जाजरकोट सुरक्षाका हिसाबले चुनौतीपूर्ण जिल्ला मानिएको छ। 'सरकारले उम्मेदवारको सुरक्षाको प्रत्याभूति गर्नुपर्छ। निर्वाचन विरोधी जस्तोसुकै गतिविधिविरूद्ध सरकार गम्भीर बन्नुपर्छ। यस्ता गतिविधि गर्नेविरूद्ध कानुनी कारबाही गरिनुपर्छ।' प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

यसैबीच काभ्रेमा आयोजित एक समारोहमा प्रमुख निर्वाचन आयुक्त यादवले उमेदवारलाई मात्र नभई मतदातामासमेत सुरक्षा चुनौती बढेको भन्दै सचेत र सुरक्षित हुन आग्रह गर्नुभएको छ। सुरक्षा निकायको मात्रै भर नपरी मतदाता आफैं पनि सुरक्षित र सचेत रहन प्रमुख आयुक्त यादवले आग्रह गर्नुभयो। सोही कार्यक्रममा उहाँले राष्ट्रसेवक कर्मचारीले पार्टीको झण्डा र प्रचारमा हिँड्नु लज्जास्पद भएको पनि बताउनुभयो। शिक्षक र निजामती कर्मचारीले दलपिच्छे झोला बोक्नु अशोभनीय भएको भन्दै यस्ता काम बन्द गर्न आग्रह गर्नुभयो।

## २०४७ सालको संविधान पुन:स्थापना गर्न माग

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रिय शिव सेना पार्टी, पुरानो शक्ति पार्टी, राष्ट्रिय नागरिक पार्टी, शान्ति क्षेत्र परिषद् र लोकतान्त्रिक फोरमबीच चुनावी गठबन्धन भएको छ।

मंगलबार उक्त गठबन्धनका बारेमा जानकारी राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। शिव सेना पार्टीका अध्यक्ष विक्रमबहादुर बमले पाँच पार्टीबीच आगामी मंसिरमा हुने प्रदेश र प्रतिनिधि सभाको निर्वाचनका लागि चुनावी गठबन्धन भएको जानकारी दिनुभयो। पाँच पार्टीले मंगलबार संयुक्त चुनावी घोषणा-पत्रसमेत सार्वजनिक गरेका छन्।

घोषणापत्र सार्वजनिक कार्यक्रममको सभापतिसमेत रहनुभएका अध्यक्ष बमले आफूहरूको गठबन्धन गणतन्त्रको विरुद्धमा रहेको भन्दै संवैधानिक राजसंस्था र हिन्दू-बौद्ध अधिराज्य स्थापनाका लागि गठबन्धनले जस्तोसुकै कदमसमेत चाल्न सक्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले भनेजस्तो संवैधानिक राजसंस्था र हिन्दू-बौद्ध अधिराज्य स्थापना भएनभने हामी प्रजातान्त्रिक पद्धतिअनुरूप सशक्त र सशस्त्र आन्दोलनसमेत गर्न पछि हट्दैनौं।'

त्यस्तै कार्यक्रममा पुरानो शक्ति पार्टीका अध्यक्ष एवम् वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानले विश्वमा रहेका ५० करोड बुद्धिस्टहरूलाई वर्षमा एक प्रतिशतलाई मात्रै नेपाल घुम्नका लागि बोलाउन सकियो भने मुलुकको विकासमा ठूलो टेवा पुग्ने विश्वास दिलाउनुभयो। उहाँले आफूहरूको गठबन्धनले मुलुक समृद्ध बनाउनका लागि विकासका एजेन्डाहरू अघि सारेको बताउँदै अहिलेको शासन पद्धतिअनुसार मुलुक चल्न नसक्नेसमेत ठोकुवा गर्नुभयो। उहाँले मुलुकलाई सही मार्गमा अघि बढाउनका लागि २०४७ सालकै संविधान पुन:स्थापना गर्नुपर्नेमा जोड दिनुभयो।

## घूससहित २ पक्राउ

काठमाडौं, (नेस)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभागका २ जनालाई घूस रकमसहित मंगलबार साँझ पक्राउ गरेको छ। वैदेशिक रोजगार विभागका शाखा अधिकृत कृति बल्लभ पौडेल र नायब सुब्बा खड्ग केसीलाई १० लाख रुपियाँसहित पक्राउ गरेको अख्तियारले जनाएको छ।

एक सेवाग्राहीसँग बानेश्वरको इन्द्रेणी फुडल्यान्डमा पौडेल र केसीले काम मिलाइदिने भन्दै रकम लिइरहेको बेला अख्तियारको टोलीले उक्त रकमसहित पक्राउ गरेको थियो।

## ललितपुरको भट्टेडाँडामा नि:शुल्क शिविर

नेपाल समाचारपत्र

काठमाडौं

मेडिकल एक्सचेन्ज इन्टरनेसनल नेपालले ललितपुरको भट्टेडाँडामा आयोजनामा गरेको नि:शुल्क स्वास्थ्य शिविरमा २ सय बढीले नि:शुल्क स्वास्थ्य परीक्षण गराएका छन्।

अल्का अस्पताल र लियो क्लब अफ काठमाडौ अल्काको सहकार्यमा भट्टेडाँडा स्वास्थ्य चौकीमा आयोजित २ दिने शिविरमा स्त्री रोग तथा जनरल फिजिसियन, हाडजोर्नी तथा नशा रोगलगायत समस्या लिएर आएका बिरामीहरूको स्वास्थ्य परीक्षण गरिएको थियो।

शिविरमा सहभागी बिरामीमध्ये अधिकांश महिलाहरूमा स्त्रीसँग सम्बन्धित समस्या देखिएको आयोजक मेडिकल एक्सचेन्ज इन्टरनेसनल नेपालकी सभापति डा.ग्रीष्मा श्रेष्ठले जानकारी गराउँनुभयो।

कतिपय बिरामीमा समयमै स्वास्थ्य संस्थाको पहुँचमा नपुग्दा थप समस्या बल्झिएको पाइएको डा.श्रेष्ठले बताउनुभयो। आर्थिक अभावले समयमै विशेषज्ञ चिकित्सकको पहुँचमा आउन नसकेका सर्वसाधरण नागरिकलाई लक्षित गरी ललितपुरको बिकट मानिने भट्टेडाँडामा नि:शुल्क शिविर आयोजना गरिएको लियो क्लब अफ काठमाडौं अल्काकी प्रेसिडेन्ट अल्का थापाले जानकारी दिनुभयो। शिविरमा डाक्टरहरू ग्रीष्मा श्रेष्ठ, शिखा पाण्डे, पवन मरासिनी, सुरुची श्रेष्ठ, ऋषि ताम्राकारलगायतको टोलीले बिरामीको स्वास्थ्य परीक्षण गरेका थिए।

## म्याद थप गरेकोमा आपत्ती

काठमाडौं, (नेस)

माथिल्लो कर्णाली बचाऔं राष्ट्रिय अभियान केन्द्रीय समितिले सरकारले भारतीय कम्पनी जीएमआरसँगको सम्झौताको म्याद थप गरेकोप्रति आपत्ति जनाएको छ। समितिले पत्रकार सम्मेलन गरेर उक्त सम्झौताको म्याद सरकारले १ वर्ष थप गरेर गम्भिर गल्ती गरेको भन्दै आपत्ति जनाएको हो।

समितिका अध्यक्ष भरतबहादुर शाहीको सभापतित्वमा आयोजित पत्रकार सम्मेलनमा सरोकारवाला एवम् बुद्धिजीवीहरू प्राडा. सुरेन्द्र केसी, माथिल्लो कर्णाली बचाउ अभियानका अभियन्ता रतन भण्डारी, अधिवक्ता तथा नेल्कोनका अध्यक्ष पदम रोका, वरिष्ठ पत्रकार गोविन्दसिंह थापा, नेकपा माओवादी क्रान्तिकारीका नेता सीताराम तामाङ, राष्ट्रिय जनमोर्चाका केन्द्रीय कार्यालय सचिव घनश्याम न्यौपाने, नेकपा मसालका प्रतिनिधि रामप्रकाश पुरीलगायतले सरकारले गरेको निर्णयको विरोध गर्दै उक्त निर्णय तत्काल खारेज गर्नुपर्नेमा जोड दिएका छन्।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौं बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौंबाट काँकडभिट्टा र धरान
फो. नं. ०१४२८५६३३
मो. नं. ९८४१५७९६९७

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : गरेको काम सफल हुने, सन्तानबाट सुख, धनलाभ हुनेछ।
**वृष** : पेटमा समस्या, दिनचर्या अस्तव्यस्त, बिनाकाममा दौडधुप, विवाद।
**मिथुन** : पैसा लाभ, मान-सम्मान, उन्नति-प्रगति, इज्जत बढ्नेछ।
**कर्कट** : सुख-सन्तोष, उपलब्धिमूलक कार्यमा लगानी, धनलाभ हुनेछ।
**सिंह** : मिष्ठान्न भोजन, धनप्राप्ति, पुरस्कार प्राप्ति, कार्य सफल।
**कन्या** : शारीरिक अस्वस्थता, साथीभाइसँग विवाद, चोटपटकको सम्भावना।
**तुला** : पैसा प्राप्ति, विविध वस्तु वा सेवाको लाभ, मीठो खानेकुरा प्राप्ति।
**वृश्चिक** : शारीरिक निरोगिता, सुख-सन्तोष, थालेको काम सफल।
**धनु** : राजनीतिमा सफलता, ऐश्वर्य वृद्धि, पढाइ-जागिरमा उच्च मूल्यांकन।
**मकर** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धनहानि, चिन्ता।
**कुम्भ** : समस्या समाधान, परीक्षा-पठनपाठन सफल, प्रतिस्पर्धामा जित।
मीन : खेल-परीक्षा प्रतियोगितामा सफलता, द्रव्य लाभ, शत्रु विजय।

# नेपाल

निर्वाचन आयोगले असोज २३ गते निर्वाचन आचारसंहिताको दफा ४ संशोधन गरी उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, टि-र्सट, टोपी गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ट्याटु जस्ता सांकेतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, प्रर्दशन गर्न गराउन रोक लगाएको थियो।

## आचारसंहिताले सस्तियो निर्वाचन

ललित सिंह, बझाङ

स्थानिय तहको निर्वाचनमा अधिक तडकभडक र खर्चिलो प्रचार गरेको आरोप खेपेका दलहरूले प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन भने सस्तो भएको बताएका छन्। निर्वाचन आयोगले निर्वाचनसम्बन्धी आचारसंहिताको संशोधन गरी अनावश्यक खर्चमा रोक लगाएपछि चुनाव सस्तिएको दलहरूले बताएका छन्।

'गाउँपालिकाका अध्यक्षहरूले पनि ५/७ लाखको त टि-र्सट नै छपाएका थिए' एमालेका नेता तथा निर्वतमान सांसद अफिलाल ओखेडाले भने 'प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा आचारसंहिताले रोक नलगाएको भए एउटै उम्मेदवारले २०/२२ लाखको टि-र्सट नै छाप्नुपर्ने हुन्थ्यो' आचारसंहिताको संशोधनले गरिब नेताहरूले पनि चुनाव लड्न सहज भएको उनले बताए।

निर्वाचन आयोगले असोज २३ गते निर्वाचन आचारसंहिताको दफा ४ संशोधन गरी उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, टि-र्सट, टोपी गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ट्याटु जस्ता सांकेतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, प्रर्दशन गर्न गराउन रोक लगाएको थियो।

'यो निर्वाचन विगतका सबै निर्वाचनभन्दा सस्तो हुने देखियो' नेपाली कांग्रेसका जिल्ला सभापति हर्कजंगबहादुर सिंहले भने 'झण्डाबाहेक अरू अनावश्यक सामग्रीहरूमा खर्च घट्ने बित्तिकै त आधाभन्दा बढी खर्च घट्ने रहेछ' नीतिमा सुधार र कडा कार्यान्वयन हुने सके पद्धतिमा सुधार हुनसक्दोरहेछ भन्ने कुरा यसबाट प्रमाणित भएको उनले बताए।

स्थानीय तहको निर्वाचनका बेला चाहना र आर्थिक क्षमता नहुँदा पनि ऋण गरेर टि-र्सट र टोपी छपाएको सुनाउने जयपृथ्वी नगरपालिकाका वडा नं १ का वडा अध्यक्ष गगनबहादुर सिंहले



आचारसंहितामा भएको व्यवस्थाप्रति खुसी जनाउदै भने 'अरू उम्मेदवारले टि-र्सट टोपी वितरण गर्न थालेपछि कार्यकर्ताहरूले मान्दै नमान्ने भए। ऋण खोजेर ७० हजारको त टि-र्सट मात्र छपाए होला। यस्तै व्यवस्था पहिला पनि भैदिएको भए उम्मेदवारहरूको अनावश्यक खर्च हुने थिएन' निर्वाचन आचारसंहितामा भएको संशोधनका कारण यो निर्वाचनमा प्रतिनिधि सभा र प्रदेश सभाका उम्मेदवारहरूमा आर्थिक भार निकै कम हुने उनले बताए।

निर्वाचन आचारसंहिताका कारण निकै आकासिने टि-र्सट, टोपी र झोलाको व्यापार भने सुस्ताएको व्यापारीहरू बताउँछन्। 'स्थानीय तह निर्वाचनमा १० लाखबराबरको टि-र्सट र झोला मात्रै बिक्री भएको थियो'१ जना व्यापारी मदन जेठाराले भने योपालिको चुनावमा अहिलेसम्म कसैले अर्डर गरेका छैनन्।

चुनावमा सामाग्रीको कम प्रयोग हुने भएपछि व्यवस्थापन गर्नसमेत दलहरूलाई सजिलो भएको छ। नेकपा एमालेका सामाग्री व्यवस्थापन तथा वितरण समितिका संयोजक जन्मजय जोशीले भने- 'पहिलापहिला टि-र्सट, टोपी, झोलालगायतका सामग्री जिल्लाभर बाँड्नुपर्ने भएकाले धेरै कार्यकर्ताहरू यसैमा खट्नुपर्थ्यो। अहिले सजिलो भएको छ। झण्डाका पोकाहरू गाउँपालिकाको जिम्मा लगाएका छौं। हाम्रो समितिको काम अस्ति नै सकियो'

अघिल्ला निर्वाचनमा पर्चा पम्पलेटहरूमा धेरै खर्च गर्ने दलहरूले यसपटक त्यतातिर पनि खर्च घटाएको बताएका छन्। नेपाली कांग्रेसबाट प्रतिनिधि सभाका उम्मेदवार रहेका पृथ्वीबहादुर सिंहले पर्चा पम्पलेटभन्दा पनि जनतालाई अन्य माध्यमबाट मत माग्ने रणनीति अपनाइएको बताए।

## चुनावी प्रचारप्रसार आक्रमक शैलीमा

नेपाल समाचारपत्र
बैतडी

निर्वाचनको मिति नजिक आएसँगै बैतडीमा राजनीतिक दलहरूले चुनावी प्रचारप्रसारलाई आक्रमक तरिकाले अघि बढाएका छन्।

लोकतान्त्रिक गठबन्धन, वाम गठबन्धन, विवेकशील साझा, राष्ट्रिय जनमोर्चालगायतका दलहरूले चुनावी प्रचारप्रसारलाई तीव्रता दिएका छन्। लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धनले चुनावी सभामार्फत प्रचारप्रसार गरिरहेका छन् भने साना दलहरूले घरदैलो कार्यक्रमलाई जोड दिएका छन्। चुनावको मिति नजिक आएसँगै दलहरूले आफ्नो पक्षमा मत तान्नका लागि प्रचारप्रसारलाई तीव्रता दिएका छन्।

लोकतान्त्रिक गठबन्धनले लोकतन्त्रको रक्षा र समग्र विकासको एजेन्डालाई चुनावी नारा बनाएको छ भने वाम गठबन्धनले राष्ट्रिय स्वाभिमान र विकासको एजेन्डालाई मुख्य नारा बनाइरहेका छन्। लोकतान्त्रिक गठबन्धनका तर्फबाट प्रतिनिधि सभा सदस्यका लागि नेपाली कांग्रेसका नेता एवं वाणिज्य राज्यमन्त्री नरबहादुर चन्द चुनावी मैदानमा छन् भने वाम गठबन्धनका तर्फबाट एमाले नेता एवं पूर्वअर्थराज्यमन्त्री दामोदर भण्डारी चुनावी मैदानमा छन्। यस्तै विवेकशीला साझा पार्टीका नारायणदत्त अवस्थी, राष्ट्रिय जनमोर्चाका विरेन्द्रसिंह भण्डारी र एकीकृत राप्रपा राष्ट्रवादीका त्रिलोकबहादुर चन्द पनि प्रतिनिधिसभा सदस्यका लागि चुनावी मैदानमा छन्।

यसैगरी बैतडी 'क' क्षेत्रका लागि लोकतान्त्रिक गठबन्धनबाट नेपाली कांग्रेसका हरिमोहन भण्डारी र वाम गठबन्धनका तर्फबाट नेकपा माओवादी केन्द्रका प्रेमप्रकाश भट्ट चुनावी मैदानमा छन्। राष्ट्रिय जनमोर्चाका अर्जुनसिंह मडै, जनसमाजवादी पार्टीका भगीरथसिंह कुवर र राष्ट्रिय मुक्ति आन्दोलन नेपालका दीलप पाण्डे पनि प्रदेशसभा सदस्य पदका लागि चुनावी मैदानमा छन्। यस्तै बैतडी 'ख' क्षेत्रमा प्रदेशसभा सदस्यका लागि लोकतान्त्रिक गठबन्धनबाट राप्रपाका गणेशबहादुर चन्द र वाम गठबन्धनबाट एमालेका लीलाधर भट्ट चुनावी मैदानमा छन्।

चुनावको मिति नजिक आउँदै गर्दा अरू बेला सुनसान हुने गाउँघरमा चहलपहल बढेको छ। अहिले बैतडीका प्रत्येक गाउँमा कुनै न कुनै दिन कुनै न कुनै पार्टीको चुनावीसभा हुने गरेको स्थानीय बासिन्दाले बताएका छन्।

## पूर्वमन्त्री राई चढेको गाडीमा बम प्रहार

खोटाङ, (नेस)

भोजपुरबाट प्रदेश ख को उम्मेदवारसमेत रहनुभएको पूर्वसूचना तथा सञ्चार मन्त्री शेरधन राई चढेको गाडीमा बम प्रहार भएको छ। मंगलबार बिहान १० बजे भोजपुर सदरमुकामदेखि टेम्केमैयुँ गाउँपालिकाको कोटतर्फ चुनावी सभामा जाँदै गर्दा सोही गाउँपालिका-७ गुम्बामा राई सवार बा१५च ५६० ङ नम्बरको वनटेन गाडीमा बम प्रहार भएको हो।

चुनाव वहिष्कार गरिरहेको विप्लव समूहले बम प्रहार गरेको हुन सक्ने प्रहरीको आशंका रहेको छ। बम प्रहारबाट राईको सुरक्षमा खटिएका असई डिल्लीबहादुर देवकोटाको दाहिने हातमा चोट लागेको र गाडीको अगाडीको भागमा क्षति भएको पूर्वमन्त्री राईका निजी सचिव तिलकराम राईले जानकारी गराएका छन्।

पूर्वमन्त्री राई र अन्य कार्यकर्ता भने सकुशल रहेको तिलकराम राईले जानकारी गराएका छन्। १० जना जतिको समूहले राई सवार गाडीमा बम प्रहार गरेपछि राईको सुरक्षा गार्डले २१ राउन्ड गोली प्रहार गरेको जनाइएको छ। पूर्वमन्त्री तथा नेकपा एमालेका पोलिटब्यूरो सदस्य राई १ नम्बर प्रदेशको मुख्य मन्त्रीका दावीसहित प्रदेश 'ख' तर्फ भोजपुर वाम गठबन्धनका उम्मेदवार हुन्।

## बदर मत रोक्न नमूना मतदानको अभ्यास

लमजुङ, (नेस)

लमजुङमा आगामी मंसिर १० गते पहिलो चरणमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा मतदातालाई मतदान गर्न सिकाउन नमूना मतदानको अभ्यास गरिएको छ। बदर मत रोक्ने उद्देश्यले सो अभ्यास जिल्ला निर्वाचन कार्यालयले गराएको हो।

बेंसीशहर नगरपालिका- ८ स्थित फूलबारी मञ्चमा सो अभ्यासको थालनी मुख्य निर्वाचन अधिकृत कोमलप्रसाद आचार्यले गर्नुभयो। उहाँलाई मतदान गर्नका लागि ३ मिनेटको समय लागेको थियो। उहाँले नमुना मतदानको अभ्यासले बदर मतको संख्यालाई न्यूनीकरण गर्न सहयोग पुग्ने बताउनुभयो।

त्यसै गरी, प्रमुख जिल्ला अधिकारी युवराज मैनाली, आचारसंहिता अनुगमन प्रमुख मनमाया पंगेनी, स्थानीय विकास अधिकारी डिल्लीराम सिग्देलसहितले सो अभ्यासमा भाग लिँदै नमूना मतदान गर्नुभएको थियो।

मतदातालाई चुनावमा भोट हाल्दा नझुक्किउन भनेर मतदान गर्ने तौरतरिका सिकाउन नमूना मतदान गराइएको जिल्ला निर्वाचन अधिकारी तुलसीप्रसाद तिमिल्सिनाले बताउनुभयो। उहाँका अनुसार बदर मत न्यूनीकरण गर्ने उद्देश्यले पनि नमूना मतदानको अभ्यास गरिएको हो।

बेंसीशहरका अतिरिक्त सुन्दरबजार नगरपालिकाको सुन्दरबजार, दोर्दी गाउँपालिकाको नौथरसेरा र मर्स्याङ्दी गाउँपालिकाको खुदीबजारमा पनि नमुना मतदानको अभ्यास कार्यक्रम गरिने भएको जिल्ला निर्वाचन अधिकारी तुलसीप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो।

नमूना मतदान अभ्यासमा सहभागी हुन आउनुभएकी बेंशीशहर-८ बाट सुनमाया गुरुङले मतदान गर्न स्थानीय तहको निर्वाचनभन्दा झन्झट लागेको बताउनुभयो। 'स्थानीय तहको निर्वाचनमा एउटै मतपत्र थियो, अहिले त ३ वटा रहेछ, बाकस पनि ३ वटै रहेछन्, झञ्जट लाग्यो' -उहाँले भन्नुभयो।

लमजुङमा १२३ मतदानस्थल र १६५ मतदान केन्द्र तोकिएको छ। सजिलै सवारी-साधन नजाने विकट गाउँमा रहेका, तथा प्रदेश सभा 'क' मा एकै वडाबाट लोकतान्त्रिक र वाम गठबन्धनबाट उम्मेदवार हुनुभएको वडाको मतदान स्थल तथा यीमध्ये मंसिर १० गते निर्वाचन नहुने छिमेकी जिल्ला तनहुँ र कास्कीसँग सिमाना जोडिएका र १८ मतदानस्थललाई अतिसंवेदनशीलमा राखिएको जिल्ला सुरक्षा समितिले जनाएको छ।

निर्वाचन सुरक्षाका लागि जनपथ प्रहरी १ हजार ४ सय, नेपाली सेना ८ सय, सशस्त्र ४ सय र म्यादी प्रहरी ९ सय ३९ परिचालित हुने भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## निर्वाचन शान्तिपूर्ण बनाउन निर्देशन

संखुवाभसा, (नेस)

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन स्वच्छ, निश्पक्ष र शान्तिपूर्ण गराउन मतदान अधिकृतलाई संखुवासभा प्रमुख जिल्ला अधिकारी शिवराज जोशीले निर्देशन दिनुभएको छ। उहाँले निर्वाचनका लागि शान्ति सुरक्षा व्यावस्था मिलाइएको र मतदान अधिकृतलगायत कर्मचारीलाई जिम्मेवारीपूर्वक काम गर्न आग्रह गर्नुभयो।

मंगलबार संखुवासभाको खाँदबारीमा शुरू भएको मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचनसम्बन्धी प्रशिक्षण कार्यत्रममा प्रमुख जिल्ला अधिकारी जोशीले निर्वाचनमा सानो गल्तीले पनि निर्वाचन भाँडिन सक्ने भएकाले निर्वाचनमा खटिएका कर्मचारीले सजग हुनुपर्ने बताउनुभयो।

कायर्यक्रममा जिल्ला मुख्य निर्वाचन अधिकृत प्रकाश राउतले निर्वाचनमा खटिएका कर्मचारीले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न आग्रह गर्दै निर्वाचन आचारसंहितालाई पूर्णपालन गर्नसमेत अनुरोध गर्नुभयो। कार्यक्रमा प्रहरी नायब उपरीक्षक सन्तोष खड्काले जिल्लाको सुरक्षा व्यावस्थाको बारेमा जानकारी गराउनुभएको थियो।

निर्वाचन मतदान अधिकृत र साहायक मतदान अधिकृतहरूलाई आज दिइने एक दिने तालिममा मतदान प्रकृयालगायत आवश्यक जानकारी दिइएको निर्वाचन कार्यालय संखुवासभाले जनाएको छ। जिल्लामा १ सय ३ मतदानस्थल रहेका छन्। जिल्लामा १ लाख ५ हजार ८५ मतदाता रहेको संखुवासभामा १० वटा दलका उम्मेदवार चुनावी मैदानमा रहेका छन्।

## सुर्खेतमा नमूना मतदान
## ३ मतपत्रमा ४ भोट हाल्नुपर्ने

शेरबहादुर थापा, सुर्खेत

निर्वाचन आयोगको कार्यालय सुर्खेतले मंगलबार नमूना मतदान कार्यक्रम आयोजना गरेको छ। नमूना मतदानमा जिल्लास्थित सञ्चारकर्मीहरू सहभागी रहेका थिए। आगामी मंसिर २१ गते हुने संघ र प्रदेस सभाको चुनावलाई मध्यनजर गर्दै सञ्चारकर्मीहरूसँग यस्तो कार्यक्रमको आयोजना गरिएको हो। यो कार्यक्रमबाट बढीभन्दा बढी जनताले जान्न पाउने भन्दै नमूना मतदान तथा अर्न्तक्रिया कार्यक्रम आयोजना गरिएको जिल्ला निर्वाचन अधिकारी सुनिता थापा रेग्मीले जानकारी दिइन्।

**३ मतपत्रमा ४ भोट**

यसपटकको निर्वाचनमा ३ वटा मतपत्र रहनेछन् भने मतदाताले ४ वटा भोट दिन पाउनेछन्। प्रतिनिधिसभाका लागि हरियो, प्रदेस सभाका लागि कालो र समानुपातिकका लागि रातो रंगको मतपत्र छापिएको छ। यसका साथै निर्वाचन आयोगको कार्यालयले जिल्लामा २६३ मतदान केन्द्र तथा १३८ मतदानस्थल कायम भएको जानकारी दिएको छ। गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा १ लाख ८४ हजार ४ सय मतदाता रहेकोमा योपटक भने २ लाख ४ हजार ५७७ मतदाताले मतदानमा सहभागी हुन पाउने भएका छन्।

**भोट हाल्न कम्तिमा ५ मिनेट**

मतदाताले मतदान गर्ने दिन हातमा मतपत्र परिसकेपछि कम्तिमा पनि ५ मिनेट समय लाग्ने देखिएको छ। सबैभन्दा पहिले हरियो रंगको मतपत्र लिई प्रतिनिधि सभाका लागि मतदान गर्ने र हरियो स्टिकर टाँसिएको मतपत्रमा मत खसाल्नुपर्नेछ भने फेरि कालो रंगको मतपत्र लिई प्रदेससभाका उम्मेदवारलाई एक भोट हाल्नुपर्नेछ। अनि मात्र रातो (समानुपातिक) मतपत्र निर्वाचन अधिकारीले मतदातालाई थमाउनेछन् र एउटै मतपत्रको माथिल्लो भागमा प्रतिनिधिसभाका लागि १ भोट र तल्लो भागमा प्रदश सभाका लागि १ भोट पार्टीलाई दिई मतदान प्रक्रिया सम्पन्न हुनेछ। मतदान स्थलमा अपांग, अशक्त र वृद्धावृद्धका लागि लाइन नलगाइने बताइएको छ।

**निर्वाचन आयोग गाउँ जाँदै**

जिल्ला निर्वाचन अधिकारी थापा रेग्मीका अनुसार जिल्ला निर्वाचन आयोग सुर्खेतका विभिन्न स्थानीय तहमा गई नमूना मतदान गराउने भएको छ। आयोगले जिल्लामा २६३ जना मतदाता शिक्षा कायकर्ता खटाएको छ। साथै स्थानीय तहमा रहेको संयन्त्रले पनि मतदानका दिन अनुगमन गर्ने भएको बताइएको छ।

**यसपटक कम मत बदर हुने**

निर्वाचन कार्यालयले यसपटकको चुनावमा मत कम बदर हुने अनुमान गरेको छ। विगतमा १ मतपत्रमा ७ मत हाल्नुपर्ने झन्झट भएका कारण खसेको कूल मतको ५ प्रतिशत बदर भएको थियो। यसपटक त्योभन्दा कम मत बदर हुनेगरी निर्वाचन आयोगले तयारी थालिरहेको बताइएको छ। जिल्लामा पुरुषभन्दा महिला मतदाता बढी रहेको निर्वाचन अधिकारीको भनाइ छ।

## चुनावले तातियो दुवै रुकुम

रुकुम, (नेस)

दुवै रुकुममा आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निवार्चनको चुनावी सरगर्मी बढेको छ। प्रतिनिधिसभामा १ र प्रदेशसभामा २ निर्वाचन क्षेत्र रहेको पश्चिम रुकुममा ७३ मतदान स्थल र १११ मतदान केन्द्र रहेका छन्। यस्तै कुल मतदाता ८४०३२ रहेका छन्। यसै गरी पूर्वी रुकुममा २७९२८ मतदाता रहेका छन् भने ३१ मतदान स्थल र ४२ मतदान केन्द्र रहेका छन्। दुवै जिल्लामा वाम गठबन्धन र नेपाली कांग्रेसबीच मुख्य प्रतिस्पर्धा रहेको छ। तर निवार्चनमा नयाँ शक्ति, नेकपा माले, संघीय समाजवादी फोरम र जनमोर्चाले पनि भाग लिएको छ।

रुकुम पश्चिममा वाम गठबन्धनबाट प्रतिनिधिसभाका लागि माआवादी केन्द्रका जनार्दन शर्मा र नेपाली कांग्रेसबाट गोपालजीजंग शाह तथा रुकुम पूर्वमा प्रतिनिधिसभाका लागि वाम गठबन्धनबाट माआवादी केन्द्रका कमला रोका र नेपाली कांग्रेसबाट हरिशंकर घर्ती बीच तीव्र प्रतिस्पर्धा रहेको छ। यस्तै रुकुम पश्चिमबाट प्रदेश सभा क्षेत्र नं १ मा वाम गठबन्धनबाट माओवादी केन्द्रका रातो कामी र नेपाली कांग्रेसका कृष्ण रोकाय तथा क्षेत्र नं २ बाट वाम गठबन्धनबाट माओवादी केन्द्रका गोपाल शर्मा र नेपाली कांग्रेसका खड्ग डाँगी बीच तीव्र प्रतिस्पर्धा रहेको छ। उम्मेदवारहरू घरदैलो तथा कोणसभामा व्यस्त छन्।

## आचारसंहिताको खिल्ली उडाउँदै खनाल र नेम्वाङ

गणेश घिमिरे, इलाम

आसन्न प्रतिनिधि र प्रदेश सभा निर्वाचनका लागि यतिखेर इलामका राजनैतिक दलहरू चुनाव प्रचारप्रसारमा जुटिरहेका छन्। तर उम्मेदवारले चुनाव प्रचारप्रसारको क्रममा निर्वाचन आचारसंहिताको व्यापक उल्लङ्घन गर्नेक्रम बढेको छ।

राजनीतिक दल र तिनका उम्मेदवारले निर्वाचन प्रचारमा प्रयोग गर्ने सवारीसाधन सञ्चालनको अनुमति नलिई आचारसंहिता उल्लङ्घन गरिरहेका हुन्। दुईवटा निर्वाचन क्षेत्र र चारवटा प्रदेश सभा रहेको इलाममा ५१ जना उम्मदवारहरू चुनावी मैदानमा छन्। तर हालसम्म नेपाली कांग्रेसका दुईजना उम्मेदवारले बाहेक अन्य कुनै पनि उम्मेदवारले सवारी सञ्चालनको अनुमति नलिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय इलामले जनाएको छ।

कार्यालयका अनुसार हालसम्म प्रतिनिधि सभामा क्षेत्र नम्बर २ का उम्मेदवार केशब थापा र सोही क्षेत्रको प्रदेश नम्बर २ का उम्मेदवार खगेन्द्र देवानले बाहेक कसैले पनि सवारी सञ्चालनका निम्ति पास नलिएका हुन्। निर्वाचन आचारसंहितामा उम्मेदवार र दलहरूले निश्चित संख्यामा मात्र सवारी साधनको प्रयोग गर्न पाउने व्यवस्था छ। तर सम्बन्धित दल र त्यसका उम्मेदवारले चुनावी प्रचारमा सवारी साधनको जथाभावी प्रयोग गरिरहेका छन्।

वाम गठबन्धनबाट उम्मेदवार बनेका पूर्वप्रधानमन्त्री एमालेका झलनाथ खनाल र पूर्वसभामुख सुबासचन्द्र नेम्वाङसहित कांग्रेस र अन्य दलका अधिकांश उम्मदवारले सवारी पास नलिइकन सवारी सञ्चालन गरेर निर्वाचन आचारसंहिताको खिल्लि उडाइरहेका हुन्। निर्वाचन कार्यालयले भने कार्यालयमा हालसम्म उम्मेदवारले सवारी पास नलिइकन सवारी चलाएको जानकारी नआएको र अनुगमनका क्रममा पनि त्यस्तने नभेटिएको मुख्य निर्वाचन अधिकृत कृष्णप्रसाद सुबेदीले बताए। 'हामीकहाँ त्यस्तो जानकारी केही आएको छैन' सुबेदीले भने- 'त्यस्तो भएको भए उजुरी तत्काल दिन आग्रह गर्दछौं।'

जिल्ला निर्वाचन अनुगमन समितिले दलहरूलाई निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्न आग्रह गर्दै आएको छ। आचारसंहितामा दलका तर्फबाट दुई वटा चारपाङ्ग्रे हलुका सवारीसाधन, प्रतिनिधि सभाका उम्मेदवारले ४ वटा र प्रदेश सभाको उम्मेदवारले २ वटा हलुका सवारीसाधन प्रयोग गर्न पाउनेछन्। त्यसै गरी उम्मेदवारले ४ वटा मोटरसाइकल पनि प्रयोग गर्न पाउने व्यवस्था छ।

## पर्वत कांग्रेसमा असन्तुष्टि चुलियो

पर्वत, (नेस)

निर्वाचन प्रचारप्रसारको काम भइरहेको बेला नेपाली कांग्रेसले पर्वतको प्रदेशसभा २ मा राजेन्द्र तिवारीलाई उम्मेदवार बनाएपछि असन्तुष्टि चुलिएको छ। राजनीतिक रूपमा योगदान नभएका तर माथिल्लो तहका नेतालाई समेत आर्थिक प्रलोभनमा पारेर तिवारीलाई उम्मेदवार बनाएको भन्दै नेताहरूले प्रचारप्रसार कार्यक्रम नै बहिष्कार गरेर घरमा बसेपछि भाँडभैलो मच्चिएको हो।

पैञ्यु गाउँपालिकाका अध्यक्ष तथा महासमिति सदस्य खगेन्द्र तिवारीले असन्तुष्टी जनाएर मञ्चबाटै उठेर हिँडेका छन् भने कांग्रेसका अगुवा नेता कार्यकर्ताहरू प्रचारप्रसारमा हिँड्न छाडेका छन्। प्रदेश २ को हुवासमा केही दिन पहिले भएको आमसभामा गाउँपालिकाका अध्यक्ष तिवारीलाई बोल्न नदिएपछि उनी प्रतिनिधिसभाका उम्मेदवार अर्जुनप्रसाद जोशीसमेतलाई गाली गर्दै मञ्च छाडेर हिँडेका थिए। पैञ्यु क्षेत्रमा खगेन्द्र तिवारी कांग्रेसका खम्बा मानिन्छन्। उनी त्यसपछि कांग्रेसको प्रचारप्रसार कार्यक्रममा नै सहभागी भएनन्।

२०७४, कात्तिक
बुधबार
२९

मध्यमाञ्चल क्षेत्रीय प्रशासक बिनोद केसीले हेटौंडाको सडक विस्तार गरे मात्र हेटौंडाको भविष्य उज्ज्वल हुने भन्दै सडक फराकिलो पार्ने अभियानलाई तीव्रता दिनुभएको थियो। तर, उहाँको सरुवापछि र २५ मिटरका सम्बन्धमा अदालतमा मुद्दा परेपछि सडक फराकिलो पार्ने काम रोकिएको थियो।




## निर्वाचन हार्ने महिला भन्छन्-

# ‘पारिवारिक पीडा झेलेका छौं’




**हिक्मत नेपाली, दैलेख**

गत वैशाख ३१ गते सम्पन्न स्थानीय तह निर्वाचनमा चामुण्डाबिन्द्रासैनी नगरपालिका-४ बाट चुनाव लडेकी बसन्ता सापकोटा आफ्नै घरकी जेठानीसँग पराजय भइन्। नेकपा एमालेबाट खुल्ला महिला वडा सदस्यमा चुनाड लडेकी सापकोटा र घरकी जेठानी नेपाली काँग्रेस भएकाले उनको घरमा पारिवारिक कलहनै सिर्जना हुन पुग्यो। उनी भन्छिन- ‘म एमालेबाट उम्मेदवार बनें, जेठानी कांग्रेसबाट।’ दुई फरक पार्टीबाट एउटै घरका उम्मेदवार भयौं, त्यसैले परिवारमा मतभेद नै भयो।

सापकोटा भन्छिन्- ‘निर्वाचनको मत परिणाम आउनुअघि जसले जिते पनि घरमै वडा सदस्य आउँछ भन्ने जेठानी निर्वाचन जितेपछि बोल्नै छाड्नुभयो।’ निर्वाचनकै कारण परिवारभित्रैका सदस्यसँग बोलचाल बन्द भएपछि घरका अन्य सदस्यले अपमान गर्न थालेका छन्। उनी भन्छिन्- ‘परिवारबाटै अपमान हुन थालेपछि अहिले सामाजिक पीडामा बसेको छु।’ ‘निर्वाचनमा सहयोग गर्ने आफ्ना छोराछोरी चाँहिदारहेछन्। निर्वाचन लड्दा आफन्त चाँहिनेरहेछ,’ -सापकोटा भन्छिन्।

सापकोटा जस्तै गुराँस गाउँपालिका-५ की यामकुमारी चन्दको पीडा पनि उस्तै छ। चन्दले नेकपा एमालेबाट टिकट पाइन् तर पराजित भइन्। आफू चुनावभन्दाअगाडि महिला सञ्जालको अध्यक्ष भएर काम गरेको र सबैको मन जितेकाले निर्वाचनमा विजयी हुने उनको विश्वास साकार हुन सकेन। उनी भन्छिन्- ‘निर्वाचनमा पराजित भएपछि समाजले समेत फलानकी श्रीमती पराजित भएको भन्दै जिस्काउँछन्।’ त्यसैकै कारण अहिले म समाजिक पीडासँगै पारिवारिक पीडा भोगिरहेको छु। गुराँस गाउँपालिका-४ की हरिमाया सारु मगर स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट गाउँपालिकाको उपाध्यक्षको उम्मेदवार दिने सोचमा थिइन्। उपाध्यक्षमा पार्टीले टिकट नदिएपछि सबैको सल्लाहमा वडा सदस्यमा उम्मेदवार भएकी उनी अन्त्यमा १ मतले पराजित हुनुपर्‍यो। घरमा श्रीमान् माओवादीको नेता हुँदा पनि आफू कांग्रेसबाट उम्मेदवार भएकी हरिमाया अन्तिममा १ मतले पराजित भइन्। उनी भन्छिन् ‘त्यही निर्वाचनको परिणामस्वरूप अहिले दिनहुँ जसो पराजितको पीडा सहनुपरेको छ।’ घरका श्रीमान्ले किचकिच गरिरहन्छन्। समाजमा समेत फलानाकी श्रीमती चुनाव हारी ठिक्क भयो भन्ने धैरै छन्,’ -उनले पीडा सुनाइन्।

चामुण्डाबिन्द्रासैनी नगरपालिका-१ मा नेकपा एमालेबाट दलित महिला सदस्यमा निर्वाचित भएकी कौशीला विकको पीडा भने फरक छ। आफूहरू निर्वाचनमा जितेपनि कुनै काम गर्न नसकेको कौशिला बताउँछिन्। निर्वाचन जिते पनि हामीले ल्याएका योजना समावेश हुँदैनन्। उनले भनिन्- ‘स्थानीय सरकारको रूपमा रहेको वडा सदस्यका रूपमा विजयी भए पनि अहिलेसम्म केही गर्न सकेका छैनौं। केही काम गर्न नसकेको भन्दै अहिले घर र सामाजले आलोचना गर्छन्। वडा सदस्य भएपनि अब के गर्ने भन्ने अन्यौलमै छौं। आफूहरूले जनताका योजनाहरू ल्याए पनि आवश्यक पर्ने रकम नभएको भन्दै योजना समावेश नभएपछि किन जितियो भन्नेमा पुगेको उनले बताइन्।

उनले निर्वाचनको बेला स्थानीय जनतासँग गरेको बाचा पूरा हुन नसकेको भन्दै दु:ख व्यक्त गरिन्। उनीजस्तै स्थानीय तहको निर्वाचनमा उम्मेदवार भएर विजयी भएका महिलासमेत आफूहरूले भनेको योजना समावेश नभएका कारण जनतासमक्ष गरेका बाचा पूरा हुन नसक्ने देखेपछि अन्यौलमा भएको भगवतीमाई गाउँपालिका- २ की सदस्य सितला जैसीले बताइन्।

दुई दशकपछि सम्पन्न स्थानीय तह निर्वाचनमा महिलाहरूलाई प्रमुख र उपप्रमुखमध्ये एउटा पदमा अनिवार्य तथा दलित महिला सदस्य र एक जना खुल्ला महिला सदस्य पदमा अनिवार्य उपस्थिति हुनुपर्ने कानुनी व्यवस्था गरेकै कारण दैलेखका ११ वटा स्थानीय तह र ९० वटा वडाहरूमा विभिन्न पदमा महिलाहरूले उम्मेदवारी दिए। अहिले चुनाव हारेकै कारण सामाजिक समस्या भोग्दै आएका महिलाहरूलाई मनोविमर्स तालिम प्रदान गरिएको छ। चुनाव हारेका र जितेका महिलाहरूको आत्मबल बढाउनका लागि ११ वटै स्थानीय तहमा अर्जेन्ट एक्सन फन्डको सहयोगमा महिला सशक्तिकरण मञ्च नेला दैलेखले जिल्लाका विभिन्न स्थानीय तहहरूमा परामर्श तालिम सञ्चालन गरिएको हो। मनोविमर्श तालिमपश्चात चुनाव जितेका र हारेका महिलाहरूले आत्मबलसँगै हौसला बढेको बताएका छन्।

## प्रत्यक्षका उम्मेदवार व्यक्तिमा केन्द्रित

# दललाई भोट माग्ने समानुपातिक उम्मेदवार मात्रै

**नरेन्द्र केसी, घोराही, दाङ**

चुनावी सरगर्मी शुरू भएसँगै राजनीतिक दलका नेता कार्यकर्ता प्रचारप्रसारमा व्यस्त छन्। चुनावी सभा, घरदैलो र भेटघाट आदिका माध्यमबाट उम्मेदवारको पक्षमा मत माग्ने शुरू भइसकेको छ। उम्मेदवारले ‘मलाई भोट दिनुस्’ भन्ने भए, सँगसँगै हिँडेका कार्यकर्ताले पनि ‘उहाँलाई भोट दिनुहोला’ भन्दै हिँड्छन्। यो भीडमा थोरै यस्ता उम्मेदवार पनि छन्, जसले आफूलाई होइन दललाई भोट मागिरहेका भेटिन्छन्।

यो कसैको रहरभन्दा पनि चुनावी प्रणालीले नै यस्तो बनाइदिएको हो। पहिलो निर्वाचित हुने प्रणालीमा चुनाव लडेका उम्मेदवारले आफूलाई भोट मागिरहँदा समानुपातिक उम्मेदवारले भने आफूलाई होइन दललाई भोट मागिरहेका छन्। पत्यक्षर्फत प्रतिनिधिसभा र प्रदेशमा फरक-फरक उम्मेदवार चुनाव लडेका छन्। त्यसै गरी समानुपातिकतर्फ पनि प्रतिनिधिसभा र प्रत्यक्षतर्फ फरक-फरक उम्मेदवार छन्। तर, उनीहरूले आफूले पाउने मतसँग सरोकार नहुने भएकाले दलले जति धेरै मत पाउँछ, उति धेरै जना समानुपातिक सांसद बन्ने अवसर आउँछ। त्यसैले प्रत्यक्षतर्फका उम्मेदवारसँग वा एक्लाएक्लैरूपमा समानुपातिक उम्मेदवारले दलको पक्षमा मत माग्ने गरेका छन्।



### मतदातालाई बुझाउन हम्मेहम्मे

नमूना मतपत्रसहित मतदातामाझ पुगेका समानुपातिक उम्मेदवाहरूले मतदातालाई बुझाउन निकै समस्या रहेको बताए। ‘शुरूमा तीनथरि मतपत्र देखेर मतदातामा अलमलमा पर्छन्’- माओवादी केन्द्रबाट प्रदेश सभा सदस्यका लागि समानुपातिक उम्मेदवार सिर्जना चौधरीले भन्नुभयो- ‘समानुपातिक मतपत्रकै पनि तल र माथि दुई ठाउँमा छाप लगाउनुपर्ने भएकाले सामान्य मतदातालाई बुझाउन निकै समस्या देखियो।’

अहिले गठबन्धनमा रहेका दलहरूलाई प्रत्यक्षतर्फ निर्वाचन आयोगले सजिलो बनाइदिएको छ। जुन क्षेत्रमा जुन दलको उम्मेदवार उठेको छ उसको मात्र चुनाव चिन्ह राखेकाले उम्मेदवार नउठाएका दललाई सो क्षेत्रमा आफ्नो चुनाव चिन्हबारे प्रचार गरिरहनुपरेन। तर, समानुपातिकमा भने आ-आफ्नै चुनाव चिन्हमा मत माग्नुपरेकाले पनि दलहरूले आफ्नो प्रचार बढाएका छन्। त्यसैका लागि समानुपातिकलाई बढी मतदाताबीच लैजानुपर्ने र दलका लागि मत माग्ने व्यवस्था मिलाउनुपर्ने बाध्यतामा दलहरू छन्।

दाङमा क्रियाशील प्रमुख राजनीतिक दलहरूले पहिलो चरणमा समानुपातिक उम्मेदवारलाई पनि प्रत्यक्षतर्फका उम्मेदवारसँगै हिडाएर दलको पक्षमा मत माग्ने रणनीति बनाएका छन्। ‘समानुपतिक उम्मेदवारले प्रत्यक्षसँगै हिंडेर मत मागिरहनुभएको छ’ -कांग्रेस दाङका सचिव शंकर डाँगीले भन्नुभयो, ‘फरक यति होकि प्रत्यक्षका उम्मेदवारले आफूलाई भोट माग्नुहुन्छ भने समानुपातिकका उम्मेदवारले दलको पक्षमा मत माग्नुभएको छ।’

वाम गठबन्धनसम्बद्ध एमाले र माओवादी केन्द्रले पनि यस्तै रणनीति लिएका छन्। ‘कतिपय समानुपतिक उम्मेदवार प्रत्यक्षतर्फका उम्मेदवारसँगै हिंड्नुभएको छ भने कतिपय स्थानीयस्तरमा हुने भेला र भेटघाटमार्फत पार्टीको पक्षमा मत मागिरहनुभएको छ’- एमाले जिल्ला अध्यक्ष टीकाराम खड्काले भन्नुभयो। त्यस्तै माओवादी केन्द्रका जिल्ला इञ्चार्ज जीवन गौतमले पनि समानुपातिक उम्मेदवारहरू सम्बन्धित क्षेत्रमा रहेर दलको पक्षमा मत माग्न व्यस्त रहेको बताउनुभयो।

# सडक सीमाका घरटहरा हटाउन सूचना

हेटौंडा, (नेस)

डिभिजन सडक कार्यालय हेटौंडाले सडकको दायाँबायाँ सडक सीमाभित्र बनेका घरटहरा हटाउन सूचना निकालेको छ। घरटहरा हटाउन भन्दै डिभिजन सडकले सूचना निकालेको हो।

सूचनामा डिभिजन सडक कार्यालय हेटौंडाअन्तर्गत पर्ने पूर्वपश्चिम लोकमार्ग तथा त्रिभुवन राजपथको दायाँबायाँका संरचना यथाशक्य छिटो हटाउन भनिएको छ। नहटाए सडक ऐनबमोजिम हुने सूचनामा लेखिएको छ। यसअघि पनि डिभिजन सडक कार्यालयले सडकको दायाँबायाँ २५/२५ मिटर भत्काउन थालेको थियो। तर, यसबारे अदालतमा मुद्दा परेपछि रोकिएको थियो।

सडक कार्यालयका सूचना अधिकारी जयराम अधिकारीले नियमित प्रक्रियाअनुसार सूचना जारी भएको बताउनुभयो। सडक अतिक्रमण गरी निर्माण गरिएका संरचना भत्काउने काम सडकको कार्य क्षेत्रभित्रको काम भएको भन्दै अदालतमा मुद्दा रहेका कारण रोकिएको उहाँको भनाइ छ। तर, यी दुवै राजमार्गको दायाँबायाँ फेरि संरचनाहरू निर्माण हुन थालेपछि सूचना आएको सडक कार्यालयको भनाइ छ।

यसअघि मध्यमाञ्चल क्षेत्रीय प्रशासक बिनोद केसीले हेटौंडाको सडक विस्तार गरे मात्र हेटौंडाको भविष्य उज्ज्वल हुने भन्दै सडक फराकिलो पार्ने अभियानलाई तीव्रता दिनुभएको थियो। तर, उहाँको सरुवापछि र २५ मिटरका सम्बन्धमा अदालतमा मुद्दा परेपछि सडक फराकिलो पार्ने काम रोकिएको थियो। सरकारले हेटौंडालाई ३ नम्बर प्रदेशको अस्थायी राजधानी घोषणा गरेपछि हेटौंडाका सडक र संरचनाबारे बहस चुलिएको छ। यहीबीच डिभिजन सडकले जारी गरेको सूचना औपचारिकताका लागि मात्र हो कि साँच्चिकै काम गर्न हो, त्यो भने भोलिका दिनमा थाहा हुने विश्लेषण हुन थालेको छ।

# नि:शुल्क आँखा शिविरमा ८५ जनाको मोतीयाबिन्दुको शल्यक्रिया

लमजुङ, (नेस)

लमजुङको सदरमुकाम बेंसीशहरमा सञ्चालित नि:शुल्क आँखा शिविरका क्रममा ८५ जनाको मोतीयाबिन्दुको शल्यक्रिया गरिएको छ। मोतीयाबिन्दुका बिरामीहरूलाई लक्षित गरी सञ्चालन गरिएको ३ दिने उक्त शिविरमा ५ सय जना आँखाका बिरामीले सेवा लिए।

लायन्स क्लब काठमाडौं समृद्धिको आयोजना तथा नेपाल आँखा अनुज अधिकारी अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन गरिएको शिविरमा आँखाका बिरामीहरूको आँखा जाँच गरिनुका साथै मोतीयाबिन्दुको नि:शुल्क शल्यक्रिया गरिएको हो।

नेपाल आँखा अस्पतालका चिकित्सक डा. पूजा कार्कीको नेतृत्वमा आएका चिकित्सकको टोलीले आँखा जाँचसहित शल्यक्रियाको कार्य गरेको शिविरका संयोजक लायन शम्भुबहादुर थापाले बताउनुभयो। उहाँका अनुसार आर्थिक अभावका कारण पैसा तिरेर उपचार गर्न असम्भव भएका तथा शहरबजारसम्म गएर उचापर गर्न असमर्थ बिरामीहरूका लागि सदरमुकाम बेंसीशहरमै नि:शुल्क दिइएको हो। त्यस्तो सेवा लिन पाएकोमा बिरामी र तिनका आफन्तजनले आयोजकलाई धन्यवाद दिएका छन्।

उक्त नि:शुल्क शिविरमा शल्यक्रियासँगै औषधि पनि नि:शुल्क वितरण गरिनुका साथै टाढाटाढाबाट आएका बिरामीहरूका लागि बस्नको समेत व्यवस्था गरिएको संयोजक थापाले बताउनुभयो।

**ज्यापू महागूथि र श्री ज्यापू महागूथि नेपा : एकिकरणको विशेष अधिवेशन हुने वारे जरुरि सूचना**

ज्यापू महागूथि र श्री ज्यापू महागूथि नेपा: को एकिकरण गर्ने बारे शैदान्तिक सहमति नै निम्न मिति, स्थान र समयमा संयूक्त साधारण सभा तथा विशेष अधिवेशन बस्ने हुदा दुबै संस्थाका सदस्यहरुलाई जानकारी पठाइ सकेको यदि जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित भै दिन हुन विनम्र अनुरोध गरिन्छ।

**स्थान :** नेपा: वैक्यूट खुसिबू लिङ्रोड
**मिति :** २०७४/८/२ शनिवार
**समय :** बिहान ८ बजे

**कालु महर्जन**
**संयोजक**
**एकिकरण सम्मवय सिमिति**

**हार्दिक समवेदना**



जन्म
२००४/०८/१६

**लिला प्रसाद फुयाल**

स्वर्गारोहण
२०७४/०७/१७

यस कम्पनीका कर्मचारी श्री राम प्रसाद फुयालज्यूको
पूजनीय पिता **स्व. लिला प्रसाद फुयाल**को
स्वर्गारोहण भएको १३ औं दिनको पूण्यतिथिमा दिवगंत आत्माको
चिरशान्तिकोकामना गर्दै शोक सन्तप्त परिवारजनमा
धैर्यधारणगर्ने शक्ति प्राप्त होस् भन्ने कामना सहित वहाँ प्रति
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

**एभरेष्ट डि कार्गो प्रा. लि.**
**काठमाण्डौ**

**Government of Nepal**
**Ministry of Population &Environment**
**Department of Hydrology and Meteorology**
**Karnali Basin Office, Nepalgunj-Banke**

**Invitation for Bids**

**Contract Identification No: MoPE-DHM/KBO/Works/NCB/01/074/75**
**Date of publication: 15/11/2017 (2074/07/29)**

1. Ministry of Population & Environment, Department of Hydrology and Meteorology, Karnali Basin Office Banke (hereafter Employer) invites sealed bids from eligible and qualified bidders for the following building construction works.

| S No. | Contract No. | Description of Works | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Annual Construction Turnover (Without VAT) | Last Date of Bid Purchase and Time | Last Date of Bid Submission and Time | Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MoPE-DHM/ KBO/Works/ NCB/01/074/75 | Construction of Karnali Basin Office Building, Kohalpur-11, Banke. | 9,50,000 | 5000 (Non Refundable) | 3,50,00,000 | 2074/08/28 at Office Hours | 2074/08/29 at 12:00 Noon | 2074/08/2 9 at 13.00 PM |

2. Eligible bidders may visit the E-Procurement Section of Public Procurement Monitoring Office PPMO's website www.bolpatra.gov.np regarding bidding documentor may get general information from employer office. Full Address of Employer :Karnali Basin Office, Nepalgunj-Banke. Telephone No: 081-521858, Fax No: 977-081-521858, Email Address: kbobanke@gmail.com .
3. Any bidder who wishes to bid for this contract must register on PPMO e-procurement portal **www.bolpatra.gov.np**, uploading Company Registration Certificate, VAT & PAN Registration Certificate & Tax Clearance Certificate for the year 2073/74 in pdf format & other necessary document as prescribed by PPMO.
4. Only electronic media (e-bidding) is permitted & registered (as mentioned above) bidder can download the bidding documents from www.bolpatra.gov.np, after the bidder deposit the cost of bidding document (NRs 5000 nonrefundable) in the Project's revenue (Rajaswa) account as specified below & upload the scanned copies of bank voucher of cash deposit (pdf format) on account/code No. of the employer or as directed by PPMO. Information to deposit the cost of Bidding Document in Bank: **1) Name of Bank: RastayaBanijaya Bank, Dhamboji- Branch, Nepalgunj, 2)Office Code Number: 62-331-01, 3)RajaswaSirsak (Revenue Heading) Number: 14227, 4)Rajaswa Account 1-1-001.**
5. The name of depositor in voucher of the cash deposit for the bidding document fee should be the name of the bidder/bidders (in case of JV itself). If the name of the bidders and name of the depositor in the voucher differs or voucher is in the form of FAX transfer the bid shall be considered as non-responsive.
6. Original bank guarantee from "A" class commercial bank of Nepal having duration of 120 days from the last date of bid submission should be submitted along with bid document. If the bidder wishes to deposit bid security in the form of cash:**1) Name of Bank: Rastaya Banijaya Bank ,Nepalgunj Branch, 2) Account Name : (DTCO : Ko.Le.Ni.Ka, Banke, 3) Dharauti Account No: 4130203000000.**
7. Bidders may withdraw or modify its bids **prior to the deadline for submission of bids by online method.**
8. If any confusion arise to the bidders regarding the bid document, the bidders can get online information through their registered Bolpatra ID from PPMO's e-procurement portal.
9. Pre-Bid meeting shall be held at Karnali Basin Office, Nepalgunj- Banke at 13:00 hours on 2074/08/14.
10. The Technical Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Karnali Basin Office, Nepalgunj- Banke immediately after the submission deadline at 13:00 hours on 2074/08/29.If bid document purchasing, submission & opening date falls on government holiday, then the next working day shall be considered as last day. In such case bid security validity period shall remain the same as specified for the original last date of bid submission.
11. After the completion of evaluation of Technical Bid, substantially responsive evaluated bidders will be invited to attend the opening of Price Bids. The date, time and location of Opening of Price Bid shall be notified in writing or published in national daily or to bidder's registered email.
12. The employer may request bidder to submit original documents regarding qualification & experience during evaluation by written letter & if bidder is unable to furnish such document or the document is found different than originally submitted, the bid will be substantially unresponsive.
13. The Employer reserves the right to accept or reject any bid and to annul the process and reject all bids at any time prior to contract award.
14. The other terms & conditions of bidding procedure will be according to the e-procurement Directives (Bidhutia Kharid Pranali Sanchalan Marg- Nirdeshika-2074) issued by PPMO.
15. Other mandatory information shall be as per Public Procurement Act 2063 and Public Procurement Regulations 2064 (Amended).

**Office Chief**

# विश्व

**साहसी**
बेलायती डाक्टर चालीले अस्ट्रेलियाको सिड्नीको समुद्रमा सार्कको मुखमा मुक्का हानी ज्यान जोगाएको बताएका छन्।



**सान्त्वना**
इरानी राष्ट्रपति रुहानी इरानको भूकम्पग्रस्त क्षेत्र सार्पोल ए जाहावको भ्रमण गर्दै।





विश्व २ मिनेट

## बेलायत

### सार्कको मुखमा मुक्का

लन्डन, (एजेन्सी)

बेलायतका एक जना डाक्टरले आफूलाई अस्ट्रेलियामा सार्कले आक्रमण गरी घाइते बनाएपछि त्यसको मुखमा मुक्का हानेर भाग्न सफल भएको बताएका छन्। सोमबार सिड्नीको उत्तरी तटमा २५ वर्षीय चार्ली फ्राईमाथि सार्कले आक्रमण गरेको थियो। समुद्रबाट अचानक निस्केका सार्कले उनको दायाँ काँधमा टोकेको प्रहरीले जनाएको छ। सर्पिङ गरिहेका बला उनीमाथि हमला भएको थियो। सन् २०१५ मा भएको सर्फिङ प्रतियोगितामा एउटा सार्कसँग जमेर भिडेका चर्चित सर्फर मिक फ्यानिङबाट प्रेरित भएर आफूले सार्कलाई मुक्का हानेको बताएका छन्।

## भारत

### मुस्लिम मारिए

नयाँदिल्ली, (एजेन्सी)

भारतको उत्तरी राजस्थान राज्यको प्रहरीले एक मुस्लिमको हत्या गरेको अभियोगमा मंगलबार एक जनालाई हिरासतमा लिएको छ। ती व्यक्ति गाई संरक्षण गर्ने हिन्दु भिजिलान्ते समूहका सदस्य हुनुपर्ने अनुमान गरिएको छ। ती मारिने उम्मार खान र अन्य दुई व्यक्तिलाई शुक्रबार आफ्नो सवारीसाधनमा गाई ओसारीरहेको समय आक्रमण गरिएको प्रहरीले जनाएको छ। यस घटनामा अर्का एक व्यक्ति गम्भीर घाइते भएका छन् भने सवारी चालक भाग्न सफल भएका थिए। हिन्दु धर्मावलम्बीले गाईलाई पवित्र जनावरको रूपमा पूजा गर्ने गर्दछन्।

## जिम्बाबे

### सेनाको चेतावनी

हरारे, (एजेन्सी)

जिम्बाबेका सैनिक प्रमुखले राजनीतिक सफायाको आरोप लागेको हालैको कदमलाई लिएर राष्ट्रको राजनीतिक नेतृत्वलाई चेतावनी दिएको छ। यसले आर्थिक जर्जरताका कारण ध्वस्त बनिसकेको उक्त देशमा सैनिक विद्रोहको सम्भावना बढेको छ। सेनाको यस प्रकारको चेतावनी अत्यन्त दुर्लभ मानिन्छ। सन् २००४ मा देशको सशस्त्र बलको प्रमुखमा पुगेका क्रान्तिकारी जनरल कन्स्टान्टिनो चिवेंगाले जिम्बाबेमा बेलायती उपनिवेश अन्त्य गर्न महत्त्वपूर्ण भूमिका खेलेका सत्तारुढ दलका नेताहरूको रक्षा गर्न सैन्य बल प्रयोग गर्न सक्ने चेतावनी दिएका छन्। राष्ट्रपति रोबर्ट मुगाबेले हालै मात्र उपराष्ट्रपति इमर्सनलाई पदच्युत गरेका थिए।

## अमेरिका

### बैठक बहिष्कार

राष्ट्रसंघ, (एजेन्सी)

भेनेजुयलाको विषयमा अमेरिकाद्वारा आयोजित संयुक्त राष्ट्र सुरक्षा परिषद्को अनौपचारिक बैठकलाई रुस, चीन, इजिप्ट र बोलिभियाले बहिष्कार गरेका छन्। १५ सदस्यीय उक्त विश्व संस्था निकायले भेनेजुयलाको मामिलामा संलग्न हुन नहुने उनीहरूले बताएका थिए। उक्त मुद्दा भेनेजुयलाको आन्तरिक घरायशी मामिला भएको र त्यसैलाई तोडमरोड गरेको राष्ट्रसंघका लागि रुसी राजदूत वेसिल्ली नेवेन्जियाले पत्रकारहरूलाई बताए। भेनेजुयलाले उक्त मुद्दालाई शान्तिपूर्ण तरिकाले बाहिरी हस्तक्षेपबिना समाधान गर्नेमा आफू आशावादी रहेको पनि उनले थपे।

# म्यानमार सेनाको प्रतिवेदन सार्वजनिक



यांगुन, (एजेन्सी)

म्यानमार सेनाले मंगलबार अल्पमत मुस्लिम समूह रोहिंग्यामाथि अत्याचार गरेको भनी आफूमाथि लागेको आरोपमा गरिएको आन्तरिक अनुसन्धानको परिणाम सार्वजनिक गरेको छ।

सो सार्वजनिक गरिएको प्रतिवेदनमा सेनाले रोहिंग्यालाई नमारेको, तिनीहरूको गाउँ नजलाएको, महिला तथा बालिकालाई बलात्कार नगरेको तथा तिनीहरूका भौतिक सम्पत्ति नचोरेको जनाएको छ।

यो प्रतिवेदन बीबीसीका पत्रकारहरूले यस समस्या सम्बन्धमा प्रस्तुत गरेका प्रमाणसँग मेल खाएको छैन।

संयुक्त राष्ट्रसंघले सरकारी फौजले रोहिंग्या मुस्लिमलाई सफाया नै गरेको आरोप लगाएको थियो। अन्तर्राष्ट्रिय मानव अधिकार निकाय एमनेस्टी इन्टरनेसनलले सेनाको प्रतिवेदनलाई बनावटी भएको बताएको छ। एमनेस्टीले संयुक्त राष्ट्रसंघलाई सो क्षेत्रमा सत्य तथ्य पत्ता लगाउनेलाई परिचालन गर्न अनुरोध गरेको छ।

रोहिंग्यामाथि दमन भइरहेको बताइएको क्षेत्रमा सञ्चारको प्रवेशलाई सहज बनाइएको छैन। करिव ६० लाख रोहिंग्या छिमेकी मुलुक बंगलादेशतर्फ पलायन भइसकेका छन्। रोहिंग्या लडाकूले प्रहरी चौकीहरूमा आक्रमण गरी सुरक्षाकर्मीको हत्या गरेपछि समस्या चर्केको हो।

**Invitation for Bids**

***[Nepal Automobiles' Association (NASA)]***

Invites for Bids for the Construction of Racing Circuit / Driving Institute
[Floor/Slab Casting (RCC Works)]

Contract Identification No: 02/HimalayanMotorLand(Racing Circuit/Driving Institute)/074-75

Date of publication: 11/15/2017

1) ***Nepal Automobiles Association (NASA***) has allocated funds towards the cost of ***Himalayan Motor Land Project*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***02/ Himalayan Motor Land(Racing Circuit/Driving Institute) /074-075***. Bidding is open to all eligible Nepalese Bidders.
2) ***Nepal Automobiles Association (NASA)*** invites sealed bids from eligible bidders for the construction of Racing Circuit / Driving Institute at Dhulikhel-7 under National Competitive Bidding procedures.
3) Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Nepal Automobiles Association (NASA), Lainchaur (Scout Building), Kathmandu***.
4) A complete set of Bidding Documents may be purchased from the office of NASA with submission of a written application, along with the copy of company/firm registration certificate, Tax clearance Certificate of F/Y 073-74 and upon payment of a non-refundable fee of ***NPR 3,000 till before 17:00 Hrs of 30th days from date of publication***.
5) If bidder wishes to submit the bid security in the form of cash, bidder has to deposit cash at **Janata Bank Nepal Ltd. in Account Name:** ***Nepal Automobiles Association*** in ***Account No. 024002006078201***
6) ***Sealed Bids must be submitted to the above office on or before 12:00 Hrs of 31st day from date of publication***. Bids received after this deadline will be rejected.
7) The Bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 Hrs of 31st day from date of publication*** at the office ***of NASA***. Bids must be valid for a period of ***7 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***NPR 1,80,918.45,*** which shall be valid for ***180 days*** beyond the validity period of the bid.
8) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
10) The Employer reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning any reason, whatsoever.

**For any further information, please Contact:**
NASA Office: 01-4005171, Dasarath Risal: 9851022906
Niraj Khadka: 9841238944 , Pashupati Adhikari: 9849822001

**Note: For the same project interested applicant for supervision & quality control (i.e. Consultant) can contact at address provided above within 15 days after the date of publication.**

# दक्षिणतर्फ भाग्ने उत्तर कोरियाली सैनिक सिकिस्त



सोल, (एजेन्सी)

दक्षिण कोरियाली सेनाले सोमबार अत्यन्तै कडा सुरक्षा प्रबन्ध गरिएको असैनिक क्षेत्रबाट एक जना उत्तर कोरियाली सैनिक दक्षिण कोरियातर्फ भागेर आएको बताएको छ।

पान्मुन्जोम गाउँस्थित संयुक्त सुरक्षा क्षेत्रबाट सीमापार गरेर दक्षिण कोरियातर्फ जाँदै गरेका ती सैनिकलाई आफ्नै सेनाले गोली हानी घाइते बनाएको सोलले जनाएको छ।

असैनिक क्षेत्रबाट प्रवेश गरेका ती सैनिकमाथि आफ्नै सहकर्मीहरूले ४० राउन्ड गोली प्रहार गरेको र उनलाई ५ वटा गोली लागेको बताइएको छ।

ती भगौडा सैनिकलाई उपचारका लागि दक्षिण कोरियाको अस्पतालमा भर्ना गरिएको छ। उनको स्वास्थस्थिति चिन्ताजनक रहेको छ। संयुक्त सुरक्षा क्षेत्रसम्म गाडीमै आएका उनको गाडीको एउटा पांग्रा खुकुलो भएकाले उनले बाँकी यात्रा हिँडेरै तय गर्नुपरेको सोलले जनाएको छ। हरेक वर्ष करिव १ हजार जना उत्तरबाट दक्षिण कोरियातर्फ भाग्ने गर्दछन्।

तर, असैनिक क्षेत्रबाट भने कमै मात्र भाग्ने गरेका छन्। विगत ३ वर्षभित्र उक्त क्षेत्रबाट दक्षिण कोरिया प्रवेश गर्ने यिनी चौथो उत्तर कोरियाली सैनिक हुन्। सन् १९५३ को कोरियाली युद्ध कुनै औपचारिक शान्ति सम्झौतामा नभई युद्ध विराममा मात्र टुंगिएकाले उत्तर र दक्षिण कोरिया अझै प्राविधिकरूपमा युद्धरत रहेको मानिन्छ।

सोलले कोरियाली युद्ध टुंगिएयता ३० हजारभन्दा बढी उत्तर कोरियाली भागेर दक्षिण पुगिसकेको जनाएको छ। दक्षिण कोरियाली रक्षामन्त्री सोंङ योङ मूले संयुक्त सुरक्षा क्षेत्रको दक्षिणको भागमा उत्तर कोरियाली सैनिकलाई गोली हानिएको यो पहिलो घटना भएको विधायकहरूलाई जानकारी गराएका छन्।

केही विधायकहरूले यसबाट कतै दुई देशबीचको युद्धविराम सम्झौता उल्लंघन त भएन भनी प्रश्न गरेको योन्हाप न्युज एजेन्सीले जनाएको छ। यसैबीच सोमबार उत्तर कोरियातर्फ प्रवेश गर्ने प्रयासमा रहेका एक जना अमेरिकीलाई पक्राउ गरिएको पनि योन्हापले जनाएको छ। नाम नखुलाइएका ती ५८ वर्षीय अमेरिकीले नागरिक नियन्त्रण रेखापार गर्न खोजेको र यस सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको बताइएको छ।

Government of Nepal
**Ministry of Home Affairs**
**District Police Office**
Morang

**Invitation for Bids**

Date of publication 2074/07/29

1. **District Police Office, Morang invites** electronic bid from eligible and interested bidders for the following works under National Competitive Bidding Procedures. Eligible bidders having the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years and Minimum Work experience of similar size and nature: At least one having the value mentioned in Table below.

| Contract Number | Description of Works | Similar Nature Work Experience & Cash Flow | Average Annual Turn Over | Fee for bids (Rs) | Bid Security (Rs) | Remarks |
|---|---|---|---|---|---|---|
| N1SP/RAN-REG/074-75 | Construction of Office Building, Septic Tank and Soak pit at Area Police Office, Rangeli, Morang | 21,500,000.00 & 6,700,000.00 | 40,000,000.00 | 5,000.00 | 560,000.00 | 2-Envelope |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portal as specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account as below within the date and time specified.

| Office Code | Rajaswa Khata No. | Cash Deposit for Bid Security | Name of the Bank |
|---|---|---|---|
| 10-314-09 | 0601601014070010 | Dharauti Khata No: 0601601014070045 (Ko. Le. Ni. Ka.Ekal Khata, Morang) | Agriculture Development Bank, Main Branch, Biratnagar |

3. The last date of bid purchase is **2074/09/06** within office hour.
4. Electronic bids must be submitted at **District Police Office, Morang** through PPMO websites on or before **12:00 Hours** on **2074/09/07**.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hours** on **2074/09/07** at the **District Police Office, Morang.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a **bid security** amounting to a minimum of above mentioned amount, which shall be valid for 30 days beyond the validity period of the bid after deadline of Bid Submission.
6. Bid Security Guarantee must be in the format prescribed in the bid document.
7. Any amendment in this tender notice shall be pasted on the notice board of the **District Police Office, Morang** and the website.
8. Other things not included in bidding documents will be as per Public Procurement (1st Amended) Act 2073 and PPR 2064 (5th Amended 2073 BS).
9. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever. **Note:** Please refer to the complete set of bidding documents from the PPMO Website for **pre-bid meeting** and for further information.

# इरान भूकम्पमा मर्नेको संख्या ४ सय नाघ्यो

तेहरान, (एजेन्सी)

इरान र इराकको सीमावर्ती क्षेत्रमा आइतबार आएको भूकम्पमा ठूलो संख्यामा मानिस हताहत भएको छ। भूकम्पमा मर्नेको संख्या बढेर ४ सय नाघिसकेको छ।

त्यसै गरी इराकमा उक्त भूकम्पबाट मर्नेको संख्या ९ पुगेको छ। इरानको सरकारी समाचार एजेन्सीले एक अधिकारीलाई उद्धृत गर्दै करिब ७ हजार जना घाइते भएको उल्लेख गरेको छ। त्यसै गरी करिब ७० हजार नागरिक घरबारविहीन बनेका छन्। इरानमा यो वर्षमा ३ पटक भूकम्प आइसकेको छ।

अमेरिकी भूगर्भ सर्वेक्षणले हालै आएको भूकम्पको केन्द्रविन्दु इराकी इलाका हलाब्जाबाट दक्षिण पश्चिममा ३२ किलोमिटर दूरीमा रहेको जनाएको थियो।

इरान लामो समयदेखि भूकम्प प्रभावित देश रहेको छ। यहाँ करिब हरेक वर्ष भूकम्प आउने गरेको छ। यस वर्षको कुरा गर्ने हो भने आइतबार आएको भूकम्प चौथो कम्पन हो। यसअघि मे, अप्रिल र जनवरीमा भूकम्मको धक्का महसुस गरिएको थियो। ती भूकम्पहरू ५ देखि ७ रिक्टर स्केल तीव्रताका थिए। यसपटक आएको भूकम्प ७ दशमलव ३ म्याग्निच्युडको हो।



### भूकम्प आउनुको कारण

इरानमा भूकम्प आइरहनुको कारण इरानको जागरोस पर्वत शृंखलालाई मानिएको छ। यो पर्वत अरेबियन प्लेट्स र युरेसियन प्लेट्स एक-आपसमा ठोक्किएर बनेको हो। भूकम्पको चक्र चल्ने क्रममा ती पर्वतहरूको निर्माण भएको हो। अरेबियन र युरेसियन प्लेट्स पटक-पटक ठोक्किने गर्छ। जसले जागरोस पर्वतमा पटक-पटक भूकम्पको झट्का आउने गर्छ। यद्यपि भूकम्प आउनुको प्राकृतिक कारणबाहेक मानव निर्मित कारण पनि जिम्मेवार हुन्छ। इरानलाई भूकम्पको हिसाबले अत्यन्त धेरै सक्रिय देश मानिँदैन। भूकम्पमा अत्यन्त धेरै ऊर्जा निष्कासन हुने स्थानलाई मात्र अतिसक्रिय मानिन्छ र धेरै म्याग्निच्युडको भूकम्प आउने गर्छ। तर, इरानमा धेरै तीव्रताको नभई भूकम्पको संख्या धेरै हुने गरेको छ।

**सच्याइएको**

**मिति २०७४ कात्तिक २६ गते नेपाल समाचारपत्रको पृष्ठ ९ मा प्रकाशित** No.1 State Police Office Biratnagar, Morang **को Invitation for Bids सम्बन्धी सूचनामा** District Police Office Vojpur **को** Cash Deposit for Bid Security **मा** Dharauti Khata No. 2220203000000 Ko.Le.Ni.Ka. Vojpur, Name of the Bank **मा** Rastriya Banijaya Bank Vojpur **र** District Police Office Khotang **को** Dharauti Khata No.206020300000 Ko.Le.Ni.Ka. Khotang, Diktel **हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।**

बाबुराममले प्रचण्डले आफूसँगको भेटमा तपाईंकै बाटो ठीक भनेर भनिसकेको उनको दाबी छ। 'प्रचण्डजीले मसँग भेट हुँदा मेरो बाटो ठीक भन्नुभएकै छ', उनी भन्छन्- 'उहाँले मेरो बाटो ठीक मात्र भन्नुभएको छैन, कुनै दिन सोही बाटोमा हाम्रो भेट हुन्छ समेत भन्नुभएको छ।'

# 'कम्युनिस्टले जितेमा रुनु पर्दैन, खुसी हुने हो'

नेपाल समाचारपत्र

काठमाडौं

आगामी निर्वाचनमा कांग्रेसले कम्युनिस्ट व्यवस्था आए रुन पनि पाइँदैन भन्ने भ्रम छरेको भन्दै वाम गठबन्धनले आफूहरूको सरकार आए जनता सबै खुसी हुने बताएको छ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसले कम्युनिस्टले अधिनायकवाद ल्याउँछ भनेर भ्रम गरेकोप्रति असन्तुष्टि जनाउँदै उहाँले वामपन्थी सरकारले अनैतिक र भ्रष्टरूपमा काम नगर्ने दाबी गर्नुभएको छ।

एमालेले बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि भएको सम्झौता खारेज गरेकोप्रति आपत्ति जनाएको छ। एमालेका अध्यक्ष ओलीले सरकार र गेजुवा कम्पनीका बीचमा भएको सम्झौता खारेज गरेकोप्रति आपत्ति जनाउनुभयो।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रको वाम गठबन्धनले मंगलबारदेखि काठमाडौंमा शुरू गरेको संयुक्त चुनावी सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले आगामी निर्वाचनमा वाम गठबन्धनले दुई तिहाई बहुमत ल्याउने बताउनुभयो।

कार्यक्रममा एमालेका नेता एवं काठमाडौं प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार माधवकुमार नेपालले वामशक्ति एकताबद्ध हुनु समयको माग र देशको आवश्यकता भएको बताउनुभयो। 'कम्युनिस्टले जितेमा रुन पनि पाइँदैन भनिनु अन्यथा होइन, किनकि हामीले जितेमा प्रत्येक नेपाली सुखी र समृद्धि हुनेछन्' -उहाँले भन्नुभयो।

कार्यक्रममा माओवादी केन्द्रका सचिवालयका सदस्य एवं काठमाडौं १० का प्रतिनिधिसभा सदस्य उम्मेदवार हितमान शाक्यले समाजवाद स्थापनाको लक्ष्यसहित वामशक्ति मिलेर चुनावी मैदानमा आएको बताउनुभयो। एमाले काठमाडौं निर्वाचन परिचालन कमिटीका संयोजक एवं काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौं जिल्लामा स्थानीय निर्वाचनमा पनि वामपन्थीको पकड स्थापित भएकाले आफूहरूको विजय निश्चित भएको बताउनुभयो।

काठमाडौं जिल्लामा प्रतिनिधिसभाका १० क्षेत्रमध्ये एमालेका ७ र माओवादी केन्द्रका ३ उम्मेदवार छन्। उम्मेदवारमा काठमाडौंमा प्रतिनिधिसभाका लागि क्षेत्र नम्बर १ मा अनील शर्मा, २ मा नेता नेपाल, ३ मा कृष्ण राई, ४ मा डा. राजन भट्टराई, ५ मा एमाले महासचिव ईश्वर पोखरेल, ६ मा झक्कु सुवेदी, ७ मा रामवीर मानन्धर, ८ मा जीवन राम श्रेष्ठ, ९ मा कृष्णगोपाल श्रेष्ठ र १० मा नेता शाक्य हुनुहुन्छ।

यसैगरी प्रदेशसभा सदस्यका २० उम्मेदवारमा एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, सानुकुमार श्रेष्ठ, रामेश्वर फुयाँल, केशव स्थापित, डा.अजय क्रान्ति शाक्य, नारायण सिलवाल, रमा आले मगर, विष्णुकुमारी भुसाल, निर्मल कुइँकेल, योगेन्द्र संग्रौला, केशव पोखरेल, दिलीप महर्जन, गणेश दुलाल, मणिराम फुयाँल, वसन्त मानन्धर, दीपक निरौला, प्रकाश श्रेष्ठ, रुद्र बराइली, राजेश शाक्य र कुसुमकुमार कार्की हुनुहुन्छ।

## 'प्रचण्ड मेरै लाइनमा आउनुहुन्छ '

गोरखा, (नेस)

नयाँ शक्ति पार्टीका संयोजक तथा नेपाली कांग्रेसको समर्थनमा गोरखा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार डा. बाबुराम भट्टराईले नेपालमा कम्युनिस्टहरू एक हुन सक्ने अवस्था नरहेको बताएका छन्। चुनावी अभियानका क्रममा पालुंटार-९ मा आयोजित कार्यक्रममा भट्टराईले यस्तो बताएका हुन्।

'अहिलेको अवस्थामा नेपालमा कम्युनिस्ट भन्नेहरू एक हुन सक्ने अवस्था छैन', भट्टराईले भने- 'प्रचण्ड पनि आखिरीमा मेरै लाइनमा आउने हो। अहिले लोकतन्त्रलाई विश्वास गरेर परिवर्तन चाहनेहरू मात्रै एक हुन सक्छन्। एमाओवादी र एमाले पार्टीमा यी कुराहरू नै छैनन्।'

बाबुरामले प्रचण्डले आफूसँगको भेटमा तपाईंकै बाटो ठीक भनेर भनिसकेको उनको दाबी छ। 'प्रचण्डजीले मसँग भेट हुँदा मेरो बाटो ठीक भन्नुभएकै छ', उनी भन्छन्- 'उहाँले मेरो बाटो ठीक मात्र भन्नुभएको छैन, कुनै दिन सोही बाटोमा हाम्रो भेट हुन्छ समेत भन्नुभएको छ।'

माओवादी अहिले एमालेले हालेको आस्वासनका पछाडि कुदिरहेको उनको आरोप छ। माओवादी पार्टीलाई सर्लक्कै छोड्न नसकेर कहिले पार्टी एकीकरण र कहिले नेपालमा कम्युनिस्ट केन्द्र स्थापनाका कुरा प्रचण्डले गरेको भट्टराईको तर्क छ। चुनावी प्रचारका क्रममा भट्टराईले पालुंटार नगरपालिकालाई नेपालकै नमुना नगरपालिका बनाउन नयाँ शक्ति पार्टीको आँखा चिह्नमा मतदान गरी आफूलाई विजयी गराउन मतदातालाई उनले आग्रह गरे।

'पालुंटार नगरपालिका सबैको प्राथमिकतामा परेको क्षेत्र हो', उनले भने- 'अहिलेको मेयरसाप पनि इन्जिनियर हुनुहुन्छ। उहाँले केही नक्सा कोर्नुभएको छ। तपाईंहरूले मलाई पनि जिताएर नीति निर्माणको तह र बजेट विनियोजन गर्ने ठाउँमा पुन्याइदिनु भए नमुना पालुंटार बन्न बेर लाग्ने छैन।'

## कलेजका नाममा ठगी

# सञ्चालकद्वारा विद्यार्थी गायब

मोतीराम तिमल्सिना, काभ्रे




सीएमए र अनमी अध्ययनका लागि देशका विभिन्न जिल्लाबाट अध्ययनका लागि नेसनल हेल्थ फाउन्डेसन जनागाल बनेपामा भर्ना भएका ८० विद्यार्थी ठगी गर्ने सञ्चालक अझै कारबाहीको दायरामा आउन सकेका छैनन्।

'ठगी गर्ने सञ्चालकहरूले नै विद्यार्थीलाई अर्को वर्ष परीक्षा दिने तर कतै उजुरी नगर्ने कागजमा सही गराएका छन्', एक विद्यार्थीले भने- 'हामीसँगै अध्ययन गरेका साथीहरू फाइनल परीक्षा दिइरहेका छन्, हामीलाई घुमाउन लगिएको छ।'

सञ्चालकहरूले बन्दीजस्तै गरी मोबाइल फोनसमेत सम्पर्क नहुने गरी कसैसँग भेट्न समेत दिएका छैनन्। 'अभिभावकहरूलाई समेत ठगीका बारेमा कसैलाई उजुरी नगरिदिन अनुरोध गरेका छन्', विद्यार्थीले भने- 'सीटीईभीटीका कर्मचारीहरूको मिलेमतोमा अनुमति पाएको भन्दा दोब्बर विद्यार्थी भर्ना लिएपछि नुवाकोट टेक्निकल इन्स्टिच्युटका नाममा नक्कली फाराम भराएको भए पनि रजिस्टर हुन नसक्दा परीक्षाबाट वञ्चित हुनुपन्यो।'

समयमै नवीकरणसमेत नगरेको नेसनल हेल्थ फाउन्डेसनका बारेमा ठगीको समाचार आएलगत्तै सोमबार बिहानै जिल्ला प्रशासन कार्यालयमा एनजीओ नवीकरणका लागि फाइल पुगेको थियो। असोज २८ गते साधारणसभा भएको विवरणसहित कात्तिक २७ गते नवीकरणका लागि जिल्ला प्रशासन कार्यालयमा फाइल पुगेको थियो।

'हतार-हतार नवीकरणका लागि पुगेको टोलीले वडाको सिफारिस नलगेपछि पुनः सिफारिस लगेर नवीकरण गरे' -प्रशासनका एक कर्मचारीले भने। २०५३ साल चैत २९ गते जिल्ला प्रशासनको ३३४ नम्बरमा दर्ता भएको उक्त संस्थामा अध्यक्ष प्रकाश रजौरीया, सचिव जया ढुंगाना, कोषाध्यक्ष सत्यनारायण यादव रहेका छन् भने कोषाध्यक्ष पुष्पराज खनाल, कन्हैयालाल संघाई, रोशनी अमात्य र मिनु जोशी रहेका छन्। कोटेश्वरमा शाखा कार्यालय राख्ने अनुमति लिएको उक्त संस्थाको मुख्य कार्यालय साविक जनागाल गाविस ८ हो।

वार्षिक १ लाख ५० हजारका दरले करोडभन्दा धेरै रुपियाँ संकलन गरेर फरार भएका सञ्चालकहरू राजनीतिक दलको फेर समातेर ठगीबाट उम्कने प्रयासमा छन्। 'बनेपामा रहेको नेसनल हेल्थ फाउन्डेसनका नाममा विद्यार्थी भर्ना गराएर सञ्चालक सदस्य सचिव शिलाकान्त झा र प्रशासन प्रमुख सुरज ज्ञवालीले दर्ता नै नभएको नुवाकोट टेक्निकल इन्स्टिच्युटका नाममा झुक्याएर फाराम भराएका थिए। गत शुक्रबारदेखि शुरू भएको फाइनल परीक्षामा सहभागी हुन नपाएका विद्यार्थीहरूलाई प्रशासन प्रमुख सुरज ज्ञवालीले पीरक्षा हुन्छ भन्दै परीक्षा दिने अवसरबाट वञ्चित गराएका थिए।

नेसनल हेल्थ फाउन्डेसनले सीएमए र अनमी अध्ययनका लागि ४०/४० जनाको अनुमति प्राप्त गरेको छ। जिल्लामा काभ्रे हेल्थ ट्रेनिङ इन्स्टिच्युट र नेसनल हेल्थ फाउन्डेसनबाट १ सय ६० विद्यार्थीले अध्ययनको अनुमति प्राप्त गरेका छन्। तर नेसनल हेल्थ फाउन्डेसनले अनुमति भएको भन्दा दोब्बर विद्यार्थीहरू अध्यापन गराउँदै आएको थियो। सोही इन्स्टिच्युटमा अध्ययन गरेकामध्ये ८० जनाले शुक्रबारदेखि बनेपा पोलिटेक्निक स्कुलमा भएको परीक्षामा सहभागी हुने अवसर पाए भने बाँकी ८० जना विचल्लीमा परे।

विचल्लीमा परेका ८० जनालाई सञ्चालक ज्ञवालीले बनेपा नगरपालिका वडा नम्बर ८ स्थित रामकुमार श्रेष्ठको घर भाडामा लिएर परीक्षा सञ्चालनको तयारी गरी प्रवेशपत्र वितरण गरेका थिए। 'अध्ययन एउटामा प्रवेशपत्र अर्को इन्स्टिच्युटको वितरण गरेपछि शंका लागेर बुझ्दा उल्टै प्रमाणपत्र भए भएन भनेर गाली गर्नुभयो', एक विद्यार्थीले भने- 'भोलिपल्टको परीक्षा बिग्रिने डरले केही नभनी चुपचाप बस्दाबस्दै ज्ञवाली बेपत्ता भएछन्, झा त केही महिनाअघि देखि नै बाहिर बस्दै आएको थाहा पायौं।' सीटीईभीटीका कर्मचारीहरूको संलग्नतामा उक्त कलेजले अनुमतिभन्दा धेरै विद्यार्थी भर्ना गरेर पढाउँदै आएको थियो। अनुगमनका क्रममा पनि उक्त विद्यालयलाई कुनै सजाय दिइएको थिएन।

उल्टै नुवाकोट टेक्निकल इन्स्टिच्युटको नामबाट दर्ता पनि नभएको र सोही विद्यालयबाट विद्यार्थीको रजिस्ट्रेसनसमेत नभएको जानकारी दिए।

सीटीईभीटीका प्रशासन प्रमुख रमेशकुमार बखतीले दोषीलाई कारबाही हुने बताए। सीटीईभीटीका स्तर निर्धारण महाशाखा प्रमुख जीवनारायण काफ्लेले तत्काल कारबाहीको दायरामा ल्याउने बताए। 'नेसनल हेल्थ फाउन्डेसनका नामबाट ठगी गर्ने शिलाकान्त झालाई यसअघि डडेल्धुरामा ठगी गरेको अभियोगमा कारबाही गरिएको थियो' -काफ्लेले भने।

## राउटे समुदायलाई खाद्यान्न वितरण

दैलेख, (नेस)

दैलेखको भैरवी गाउँपालिका-५ डोक्रामा बस्दै आएका ४८ घरपरिवार राउटे समुदायलाई खाद्यान्न वितरण गरिएको छ। आदिबासी जनजाति उत्थान प्रतिष्ठान नेपालले ४८ घर परिवारका १ सय ९३ जना राउटेलाई खाद्यान्नसँगै लत्ताकपडा वितरण गरेको हो।

प्रतिष्ठानले ४ सय केजी चामल, ३० केजी नुन, ४० प्याकेट तेल वितरण गरेको छ। जंगलमा फिरन्ते जीवन बिताउँदै आएका राउटे समुदायलाई चिसो मौसम आएसँगै पाल, कपडा र कम्बलसमेत वितरण गरिएको राउटे शिक्षक धन बहादुर बुढाले जानकारी दिएका छन्।

उनीहरूलाई २ सय ५० मिटर पाल, ९३ मिटर जाडोमा लगाउने कपडा र राउटे महिलाहरूका लागि २ सय २५ मिटर फरिया र चोलो वितरण गरिएको बुढाले जानकारी दिएका छन्।

यस्तै कम्बल २५ थान र राउटे पुरुषहरूका लागि १५ थान कालो टोपी वितरण गरिएको छ। राउटे समुदायलाई खाद्यान्न तथा कपडा वितरण कार्यक्रममा आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नेपालका ज्ञानेन्द्र पुनमगर, भैरवी गाउँपालिका-५ का वडाअध्यक्ष हेमलाल जैसी, वडा नं. ४ का वडाअध्यक्ष वीरेन्द्रबहादुर शाही तथा राउटे शिक्षक धनबहादुर बुढा सहभागी थिए।

## दुर्घटनामा दुईको मृत्यु

हेटौंडा, (नेस)

हेटौंडा-३, लेवटमा मंगलबार दिउँसो करिब पौने ३ बजे ट्रिपर र मोटरसाइकल ठोक्किएका छन्। उक्त दुर्घटनामा २ जनाको ज्यान गएको छ। मोटरसाइकल चालक नवलपरासीको गैंडाकोट नगरपालिका वडा नम्बर ७ बस्ने वर्ष २४ का अनील जीसी र मोटरसाइकलपछाडि बसेकी सोही नगरपालिका वडा नम्बर ५ बस्ने वर्ष २३ की पुनम विकको मृत्यु भएको प्रहरीले जनाएको छ।

मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना३३प ८६४७ नम्बर मोटरसाइकल विपरीत दिशातर्फबाट जाँदै गरेको ना७ख ४८०९ नम्बर ट्रिपर एकआपसमा ठक्कर खाएका हुन्। ट्रिपरको ठक्करबाट घाइते दुवै जनालाई उपचारका निम्ति हेटौंडास्थित चुरेहिल अस्पताल ल्याउँदा बाटोमा मृत्यु भएको प्रहरी नायब उपरीक्षक दिलीपराज झाले बताउनुभयो।

मोटरसाइकल र ट्रिपर दुवै तीव्र गतिमा रहेको एक प्रत्यक्षदर्शीले बताए। तर, ट्रिपरका कारण दुर्घटना भएको उनले बताए।

## पर्सामा चुनावी रौनक नेता घरमा, जनता खेतमा

वीरगन्ज, (नेस)

पर्साको धोबिनी गाउँपालिकाका १ की सुखनी चमैन बिहान उज्यालो भएदेखि नै खेतमा भेटिन्छिन्। उनीसँग भोट माग्न नेताहरू अहिले उनले धान काटिरहेको ठाउँमा नै पुग्ने गरेका छन्। सुखनी मात्रै होइन, अहिले पर्साका मतदातालाई भने खेती थन्क्याउनका लागि भ्याईनभ्याई छ। जनता खेतमा धान थन्क्याउन व्यस्त भए पनि विभिन्न राजनीतिक दलका उम्मेदवारहरू भने मत माग्न मतदाताको घरदैलोमा पुग्ने गरेका छन्।

घरमा नभेटिएपछि खेतमा नै गएर मत माग्न आफूहरू पुग्ने गरेको पर्साको क्षेत्र नम्बर ३ का नेकपा एमालेका तर्फबाट प्रतिनिधिसभा सदस्य राजकुमार गुप्ताले बताए।

## गौचन...

हत्यामा प्रयोग भएको मोटरसाइकल भारतबाट चोरेर ल्याइएको त्यसमा नक्कली नेपाली नम्बर प्लेट राखेर प्रयोग गरिएको अनुसन्धानको क्रममा खुलेको प्रहरीले बताएको छ। प्रहरीले बरामद गरेको बा३५प २४६१ नम्बरको मोटरसाइकल नै गौचनको हत्यामा प्रयोग गरिएको प्रहरीले पुष्टि गरेको छ।

प्रहरीले विभिन्न स्थानको सीसीटीभी फुटेजबाट हत्यारा पत्ता लगाएको हो। प्रहरीले राजधानी र देशका विभिन्न भागबाट हत्यामा संलग्नलाई पक्राउ गरेको थियो। शिवजी महतोले भारतको बेतियाबाट १८ हजारमा साइन मोटरसाइकल खरिद गरी श्याम गुम्बे गुरूङलाई २४ हजारमा बिक्री गरेका थिए।

शिवजी महतोले बेतियाबाट ५५ हजारमा हतियार खरिद गरी गुरुङलाई ६५ हजारमा बेचेको प्रहरीले जनाएको छ। हत्यामा संलग्न अर्का सुटर श्यामगुम्बे गुरुङ फरार रहेका छन्। दुई वटा फरक पेस्तोल प्रयोग गरी गौचनको हत्या भएको थियो।

'हामीले हत्या गर्दा स्याङतानले जुन पोसाक प्रयोग गरेका थिए, त्यही पोसाकमा उनलाई पक्राउ गरेका हौं' -संयोजक डीआईजी केसीले भन्नुभयो। सुटर स्याङतानले क्याप र ज्याकेटको हुलियामा देखिए पनि गौचनको हत्या गर्दा टीसर्ट मात्रै लगाएका थिए।

हत्यामा संलग्न बस्नेत, पुन, बोका भन्ने गंगा लिङ्देन लिम्बु, श्यामबहादुर गुम्बे, काले दाइ भन्ने अम्बरबहादुर राना, रोशन बुढाथोकी र अजय थापा फरार छन्। उनीहरूका गुण्डाका नाइके बस्नेतसँग प्रत्यक्ष कनेक्सन रहेको र बस्नेतकै निर्देशनमा गोली प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ।

महानगरीय प्रहरी कार्यालयका आयुक्त एआईजी जयबहादुर चन्दले राजधानीमा आपराधिक क्रियाकलाप घटेको दाबी गरेको केही दिनमै गौचनको हत्या भएको बताउँदै सो घटनाले प्रहरीलाई गम्भीर बन्न बाध्य बनाएको बताउनुभयो।

पक्राउ परेका व्यक्ति यसअघि हत्याकाण्डमा संलग्न भएनभएको भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। 'हत्याको मुख्य योजनाकार बस्नेत नै भएको हामीले पुष्टि गरेका छौं' -डीआईजी केसीले भन्नुभयो।

## सिंहदरबारभित्रै...

उनका अनुसार मन्त्रालयका सचिव ठाकुरलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ट्रान्सफर्म खरिद प्रक्रियामा भएको अनियमितताका बारेमा स्पष्टिकरण दिन जाँदा मन्त्रालयको कामसमेत प्रभावित भएको छ।

मन्त्रालयमा हाल ९४ जना स्थानीय दरबन्दीका कर्मचारी रहेको बताउँदै प्रवक्ता भट्टराईले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'धेरैजसो स्थानीय विकास मन्त्रालयले तानेको छ, अहिले कार्यक्रम र बजेट नहुँदा काम कम भएको हो।'

अहिले मन्त्रालमा रहेका कर्मचारीहरू पनि कार्यालय समयमा मन्त्रालयमा भेटिदैनन्। मन्त्रालयले ५० लाखभन्दा तल निर्माण हुने कारागार, अदालतलगायतका भौतिक पूर्वाधार निर्माणका काम शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत गराउँदै आएको छ। मन्त्रालयमा १८ जना कर्मचारी करारमा रहेका छन् भने १ दर्जनभन्दा बढी कर्मचारी ज्यालादारीमा कार्यरत छन्।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**

**Western Regional Road Directorate**
**Division Road Office, Palpa**

**INVITATION FOR BIDS**

**Notice Number: 02-2074/75**
**First Date of Publication: 2074/07/29 (11/15/2017)**

1. The Department of Roads, Division Road Office, Palpa on behalf of Ministry of Physical Infrastructure and Transport, Government of Nepal now invites sealed quotation or electronic quotation and Sealed Bids in electronic form from eligible bidders for the construction of following works.

| S.N. | Contract No. | Name of the Projects | Estimate Amount Excluding VAT & PS | Bid document Cost | Bid Validity Period | Bid Security Amount & Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | DROPLP-3071084-2074/75 -008 | Roadway Excavation, Side drain, Slide clearance and Structural works on Argakhachhi Cement Quarry Site Access Road [Khursane- Kachal Road], Palpa | NRs 8,134,002.91 | NRS 3,000 | 90 days | NRs 245,000/- Up to April 15, 2018 |
| 2 | DROPLP-3071084-2074/75 -009 | Roadway Excavation & Structural Works on Siddhartha Minerals Quarry Site Access Road, Palpa | NRs 4,230,750.70 | NRS 3,000 | 90 days | NRs 125,000/- Up to April 15, 2018 |
| 3 | DROPLP-3371653-2074/75 -010 | Pothole Repair and Resealing Works on Siddhartha Highway (Banstari- Aryabhanjyang Section), Palpa | NRs 12,654,218.84 | NRS 3,000 | 90 days | NRs 375,000/- Up to April 15, 2018 |
| 4 | DROPLP-G-2074/75-011 | Supply of Stationery materials for Division Road Office, Palpa | NRs 730,140.00 | NRs 1,000 | 45 days | NRs 22,000/- Up to February 13, 2018 |
| 5 | DROPLP-3071084-2074/75 -012 | Structural Works & Cross Drain Works on Hongshi-Shivam Cement Quarry Site Assess Road (CH 27+600 To CH 28+600), Palpa | NRs 14,379,674.56 | NRs 3,000 | 90 days | NRs 480,000/- Up to April 15, 2018 |

2. A complete set of bidding documents may be purchased from **Division Road Office, Palpa or District Treasury Controller Office, Tansen, Palpa** by eligible Bidders upon the submission of a written application attaching duly attested copies of Bidder's registration, VAT registration and tax clearance certificate upto FY 2072/73 and payment of a non-refundable fee as mentioned above **within office hours on or before November 29, 2017 for SN 4 and within office hours on or before December 14, 2017 for SN 1-3 & 5 above**. For the purpose of bidders who choose to submit their bid electronically through e-procurement section of PPMO's website **www.bolpatra.gov.np/ppmo**, the bidders may purchase the hard copy of bidding documents, or may choose to download the necessary part of bidding documents, prepare their bid and submit their electronic bids as specified in the instructions to the bidders. In case the bidder chooses to download and submit their bid electronically, the bidder shall be required to deposit the non-refundable fee as specified above in revenue account specified below and electronic scanned copy (*.pdf format) of the bank deposit voucher shall also be submitted along with the electronic bid files.
   ***Information for depositing the cost of bidding document in Bank:***
   ***Name of Bank*** : **Rastriya Banijya Bank, Palpa Branch** ***Office Code No.*** : **40-337-03.**
   ***Office Account no.*** : **Ka-1-1-001.** ***Rajaswa (Revenue) Shirshak No.*** : **14227.**
3. Sealed Bids must be delivered to the Office of **Division Road Office, Palpa at 12:00 hours** on or before **November 30, 2017 for S.N. 4 and** before **December 15, 2017 for S.N. 1-3 & 5 above**. Alternatively, Domestic Bidders may submit their bid electronically through E-procurement section in PPMO's website www.bolpatra.gov.np/ppmo before the above stated deadline and as specified in the Instructions to Bidders. Late bids will be rejected and not opened.
4. Sealed Bids will be opened physically and electronically in the presence of Bidders' representatives who choose to attend a**t 13:00 hours, November 30, 2017 for S.N. 4 and** at **13:00 hours, December 15, 2017 for S.N. 1-3 & 5 above** at th**e office of Division Road Office, Palpa.**
5. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table above. Bidders are required to submit a separate bid security for each contract for which they submit bids. Bids shall be valid for the period as mentioned in the table above after the deadline for Bid submission and Bid security shall be valid up to the period as mentioned in the table above.
6. If bidder wishes to submit Bid Security in the form of cash, the cash should be deposited in **Deposit account no. 3030203000000, at Rastriya Banijya Bank, Tansen, Palpa** on the account of **District Treasury Controller Office, Palpa on behalf of Division Road Office, Palpa** and submit the receipt of the deposited amount of cash along with the sealed bid.
7. Pre-bid meeting shall be held at **11:00 hrs on December 5, 2017** at Division Road Office, Palpa for **S.N. 1 to 3 & 5 above**.
8. Any conditions so far not covered shall be as per Procurement Act 2063(Latest Revision) and Procurement Regulation 2064.
9. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Division Road Office, Palpa or *may visit PPMO's website* www.bolpatra.gov.np/ppmo *e-procurement section.***

**Division Chief**



# अर्थ

2017, NOV
wednesday
15

निजी हवाई सेवा प्रवाहको तर्फबाट बोर्ड सदस्य रहेका निमा लामा करिब ३ महिना अगाडि मृत्यु भएकाले सो पद खाली छ भने भन्सार विभागका महानिर्देशक रामशरण चिमोरियाले केही महिना अगाडि अवकास लिएपछि सो पद पनि खाली छ।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ कात्तिक २९ नोभेम्बर १५ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०४।३७ | १०४।९७ |
| युरो १ का रु. | १२२।३६ | १२३।०६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३६।७५ | १३७।५४ |
| स्विस फ्रन्क १ का रु. | १०४।९७ | १०५।५७ |
| अस्ट्रलियन डलर १ का रु. | ७९।६६ | ८०।१२ |
| क्यानाडियन डलर १ का रु. | ८१।९९ | ८२।४६ |
| सिङ्गापुर डलर १ का रु. | ७६।७० | ७७।१४ |
| जापानी यन १० का रु. | ९।१९ | ९।२४ |
| चिनियाँ युआन १ का रु. | १५।७३ | १५।८२ |
| साउदी अरब रियाल १ का रु. | २७।८३ | २७।९९ |
| कतारी रियाल १ का रु. | २८।६६ | २८।८३ |
| थाई भाट १ का रु. | ३।१६ | ३।१७ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।४२ | २८।५८ |
| मलसियन रिङ्गिट १ का रु. | २४।८९ | २५।०३ |
| दक्षिण कारियन वन १०० का रु. | ९।३७ | ९।४२ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।३८ |
| डनिस क्रानर १ का रु. | १६।४४ |
| हङकङ डलर १ का रु. | १३।३८ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# मन्त्रालय र प्राधिकरणको जुहारीले बजेट पारित भएन




दीपेन्द्र थापा, काठमाडौं

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणको मनमुटावका कारण प्राधिकरणका लागि छुट्याइएको बजेट निकासा हुन सकेको छैन। तीन महिनासम्म पनि बजेट निकासा हुन नसक्दा प्राधिकणको काम प्रभावित भएको छ।

प्राधिकरण स्रोतले नेपाल समाचारपत्रलाई दिएको जानकारीअनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीतेन्द्रनारायण देव बोर्ड बैठक बसालेर बजेट पास गर्न सकारात्मक देखिए पनि मन्त्रालयका कर्मचारीले उहाँलाई असहयोग गरेका छन्। प्राधिकरणको बोर्डका सदस्यसमेत रहनुभएका मन्त्रालयका सहसचिव सुरेश आचार्यले भन्नुभयो-'बोर्डको बैठक अहिलेसम्म किन बस्न नसकेको हो त्यो मैले बुझ्न सकेको छैन, महानिर्देशकले बैठकमा बोलाए हामी जाने हो।'

चालू वर्ष प्राधिकरणको बजेट ४३ अर्ब ६५ करोड छ भने अघिल्लो वर्ष ३७ अर्ब ६८ करेड ८८ लाखको बजेट छुट्याएको थियो। मन्त्री देव आएदेखि दुईपटक मात्रै बोर्डको बैठक बसेको छ। पहिलो बैठकले मन्त्रीको स्वागत राखेको थियो भने दोस्रोले उपसमिति गठन गरेको थियो। भदौ १९ देखि बोर्डको बैठक बस्न सकेको छैन।

चालू आर्थिक वर्षको प्रथम त्रैमासिक बितिसक्दा समेत प्राधिकरण बोर्डको बैठक बस्न नसकेको प्राधिकरणका प्रवक्ता वीरेन्द्र श्रेष्ठले बताउनुभयो। उहँले भन्नुभयो-'जसले गर्दा आयोजनाको रकम भुक्तानी गर्न र नयाँ आयोजना अगाडि बढाउन प्राधिकरणले सकेको छैन।'

> चालू आर्थिक वर्षको प्रथम त्रैमासिक बितिसक्दा समेत प्राधिकरण बोर्डको बैठक बस्न नसकेको प्राधिकरणका प्रवक्ता वीरेन्द्र श्रेष्ठले बताउनुभयो। उहँले भन्नुभयो-'जसले गर्दा आयोजनाको रकम भुक्तानी गर्न र नयाँ आयोजना अगाडि बढाउन प्राधिकरणले सकेको छैन।'

अर्थ मन्त्रालयका राजस्व सचिव नभएका कारण पनि बैठक बस्न नसक्नुको अर्को कारण हो। प्राधिकरणको बोर्डमा विभागीय मन्त्रीको अध्यक्षयतामा ८ जनाको बोर्ड समिति रहने कानुनी व्यवस्था छ। 'मन्त्रालयकै कर्मचारीको निर्देशनमा बजेट पास नभएको देखिन्छ जसले गर्दा प्राधिकरणको काम कारवाहीमा ठूलो असर परिरहेको छ,' प्राधिकरण स्रोतले भन्यो-'ठूला परियोजनामा र चालू परियोजनामा असर नगर्ने भए पनि नयाँ परियोजना भने अगाडि बढ्न सकेको छैन।'

प्राधिकरणको आन्तरिक बैठक भने बसिरहेको छ। तर, प्राधिकरणले व्यवस्थापकीय मात्र भएको र यसले बजेटको विषयमा कुनै खालको निर्णय गर्ने अधिकार रहेको छैन्। बजेट पास नहुँदा प्राधिकरणले सञ्चालन गर्न लागेको करिब २ दर्जन आयोजना अलपत्र परेका छन् भने थप १ वर्ष ढिला हुनेछ। पटकपटक बोर्डको बैठक बस्ने भने पनि बोर्ड सदस्यहरू बैठकमा उपस्थित हुन नसकदा कोरम नपुग्ने गरेको भन्दै बैठक रद्द हुने गरेको छ।

मन्त्रीले अब २९ गते बैठक बस्ने बताए पनि बैठक बस्छ बस्दैन प्राधिकरण नै अन्योलमा रहेकोछ। विगतमा पटकपटक बैठक बस्ने भने पनि बस्न नसकेकाले अन्योल रहेको हो। बैठक मन्त्रीको पहलमा प्राधिकरणका महानिर्देशकको सहकार्यमा बोलाउने प्रावधान रहेको छ।

चुनावी तयारीका लगि गृह जिल्ला सप्तरीमा रहेका मन्त्री देव पटकपटक सम्पर्क गर्दा सम्पर्कमा हसन सकेन। ८ जना बोर्ड सदस्यमा रहने सञ्चालक समितिमा पर्यटनमन्त्री अध्यक्ष, पर्यटन मन्त्रालयकै हवाई सेवा विभाग हेर्ने सहसचिव, अर्थ मन्त्रालयले तोकेको सहसचिव, नेपाल वायुसेवा निगमका महाप्रबन्धक, पर्यटन क्षेत्रका विज्ञ एक, उड्डयन विज्ञ एक, सदस्य र प्राधिकरणका महानिर्देशक सदस्यसचिव रहने व्यवस्था छ।

निजी हवाई सेवा प्रवाहको तर्फबाट बोर्ड सदस्य रहेका निमा लामा करिब ३ महिना अगाडि मृत्यु भएकाले सो पद खाली छ भने भन्सार विभागका महानिर्देशक रामशरण चिमोरियाले केही महिना अगाडि अवकास लिएपछि सो पद पनि खाली छ। यसअघि पूर्वस्वीकृति नलिइकन नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई सरुवा गरेको भन्दै निर्वाचन आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीतेन्द्रनारायण देवसँग स्पष्टीकरण माग गरेको थियो ।

## SHARE MARKET

14 NOVEMBER TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 14580.00 | 434.00 | 424.00 | 432.00 | 4.00 |
| 2 | Api Power Company Ltd. | 8815.00 | 513.00 | 491.00 | 513.00 | 18.00 |
| 3 | Arun “inance Limited | 100.00 | 156.00 | 156.00 | 156.00 | 3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 8731.00 | 348.00 | 334.00 | 346.00 | 4.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5632.00 | 214.00 | 207.00 | 211.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2327.00 | 1467.00 | 1432.00 | 1440.00 | 3.00 |
| 7 | Bank of Kathmandu Ltd. | 11146.00 | 422.00 | 413.00 | 419.00 | 5.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 220.00 | 206.00 | 200.00 | 202.00 | -2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1891.00 | 189.00 | 178.00 | 189.00 | 12.00 |
| 10 | Bishal Bazar Company Limited | 70.00 | 2080.00 | 2029.00 | 2080.00 | 10.00 |
| 11 | Butwal Power Company Limited | 23834.00 | 640.00 | 612.00 | 633.00 | 13.00 |
| 12 | Central “inance Co. Ltd. | 4273.00 | 197.00 | 193.00 | 193.00 | 1.00 |
| 13 | Century Commercial Bank Ltd. | 56878.00 | 226.00 | 217.00 | 223.00 | 4.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 7512.00 | 1137.00 | 1080.00 | 1127.00 | 50.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 871.00 | 180.00 | 175.00 | 180.00 | 0.00 |
| 16 | Chilime Hydropower Company Limited | 68710.00 | 899.00 | 858.00 | 885.00 | 31.00 |
| 17 | Citizen Bank International Limited | 17702.00 | 301.00 | 295.00 | 299.00 | 2.00 |
| 18 | Citizen Investment Trust | 1175.00 | 3690.00 | 3640.00 | 3642.00 | -19.00 |
| 19 | Civil Bank Ltd | 64059.00 | 242.00 | 234.00 | 240.00 | 4.00 |
| 20 | Civil Bank Ltd Promoter Share | 8830.00 | 131.00 | 131.00 | 131.00 | 0.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 215.00 | 1092.00 | 1020.00 | 1092.00 | 72.00 |
| 22 | Deprosc Development Bank Limited | 2564.00 | 1175.00 | 1145.00 | 1168.00 | 38.00 |
| 23 | Deva Bikas Bank Limited | 4374.00 | 200.00 | 195.00 | 196.00 | 3.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 593.00 | 153.00 | 151.00 | 152.00 | 3.00 |
| 25 | Everest Bank Limited | 16191.00 | 1150.00 | 1122.00 | 1140.00 | 17.00 |
| 26 | Everest Insurance Co. Ltd. | 1243.00 | 2512.00 | 2450.00 | 2500.00 | 37.00 |
| 27 | Excel Development Bank Ltd. | 4402.00 | 509.00 | 500.00 | 503.00 | 3.00 |
| 28 | “irst Micro “inance Dev. Bank Ltd. | 7031.00 | 850.00 | 814.00 | 837.00 | 12.00 |
| 29 | “orward Community Mic. Bittiya San. Ltd. | 491.00 | 3420.00 | 3350.00 | 3420.00 | 70.00 |
| 30 | Gandaki Bikas Bank Limited | 3170.00 | 340.00 | 324.00 | 332.00 | 2.00 |
| 31 | Garima Bikas Bank Limited | 6493.00 | 249.00 | 245.00 | 247.00 | 1.00 |
| 32 | Global IME Bank Limited | 16468.00 | 329.00 | 320.00 | 326.00 | 7.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 34247.00 | 10.29 | 10.00 | 10.10 | 0.10 |
| 34 | Goodwill “inance Co. Ltd. | 400.00 | 183.00 | 183.00 | 183.00 | -3.00 |
| 35 | Green Development Bank Ltd. | 256.00 | 445.00 | 440.00 | 445.00 | 3.00 |
| 36 | Guheshowori Mer. Bank & “in. Co. Ltd. | 276.00 | 197.00 | 189.00 | 197.00 | 6.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 4346.00 | 1010.00 | 978.00 | 1010.00 | 28.00 |
| 38 | Gurkhas “inance Ltd. Promoter Share | 141593.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 39 | Gurkhas “inance Ltd. | 979.00 | 172.00 | 165.00 | 172.00 | 5.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 391.00 | 190.00 | 178.00 | 190.00 | 15.00 |
| 41 | Himalayan Bank Limited | 4209.00 | 882.00 | 860.00 | 870.00 | 21.00 |
| 42 | Himalayan Distillery Limited | 10.00 | 1120.00 | 1120.00 | 1120.00 | 21.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 5555.00 | 735.00 | 723.00 | 730.00 | 5.00 |
| 44 | Himalayan Power Partner Ltd. | 1830.00 | 360.00 | 342.00 | 355.00 | 7.00 |
| 45 | IC“C “inance Limited | 1544.00 | 225.00 | 224.00 | 224.00 | 2.00 |
| 46 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 25690.00 | 184.00 | 179.00 | 184.00 | 3.00 |
| 47 | Janaki “inance Ltd. | 2060.00 | 236.00 | 230.00 | 236.00 | 10.00 |
| 48 | Janata Bank Nepal Ltd. | 36564.00 | 246.00 | 235.00 | 246.00 | 10.00 |
| 49 | Janata Bank Nepal Ltd. Promoter Share | 5472.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 70.00 | 3519.00 | 3422.00 | 3430.00 | 75.00 |
| 51 | Jyoti Bikas Bank Limited | 7136.00 | 183.00 | 179.00 | 183.00 | 4.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 9771.00 | 280.00 | 270.00 | 280.00 | 7.00 |
| 53 | Kalika Microcredit Dev. Bank Ltd. | 2432.00 | 1658.00 | 1580.00 | 1610.00 | 37.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 13191.00 | 205.00 | 202.00 | 205.00 | 2.00 |
| 55 | Kanchan Development Bank Limited | 1375.00 | 242.00 | 235.00 | 242.00 | 11.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 1190.00 | 195.00 | 192.00 | 192.00 | -3.00 |
| 57 | Karnali Development Bank Limited | 90.00 | 272.00 | 252.00 | 272.00 | 24.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 220.00 | 166.00 | 165.00 | 166.00 | 1.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 164.00 | 2379.00 | 2254.00 | 2379.00 | 169.00 |
| 60 | Kuber Merchant “inance Limited | 120.00 | 189.00 | 189.00 | 189.00 | 3.00 |
| 61 | Kumari Bank Limited | 24854.00 | 304.00 | 292.00 | 303.00 | 8.00 |
| 62 | Laxmi Bank Limited | 10056.00 | 319.00 | 313.00 | 315.00 | 2.00 |
| 63 | Laxmi Equity “und | 4600.00 | 9.85 | 9.85 | 9.85 | -0.20 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 3369.00 | 1421.00 | 1341.00 | 1405.00 | 90.00 |
| 65 | Laxmi Value “und-1 | 7500.00 | 11.63 | 11.40 | 11.63 | 0.23 |
| 66 | Life Insurance Co. Nepal | 1200.00 | 2041.00 | 2000.00 | 2041.00 | 51.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 10261.00 | 208.00 | 198.00 | 200.00 | 0.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 8516.00 | 845.00 | 800.00 | 838.00 | 13.00 |
| 69 | Machhapuchhre Bank Limited | 29557.00 | 324.00 | 316.00 | 322.00 | 4.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 5617.00 | 220.00 | 217.00 | 220.00 | 0.00 |
| 71 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 1472.00 | 1003.00 | 948.00 | 1001.00 | 71.00 |
| 72 | Manjushree “inance Ltd. | 1487.00 | 145.00 | 143.00 | 145.00 | 4.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1083.00 | 1490.00 | 1456.00 | 1489.00 | 44.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 183.00 | 2719.00 | 2650.00 | 2700.00 | 100.00 |
| 75 | Mission Development Bank Ltd. | 1110.00 | 285.00 | 280.00 | 285.00 | 3.00 |
| 76 | Miteri Development Bank Limited | 2510.00 | 504.00 | 491.00 | 500.00 | 10.00 |
| 77 | Mithila LaghuBitta Bikas Bank Ltd. | 77.00 | 1134.00 | 1070.00 | 1134.00 | 49.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 18390.00 | 585.00 | 567.00 | 584.00 | 19.00 |
| 79 | Multipurpose “inance Company Limited | 230.00 | 276.00 | 266.00 | 276.00 | 15.00 |
| 80 | Nabil Balance “und 1 | 11500.00 | 17.65 | 17.31 | 17.31 | 0.01 |
| 81 | Nabil Bank Limited | 11066.00 | 1200.00 | 1163.00 | 1200.00 | 39.00 |
| 82 | NABIL Bank Limited Promotor Share | 4100.00 | 890.00 | 870.00 | 875.00 | 14.00 |
| 83 | Nabil Equity “und | 7868.00 | 10.45 | 10.25 | 10.45 | -0.01 |
| 84 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 308.00 | 3557.00 | 3400.00 | 3489.00 | 74.00 |
| 85 | National Hydro Power Company Limited | 9220.00 | 123.00 | 119.00 | 121.00 | 1.00 |
| 86 | National Life Insurance Co. Ltd. | 2849.00 | 1730.00 | 1685.00 | 1715.00 | 32.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 230.00 | 3000.00 | 2890.00 | 2980.00 | 90.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 480.00 | 2545.00 | 2440.00 | 2538.00 | 138.00 |
| 89 | NB Insurance Co. Ltd. | 2420.00 | 1113.00 | 1070.00 | 1112.00 | 41.00 |
| 90 | Neco Insurance Co. Ltd. | 8229.00 | 933.00 | 898.00 | 916.00 | 4.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 31345.00 | 295.00 | 285.00 | 293.00 | 11.00 |
| 92 | Nepal Bank Limited | 43320.00 | 353.00 | 346.00 | 353.00 | 6.00 |
| 93 | Nepal Community Dev. Bank Ltd. | 3216.00 | 165.00 | 159.00 | 165.00 | 2.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 15907.00 | 350.00 | 343.00 | 345.00 | 0.00 |
| 95 | Nepal Doorsanchar Co. Limited | 32070.00 | 853.00 | 840.00 | 846.00 | 6.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 5510.00 | 687.00 | 642.00 | 685.00 | 33.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 980.00 | 293.00 | 267.00 | 293.00 | 293.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 1470.00 | 1515.00 | 1445.00 | 1479.00 | 9.00 |
| 99 | Nepal Investment Bank Limited | 28744.00 | 663.00 | 642.00 | 656.00 | 10.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 10491.00 | 592.00 | 575.00 | 589.00 | 14.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 8384.00 | 1915.00 | 1889.00 | 1900.00 | 5.00 |
| 102 | Nepal SBI Bank Limited | 5559.00 | 768.00 | 750.00 | 760.00 | 15.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 6869.00 | 1060.00 | 1000.00 | 1060.00 | 40.00 |
| 104 | Ngadi Group Power Ltd. | 320.00 | 245.00 | 234.00 | 234.00 | -8.00 |
| 105 | NIBL Pragati “und | 2525.00 | 10.15 | 10.15 | 10.15 | 0.00 |
| 106 | NIBL Samriddhi “und 1 | 5000.00 | 12.20 | 12.20 | 12.20 | 0.14 |
| 107 | NIC Asia Bank Ltd. | 12073.00 | 359.00 | 350.00 | 356.00 | 3.00 |
| 108 | Nirdhan Utthan Bank Limited | 632.00 | 2371.00 | 2300.00 | 2330.00 | 50.00 |
| 109 | NLG Insurance Company Ltd. | 1389.00 | 1540.00 | 1500.00 | 1525.00 | 20.00 |
| 110 | NMB Microfinance Bittiya Sanstha Ltd. | 160.00 | 1902.00 | 1850.00 | 1864.00 | 35.00 |
| 111 | NMB Bank Limited | 6223.00 | 487.00 | 474.00 | 479.00 | 5.00 |
| 112 | NMB Hybrid “und L-1 | 65860.00 | 10.55 | 10.15 | 10.30 | 0.20 |
| 113 | NMB Sulav Investment “und-1 | 25500.00 | 13.39 | 13.10 | 13.39 | 0.29 |
| 114 | Om Development Bank Ltd. | 2168.00 | 282.00 | 272.00 | 282.00 | 9.00 |
| 115 | Oriental Hotels Limited | 2266.00 | 645.00 | 633.00 | 645.00 | 16.00 |
| 116 | Pokhara “inance Ltd. | 3566.00 | 222.00 | 215.00 | 220.00 | 2.00 |
| 117 | Prabhu Bank Limited | 27922.00 | 359.00 | 352.00 | 355.00 | 4.00 |
| 118 | Prabhu Bank Limited Promoter Share | 200000.00 | 175.00 | 172.00 | 172.00 | -6.00 |
| 119 | Prabhu Insurance Ltd. | 8474.00 | 925.00 | 890.00 | 924.00 | 29.00 |
| 120 | Premier Insurance Co. Ltd. | 3140.00 | 1510.00 | 1477.00 | 1505.00 | 30.00 |
| 121 | Prime Commercial Bank Ltd. | 75163.00 | 448.00 | 441.00 | 442.00 | 2.00 |
| 122 | Prime Life Insurance Company Limited | 4029.00 | 1840.00 | 1770.00 | 1840.00 | 20.00 |
| 123 | Progressive“inance Limited | 570.00 | 236.00 | 224.00 | 232.00 | 12.00 |
| 124 | Prudential Insurance Co. Ltd. | 4145.00 | 1175.00 | 1140.00 | 1170.00 | 32.00 |
| 125 | Purnima Bikas Bank Ltd. | 1558.00 | 300.00 | 291.00 | 292.00 | 1.00 |
| 126 | Rastriya Beema Company Limited | 744.00 | 17150.00 | 16500.00 | 17000.00 | 500.00 |
| 127 | Rastriya Beema Co. Ltd Pro. Share | 721.00 | 15990.00 | 15460.00 | 15990.00 | 460.00 |
| 128 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 913.00 | 1581.00 | 1500.00 | 1581.00 | 21.00 |
| 129 | Reliance “inance Ltd. | 21985.00 | 201.00 | 195.00 | 200.00 | 2.00 |
| 130 | Ridi Hydropower Dev. Company Ltd. | 5517.00 | 159.00 | 148.00 | 153.00 | 3.00 |
| 131 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 631.00 | 1292.00 | 1260.00 | 1263.00 | 7.00 |
| 132 | Rural Microfinance Dev. Centre Ltd. | 4840.00 | 710.00 | 688.00 | 705.00 | 20.00 |
| 133 | Sagarmatha Insurance Co. Ltd. | 15084.00 | 1620.00 | 1476.00 | 1495.00 | -95.00 |
| 134 | Sahayogi Bikas Bank Limited | 1820.00 | 293.00 | 281.00 | 286.00 | -4.00 |
| 135 | Sana Kisan Bikas Bank Ltd | 3375.00 | 1527.00 | 1452.00 | 1500.00 | 60.00 |
| 136 | Sanima Bank Limited | 39346.00 | 363.00 | 349.00 | 355.00 | 6.00 |
| 137 | Sanima Mai Hydropower Ltd. | 2960.00 | 522.00 | 500.00 | 520.00 | 25.00 |
| 138 | Saptakoshi Development Bank Ltd. | 1965.00 | 181.00 | 175.00 | 181.00 | 7.00 |
| 139 | Shangrila Development Bank Ltd. | 13007.00 | 360.00 | 346.00 | 355.00 | 2.00 |
| 140 | Shikhar Insurance Co. Ltd. | 5675.00 | 1805.00 | 1770.00 | 1777.00 | -6.00 |
| 141 | Shine Resunga Development Bank Ltd. | 645.00 | 406.00 | 392.00 | 395.00 | 5.00 |
| 142 | Shree Investment “inance Co. Ltd. | 66.00 | 439.00 | 431.00 | 431.00 | 8.00 |

Total Amount Rs. 756,762,032 Total Quantity 1,853,926 Total No of Transactions 7,343

# पञ्चेश्वर सधैं चुनावी एजेन्डा

विनोद सिंह विष्ट, बैतडी

बैतडीमा राजनीतिक दलहरूले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई चुनावी एजेन्डा बनाएका छन्। बहुप्रतिक्षित पञ्चेश्वर बहुउद्देश्यीय आयोजना आफुले जितेमा आयोजनाको निर्माण कार्य अगाडि बढाउने बताउन थालेका छन्।

पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको काम आफू अर्थराज्यमन्त्री भएको बेला अघि बढेको भन्दै वाम गठबन्धनका तर्फबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार दामोदर भण्डारीले जस लिने गरेका छन्। यस आयोजनालाई अघि बढाउनका लागि स्थिर सरकार आवश्यक रहेको र यसका लागि वाम गठबन्धनलाई जिताउनुपर्ने उहाँको भनाइ छ।

पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको डीपीआर निर्माणको कार्य अन्तिम चरणमा रहेको यसलाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा अगाडि बढाउन आफूले पहल गर्ने भण्डारीले बताउनुभयो। पञ्चेश्वर परियोजना बाँधस्थललाई जोड्ने पाटन-पञ्चेश्वर सडक निर्माणको कार्यले पनि आफूले राज्यमन्त्री भएको पालामा अघि बढेको भण्डारीको दाबी छ। सो सडकलाई बहुवर्षीय ठेक्का प्रणालीमा राखेको र काम द्रुत गतिमा अघि बढेको भण्डारीले बताउनुभयो।

यता लोकतान्त्रिक गठबन्धनका तर्फबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेद्वार एवम् वाणिज्य राज्यमन्त्री नरबहादुर चन्दले पञ्चेश्वर बहुउद्श्यीय आयोजना नेपाली कांग्रेसले अघि बढाएको र यसको बारेमा आफूले पटक-पटक सदनमा समेत बोलेको बताउनुभयो। पञ्चेश्वर बहुउद्देश्यीय आयोजना दुई देशबीचको सहमतिको आधारमा अघि बढ्ने भएकाले प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका बेला यसले प्राथमिकता पाएको उहाँको दाबी छ।

परियोजनाको बाँधस्थलसम्म पुग्ने पाटन-पञ्चेश्वर सडकमा आफ्नो पार्टीका नेता रमेश लेखक भौतिक पूर्वाधार तथा यातायात मन्त्री भएका बेला ६२ करोड बजेट विनियोजन भएर काम भइरहेको र आफ्नो पार्टीले सो सडकलाई अहिले पनि मुख्य प्राथमिकतामा राखेको चन्दको कथन छ।

चुनाव नजिक आएका बेला मतदातालाई आफूतिर तान्न सबै दलका उम्मेदवारले आफ्ना एजेन्डाका बारेमा गाउँ-गाउँमा गएर नागरिकलाई सुनाइरहेका छन्। पञ्चेश्वर बहुउद्देश्यीय आयोजनलाई चुनावी नारा मात्रै नभएर कार्यान्वयनमा ल्याउन स्थानीय नागरिकले आग्रह गरेका छन्।

यस्तै विवेकशील साझा पार्टीले पनि पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई चुनावी एजेन्डा बनाएको छ। प्रतिनिधिसभाको लागि उम्मेदवार बनेका नारायणदत्त अवस्थीले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको काम अगाडि बढ्यो भने हजारौं नागरिकले रोजगारी पाउने बताउनुभयो। पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको काम अगाडी बढ्यो भने आर्थिक समृद्धि हुने समेत देखिएकोले बैतडीका राजनीतिक दलले अहिले यसलाई चुनावी एजेन्डा बनाएका हुन्।

प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनका लागि बैतडीमा उम्मेदवारहरू भोट माग्ने कार्यमा व्यस्त रहेका छन्। चुनावलाई लक्षित गरेर बैतडीमा सबै राजनीतिक दलहरूले चुनावी अभियानलाई पनि तीव्रता दिएका छन्। सबै राजनीतिक दल हिजोआज भोट माग्न गाउँ केन्द्रित भएका छन्। मतदातालाई कामको चटारो भए पनि उम्मेदवारलाई मत माग्न हतार भइरहेको छ। लोकतान्त्रिक गठबन्धन, बामगठबन्धन र अन्य साना दलहरूले पनि चुनावी प्रचारप्रसारलाई तीव्रता दिएका छन्।

१ लाख ३२ हजार ३ सय १९ मतदाता रहेको बैतडीमा पहिलो चरणअन्तर्गत आगामी मंसिर १० गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुने भएको छ। उक्त निर्वाचनको लागि जिल्ला निर्वाचन कार्यालय बैतडीले पनि तयारी तीव्र पारेको छ। निर्वाचनका लागि आवश्यक पर्ने कर्मचारीका लागि सरकारी कार्यालय, संस्थान, संस्था र सामुदायिक विद्यालयका शिक्षकको नाम संकलन गर्न शुरू भएको उहाँले बताउनुभयो। साथै मतदानस्थल अनुगमन, निर्वाचनमा आवश्यक पर्ने भौतिक सामग्रीको समेत तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय बैतडीले जनाएको छ।

गत असारमा प्रयोगमा भएका मतपेटिका, स्वस्तिक छापलगायतका निर्वाचन सामग्रीलाई पनि तयारी अवस्थामा राखिन लागिएको छ। भने मतदानस्थलहरू अनुगमनको कार्य भईरहेको छ।

# उदार अर्थनीतिमा चौधरीको जोड

नवलपरासी, (नेस)

दुई साता अघि नेपाली कांग्रेसमा प्रवेश गरेका उद्योगपति बिनोद चौधरीले आफू अब राजनीतिमा सक्रिय हुने बताउनु भएको छ। नवलपरासीको अमरापुरीमा आयोजित चुनाबीसभामा चौधरीले कांग्रेसबाट सक्रिय राजनीतिको बिधिवत शुरूवात गरेको बताउनुभयो।

२०४६ सालको परिवर्तनपछि कांग्रेसले लिएको उदार अर्थनीतिका कारण देश अहिलेसम्म सञ्चालन भइरहेको बताउँदै समृद्ध आर्थिक नीतिले मात्र लोकतन्त्र बलियो हुने चौधरीको भनाइ छ। गतिलो आर्थिक नीतिका कारण २०४८ देखि २०५० सालसम्म देशमा धेरै रोजगारी र कलकारखाना खुलेको उल्लेख गर्दै औद्योगिककरण र रोजगारीको हिसाबले २०४८ देखि ५० सम्मको दुई वर्ष नेपालको स्वर्ण वर्ष भएको चौधरीको दाबी छ।

'म विदेश भ्रमणमा रहँदा मेरो व्यक्तिगत प्रगतिको प्रशंसा गर्नेहरूले देशको आर्थिक अवस्थाका बारेमा सोध्दा आफूसँग जवाफ नै नहुने गरेको स्मरण गर्दै उहाँले अब कांग्रेसले समात्ने आर्थिक नीतिको बोटो नै भविष्यमा त्यसको उत्तर हुने,' चौधरीले बताउनुभयो। देशमा समृद्धिको पहिलो आधार स्थिर सरकार आवश्यक रहेको उल्लेख गर्दै मतदाता धेरै सचेत भइसकेको समेत चौधरीको भनाइ छ।

# थ्री गर्जेजको टोली आउँदै

काठमाडौं, (नेस)

सरकारले चिनियाँ कम्पनी गेजुवासँग बूढीगण्डकी जलविद्युत् आयोजनासम्बन्धी सम्झौता खारेज गरेलगत्तै उच्चस्तरीय चिनियाँ प्रतिनिधिमण्डल बुधबार नेपाल आउने भएको छ।

चीनको थ्री गर्जेजको उपाध्यक्षसहितको टोली बुधबार नेपाल काठमाडौं आइपुग्ने छ। उक्त टोलीले नेपालको जलविद्युत् क्षेत्रमा लगानी तथा अन्य विविध विषयमा छलफल गर्ने बताइएको छ।

नेपाल विद्युत् प्राधिकरण र थ्री गर्जेज कम्पनीका प्रतिनिधिबीच ७५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत् आयोजनाको संयुक्त लगानी सम्झौतामा गर्न सो टोली नेपाल आउन लागेको बताइएको छ।

सरकार र चिनियाँ पक्षबीच भएको समझदारीमा ७५ प्रतिशत चिनियाँ कम्पनी र २५ प्रतिशत प्राधिकरणले लगानी गर्ने उल्लेख छ। उक्त सम्झौता २०६९ भदौमा भएको थियो।

सबैभन्दा बढी सेयर कारोबार गर्नेमा चिलिमे जलविद्युतको ६ करोड रुपियाँको सेयर कारोवार भएको छ भने सबैभन्दा बढी विजय लघुवित्तका लगानीकर्ता रहेका छन्।

अर्थ

PRESS RELEASE

## बकार्डीद्वारा हाउस पार्टी गर्दै




काठमाडौं, (नेस)

बकार्डीले बुधवार भिनी भिचीको सहकार्यमा मल्ल होटलमा बकार्डी हाउस पार्टी आयोजना गर्न लागेको छ। भिनी भिची विगत एक दशकदेखि इलेक्ट्रोनिक्स संगीत उत्पादन गर्दै आएका चिरपरिचित अभिराम शहाराई र मतन कादोशको नयाँ प्रोजेक्ट हो। यो हाउस पार्टीले इलेक्ट्रोनिक्स गीत संगीत मनपराउनेका लागि लक्षित गरिएको छ। कलाकारहरू बीपीएम, बिकेनट, पुनित, पिप्स, फिन्जोक र ग्याबिटले पार्टीमा विशेष संगीतका साथमा आफ्नो कलाकारिता प्रदर्शन गर्नेछन्। यो पार्टीको प्रि-सेल टिकट २ हजार रुपियाँ रहेको छ। यसको टिकट इभो स्टोर (शेर्पा मल),इभो स्टोर(लबिम मल), बेटा हाउस (ठमेल), मोनुमेन्टर पाराडाइज (झोंछे) मा उपलब्ध हुने कम्पनीले जनाएको छ।

त्यस्तै बकार्डीले १७ फेब्रुअरीमा क्लब २५ आवर्समा जुलिया ब्लिसका साथमा बकार्डी हाउस पार्टी आयोजना गरेको थियो भने २४ अप्रिल २०१७ मा राजधानीमा क्लब ओएमजीमा बकार्डी हाउस पार्टी आयोजना गरेको थियो।

## सिजीको आस्ट्रो टी १८ मोबाइल बजारमा

काठमाडौं, (नेस)




सिजी मोबाइलले फिचर फोन बिधामा नयाँ मोडल आस्ट्रो टी १८ बजारमा ल्याएको छ। आस्ट्रो टी १८ मोबाइलमा १ दशमलव ८ स्क्रिन, डिजिटल क्यामेरा, एफएम टर्च लाइट, जीपीआरएस एमपीथ्री एपपीफोर तथा हजार एमएचए ब्याट्री रहेको छ। यसमा ८ जीबी मेमोरी थप्न सकिने कम्पनीले जनाएको छ । यो मोबाइलको थप विशेषता भनेको यसको छेउबाट नै टर्च बाल्न र निभाउनको लागि एउटा छुट्टै बटन रहेको छ। यस मोडलको बजार मूल्य १ हजा0 ९९ रुपियाँ रहेको तीन रङमा उपलब्ध रहेको कम्पनीले जनाएको छ। नयाँ मोडलमँ सय दिनको सटही नीति लिएको कम्पनीले जनाएको छ।

# आर्थिक विकासका लागि सहकार्यमा जोड

काठमाडौं, (नेस)

मंगलबारदेखि काठमाडौंमा शुरू भएको दशौं दक्षिण एसियाली आर्थिक शिखर सम्मेलनमा एसियाली देशहरूबीच लगानी, व्यापारलगायत अन्तरदेशीय आर्थिक सम्बन्ध स्थापनाका लागि सहकार्य गर्नुपर्ने विषयलाई प्राथमिकताका साथ उठान गरिएको छ।

सार्क मुलुकले क्षेत्रगत विकासका लागि सबै मुलुकहरूले समन्वयात्मक भूमिका खेल्ने र त्यसका लागि आवश्यक पहल गरी दीर्घकालीन कार्य योजना निर्माण गर्ने विषयमा पनि सम्मेलनमा छलफल भएको छ। उक्त सम्मेलनमा बोल्नुहुँदै अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सार्क मुलुकहरूमा सुमधुर जल, स्थल र हवाइ पारवाहन सम्बन्ध हुन नसक्दा तथा ती मुलुकबीच गैरभन्सार अवरोधले आर्थिक सम्बन्धलाई फलदायी बनाउन नसकेको बताउनुभयो। पारवाहन र व्यापार अवरोध प्रमुख बाधक रहेको बताउँदै अर्थमन्त्री कार्कीले दक्षिण एसियाली मुलुकको समावेशी तथा दिगो विकासका निम्ति आर्थिक एकीकरणलाई बलियो बनाउनुपर्ने धारणा राख्नुभयो।

त्यसैगरी भुटानका अर्थमन्त्री लिम्पो दोर्जेले जलविद्युत्का क्षेत्रमा नेपाल र भुटानले सहकार्य गर्नुपर्ने बताउनुभयो। नेपाल र भुटानको समान रूपमा जलविद्युत्को सम्भावना भएकाले दुवै देशले मिलेर सहकार्य गर्न सकिने उहाँले बताउनुभयो। गैरभन्सारको समस्यालाई पनि निराकरणको पहल गरिनपर्नु दोर्जेको धारणा रहेको थियो।

अन्तरदेशीय लगानी, व्यापार, पारवहन तथा आपसी सम्पर्कसम्बन्धी विषयमा सम्मेलनले क्षेत्रीय साझा धारणासमेत पारित गर्नेछ। त्यसैगरी अन्तरदेशीय लगानी तथा व्यापार सम्भाव्यताको खोजी, दक्षिण एसियाली मुलुकमा दिगो विकासका लक्ष्यहरू एवं समावेशी विकास व्यापार सहजीकरणलगायतका विषयहरूलाई महत्त्वपूर्ण एजन्डाकारूपमा हेरिएको छ।

पछिल्लो समय विश्वव्यापीरूपमा महत्त्वपूर्ण विषयका रूपमा उठेको अन्तर्राष्ट्रिय श्रमिक आप्रवास तथा विप्रेषणबाट सिर्जित अवसर एवं चुनौतीको अन्वेषणलाई पनि सम्मेलनमा महत्त्वका साथ लिइएको छ। सार्क मुलुकमा रहेको प्राकृतिक स्रोत र सामर्थ्यको सदुपयोगका लागि पहल गर्नुपर्नेमा पनि सहभागीहरूको साझा धारणा देखिएको छ। ऊर्जा क्षेत्रको विकासका लागि यस क्षेत्रका मुलुकबीच व्यापार तत्परताको आकलन, ऊर्जा सहकार्यका मुद्दालाई पनि सम्मेलनमा प्राथमिकतामा राखिएको छ। मौसम परिवर्तनका तथा प्रकोप जोखिम न्यूनीकरणमा क्षेत्रीय सहकार्यका लागि पनि आवश्यक छलफल गरिन लागिएको हो।

त्यसैगरी विश्व व्यापार संगठनको आगामी ११औं मन्त्रीस्तरीय बैठकमा दक्षिण एसियाली मुलुक समान धारणा राखिनुपर्नेमा पनि सहभागीहरूले जोड दिएका छन्। शिखर सम्मेलनमा सार्क राष्ट्रका वाणिज्य मन्त्री, योजनाविद्, आर्थिक क्षेत्रसँग सम्बन्धित प्रबुद्ध व्यक्तिको समूह संयुक्त राष्ट्रसंघ तथा सार्क पर्यवेक्षक मुलुकका प्रतिनिधिको पनि सहभागिता रहेको छ।




नेपाल उद्योग परिषद्ले फस्ट एण्ड सुलिमानसँगको साझेदारीमा आयोजना गरिएको 'नेपाल बिजनेश एक्सिलेन्स अवार्ड २०१७' मा सुपर प्लाटिनम अवार्ड ग्रहणपछि सिप्रदी ट्रेडिङका प्रतिनिधि सामुहिक तस्वीर खिचाउँदै।

*तस्वीर : अनिल आङदम्वे/काठमाडौं*

# मल खरिद नगर्न अदालतद्वारा अन्तरिम आदेश

हेमन्त जोशी, काठमाडौं

बाढीबाट प्रभावित जिल्लामा अनुदानमार्फत् कृषकलाई वितरण गर्न लागिएको प्राङ्गारिक मल खरिद नगर्न सर्वोच्च अदालतले कृषि विकास मन्त्रालयलाई अन्तरिम आदेश दिएको छ।

भर्मि कम्पोस्ट मल (गड्यौला मल) उत्पादक कम्पनी दिव्या अर्गानिक फर्टिलाइजर उद्योगले प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८ बाट भर्मि कम्पोस्ट मल उत्पादकहरू निरुत्साहित भएको र विभिन्न सेवा सुविधाबाट बन्चित भएको भन्दै अदालतमा मुद्दा दायर गरेको थियो। उक्त मुद्दामा गत शुक्रबार सर्वोच्च अदालतले सुनुवाई गर्दै तत्काललाई मल खरिद प्रक्रिया रोक्न तथा यस विषयमा १५ दिनभित्र जवाफ पठाउन आदेश दिएको कृषि विकास मन्त्रालयले जनाएको छ।

बाढीबाट प्रभावित ३१ जिल्लामा राहात प्याकेजका रूपमा १७ करोड रुपियाँ बराबरको प्राङ्गारिक मल अनुदानमार्फत् दिने निर्णय मन्त्रालयले गरेको थियो। उक्त मल खरिदका लागि मन्त्रालय र मातहतका निकायले बोलपत्र आह्वान गरेपछि दिव्या अर्गानिक फर्टिलाइजरले मुद्दा दायर गरेको हो।

मुद्दा दायर गर्ने दिव्या अर्गानिक उद्योगले भने कम गुणस्तर र मापदण्डका दाना तथा धुलोदार मललाई निर्देशिका बमोजिम स्वीकार गर्ने गरेको तर गड्यौला मललाई कम गुणस्तर र मापदण्ड नपुगेको भन्दै उपेक्षा गर्ने गरेको दाबी गरेको छ। 'निर्देशिकामा कम्पोस्ट मलको मापदण्ड र गुणस्तर उल्लेख नगरी अन्य कम गुणस्तरका प्राङ्गारिक मललाई मिल्ने गरी मापदण्ड तोकिएको कारण वास्तविक भर्मि कम्पोस्ट मल उत्पादन गर्ने उद्योगले राज्यबाट पाउनुपर्ने सुविधाबाट बन्चित हुनुपरेको अवस्था सिर्जना भएको छ'- दिव्या अर्गानिकले दायर गरेको मुद्दामा भनिएको छ।

प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८ को दफा ४ मा मलको मापदण्ड र गुणस्तरमध्ये चिस्यान प्रतिशत २० देखि ४० र न्यूनतम नाइट्रोजन प्रतिशत १ दशमलव ५ प्रतिशत हुनुपर्ने प्रावधान रहेको छ। तर, दिव्या अर्गानिकले दायर गरेको मुद्दामा सो मापदण्ड तथा गुणस्तर अनुसारको भर्मि मल उत्पादन हुन नसक्ने भन्दै उक्त निर्देशिकालाई परिमार्जन गर्नुपर्ने उल्लेख छ।

कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकरप्रसाद सापकोटाका अनुसार मलमा चिस्यान बढी हुनुको अर्थ त्यसमा पानीको मात्रा बढी छ भन्ने बुझिन्छ। मलमा पानीको मात्रा बढी भएपछि त्यसको तौल पनि बढी हुने र गुणस्तर कम हुने गर्दछ। 'भर्मि मलमा ५० देखि ६० प्रतिशत पानीको मात्रा रहनुपर्ने माग गरिएको छ। हामीले किसानलाई पक्कै पनि कम गुणस्तरको मल दिन चाहान्नौं, पानीका लागि मात्रै बढी पैसा पनि तिर्न सकिँदैन।'- सापकोटाले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो।

प्राङ्गारिक मल अनुदान निर्देशिकामा चिस्यानको मात्रा ४० प्रतिशत, नाइट्रोजन २ प्रतिशत, फस्फोरस शून्य दशमलव ७५ प्रतिशत, पोटास २ प्रतिशत हुनुपर्ने मापदण्ड तोकिएको छ। सो मापदण्ड भारतमा फरक छ। भारतले प्राङ्गारिक मलमा चिस्यानको मात्रा १५ देखि २५ प्रतिशतसम्मलाई गुणस्तरीय मानेको छ। नाइट्रोजन १ प्रतिशत, फस्फोरस शून्य दशमलव ८ प्रतिशत र पोटास शून्य दशमलव ८ प्रतिशत हुनु अनिवार्य छ। अन्तर्राष्ट्रिय मापदण्डमा पनि सोही अनुपातलाई निर्धारण गरिएको छ।

भर्मि मललाई सामान्यतया २ देखि ४ हप्तासम्म सुकाउने (क्युरिङ गर्ने) हो भने चिस्यानको मात्रा १५ देखि २० प्रतिशतमात्र बाँकी रहन्छ। तर, उद्योगहरूले क्युरिङ नगरी सिधै किसानलाई उपलब्ध गराउने गरेका छन्। जसले गर्दा मलमा पानीको मात्रा एकदमै धेरै हुन्छ। पानीको मात्रा बढी भएपछि सोही अनुपातमा तौल पनि बढी देखिन्छ र किसान ठगिन्छन्। यस अर्थमा भर्मि कम्पोस्ट मलको गुणस्तर के कति निर्धारण गर्ने र मापदण्ड अनुकुल बनाउने भन्ने विषयमा किसानलाई मर्का नपर्ने गरी अदालतलाई जवाफ पठाउने सहप्रवक्ता सापकोटाले बताउनुभयो।

कृषि विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाअन्तर्गत विनियोजित बजेटबाट खरिद गर्ने मलमा 'प्राङ्गारिक मलमा अनुदान कार्यविधि २०७३' आधार मान्दै आएको छ।

# दोहोरो अंकले बढ्यो परिसूचक

नेपाल समाचारपत्र

काठमाडौं

साताको तेस्रो दिन पनि शेयर बजार परिसूचक सकारात्मक देखिएको छ। सबै समूहको कारोबारमा हरियो संकेत देखिएपछि दोहोरो अंकको वृद्धि देखिएको छ। मंगलबार नेप्से परिसूचक २५ दशमलव १४ अंकले बढेर १ हजार ५ सय १६ दशमलव शून्य २ अंकको बिन्दुमा पुगेको छ।

मंगलबार सबै समूहका उपसूचक सकारात्मक देखिएका छन्। जसमध्ये बीमा समूह सबैभन्दा बढी १ सय १२ दशमलव ७३ अंकले बढेको छ। त्यस्तै लघुवित्त समूह ५८ दशमलव ८५ अंकले र उत्पादन तथा प्रशोधन समूह ५६ दशमलव ७३ अंकले सकारात्मक देखिएको छ। त्यसैगरी जलविद्युत् समूह ५५ दशमलव ३७ अंकले, विकास बैंक समूह २७ दशमलव ९५ अंकले, बैंकिङ २१ दशमलव ६१ अंकले, होटल समूह १० दशमलव ७५ अंकले, अन्य ६ दशमलव ९४ अंकले र ट्रेडिङ समूह शून्य दशमलव ८५ अंकले बढेका छन्।

मंगलबारको कारोबारमा परिसूचकसँगै शेयर कारोबार रकममा समेत वृद्धि भएको छ।

## उन्नतिशील बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.जि.का.म.न.पा. वडा नं. १५ स्वयंम्भु, काठमाडौं ।

फो नं. ०१४०३३५४९

**कर्जा चुक्ता गर्ने आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना**

प्रकाशित मिति : २०७४/०७/२९

यस सहकारीमा तपशिल बमोजिमका ऋणीहरुले यस सहकारीसँग गरेको संझौता बमोजिम समय समयमा तिर्नु बझाउनु पर्ने साँवा, व्याज र अन्य दस्तुर आदि नतिरी नबुझाई सहकारीसँग गरेको सर्त बन्देजहरु उलंघन गर्नु भएको र सहकारीको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखितरुपमा ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएको हुदा यस संस्थाको कर्जा निती तथा प्रचलित सहकारी ऐन नियमावली अनसार ऋणिको फोटो सहितको ३५ दिने यो सुचना प्रकाशित गरीएको कुरा यस सुचना अनुसार सुचित गरिन्छ सो म्याद भित्र बक्यौता रहेको सम्पुर्ण कर्जा रकम चुक्ता भुक्तानि नगरेमा ऋणिले यस संस्थालाई लेखिदिएको तपशिल बमाजिमको धितो जहाँ जे अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ बाट लिलाम बिक्री गरी असुल उपर गरिनेछ र कथंकदाचित सो धितोबाट कर्जाको सम्पुर्ण रकम असुलउपर हुन नसकेमा नपुग रकम ऋणि तथा निजको परिवारको सदस्यहरुको नाममा रहेको अन्य चल अचल सम्पतिबाट समेत सहकारी ऐन २०४८, सहकारी नियमावलि २०४९, संस्थाको विनियम तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

### तपसिल

| ऋणीको तिनपुस्ते विवरण | ऋणीको फोटो | धिता विवरण |
|---|---|---|
| नाम :- गोपाल राम बासुकला<br>बाबु :-गोपाल बासुकला<br>बाजे :- जसनारायण वासुकला<br>ठेगाना:- भक्तपुर जिल्ला<br>भ.न.पा वडा नं १०, यालाछे<br>ना.प्र.प.न २७१० |  | का.जि. शेषनारायण गा.वि.स. वडा नं. ७ कि.न. ३३५ का क्षे.फ.१-७-०-०, भ.पु. जि. झौखेल गा.वि.स.वडा नं. ८च कि.नं. १५१,१७६,१८१ को क्षे.फ. क्रमश:०-२-०-०, ०-१३-०-०, ०-१-२-० समेतका ४ कित्ता |
| जमानी बस्नेको विवरण<br>नाम :- सुमन सितिखु<br>बाबु :- भक्त बहादुर सितिखु<br>बाजे :- न्छुछे बहादुर सितिखु<br>ठेगाना :- भक्तपुर जिल्ला<br>भ.न.पा वडा-५ |  | |
| नाम :- आशलक्ष्मी बासुकला<br>पति :- गोपालराम बासुकला<br>शसुरा :- गोपाल बासुकला | | |

यस सहकारी संस्थाबाट विभिन्न मितिमा कर्जा लिई भाखा नाघेका तथा भाखा नाघेका तथा भाखा ननाघी किस्ता बुझाउन बाकी रहेका सदस्यहरुले समेत यसै सुचनालाई आधार मानि आफुले लिएको कर्जा रकम चुक्ता गर्नु तथा तिर्न बाकी किस्ता रकम समेत भुक्तानि गर्नु हुन सुचित गरिन्छ । अन्यथा सहकारी ऐन २०४८, सहकारी नियमावलि २०४९, संस्थाको विनियम तथा अन्य प्रचलित कानुन बमोजिम बाकी रकम समेत असुल उपर गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



# अनीलको अन्तर्राष्ट्रिय करिअरमा पूर्णविराम



उज्जोल डंगोल, नेस

नेपाल समाचारपत्र
काठमाडौं

फिलिपिन्सविरुद्ध ८१औं मिनेटमा मैदानमा उत्रेका अनील गुरुङले अन्तर्राष्ट्रिय करिअर समाप्त गरेका छन्।

एएफसी एसियन कप छनोटअन्तर्गत मंगलबार नेपालले फिलिपिन्ससँग गोलरहित बराबरी खेलेको थियो। पहिलो रोजाइमा नपरेको अनीललाई अन्तिममा मात्रै खेल्न मौका दियो। सुजल श्रेष्ठलाई प्रतिस्थापन गरेका अनीलको ५०औं अन्तर्राष्ट्रिय खेल पनि थियो। योसँगै उनको ५० खेल खेलेर अन्तर्राष्ट्रिय करिअरबाट सन्यास लिने धोको पनि पूरा भएको छ।

नेपाली टोलीका कप्तान अनीलले सन् २००७ मा विश्वकप छनोटअन्तर्गत ओमानविरुद्ध अन्तर्राष्ट्रिय खेलबाट करिअर शुरू गरेका थिए। करिब एक दशक अन्तर्राष्ट्रिय फुटबलमा बिताएका अनीलको अन्तिम खेल त्यति स्वादिलो भएन।

आफ्नो अन्तिम खेलमा जित पाउने आशा गरे पनि त्यो पूरा भएन। अनील नेपाली राष्ट्रिय टोलीका १५औं कप्तान बनेका थिए। सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा अनीललाई आफ्ना साथी खेलाडीले उचालेर सम्मान गरेका थिए। त्यस्तै एन्फाका अध्यक्ष नरेन्द्र श्रेष्ठले कोट लगाइदिएर अनीललाई सम्मानपत्रका साथ औपचारिक रूपमा सम्मान गरेका थिए। त्यस्तै एन्फाका अन्य पदाधिकारी तथा सदस्यले उनलाई माला, खादा लगाइदिएका थिए।



## नेपाल सेमिफाइनलमा

काठमाडौं, (नेस)

मलेसियामा जारी एसीसी यू-१९ एसिया कप क्रिकेटमा नेपाल सेमिफाइनलमा पुगेको छ।

मंगलबार नेपालले आयोजक मलेसियालाई ८ विकेटले हरायो भने अर्को खेलमा बंगलादेशले भारतलाई ८ विकेटले नै पराजित गरेको थियो। वर्षाका कारण ढिलो शुरू भएको खेलमा मलेसियाले दिएको ४६ रनको लक्ष्य नेपालले ५.३ ओभरमै भेटायो। नेपालका सन्दीप लामिछानेले ५ विकेट लिएर मलेसियालाई सस्तैमा समेट्न प्रमुख भूमिका खेलेका थिए।

भारत पराजित भएपछि समूह 'ए' मा नेट रनरेटको आधार पनि लिनु परेन। यदि भारत जितेको भए तीन टोलीको समान ४-४ अंक हुने थियो र अन्तिम चारमा पुग्न भाग्यको सहारा लिनुपर्ने हुन्थ्यो। बंगलादेशले भारतले छाडेको १ सय ८८ रनको लक्ष्य सहजै प्राप्त गरेपछि नेपाल उपविजेताका रूपमा अन्तिम चारमा पुग्यो। राहुल द्रविडको भारतीय युवा टोली समूह चरणबाटै बाहिरियो।

## इटाली विश्वकपमा पुगेन

लन्डन, (एजेन्सी)

चार पटकको फिफा विश्वकप विजेता इटाली आगामी वर्ष रसियामा हुने विश्वकपमा छनोट हुन असफल भएको छ।

सोमबार राति भएको प्लेअफको दोस्रो लेगमा स्वीडेनसँग गोलरहित बराबरीमा रोकिएपछि इटाली आगामी विश्वकपमा छनोट हुन सकेन। इटालीले सन् १९५८ पछि करिब ६० वर्षमा पहिलोपटक फिफा विश्वकप खेल्नबाट वञ्चित भएको छ। आफ्नै घरेलु मैदान मिलानमा भएको उक्त खेल बराबरीमा समाप्त भएपछि पहिलो लेगमा १-० को जितको नतिजा नै स्वीडेनलाई विश्वकप पुर्‍याउन पर्याप्त बन्यो।

पछिल्लो पटक इटाली सन् १९५८ मा स्विडेनमा भएको विश्वकपमा छनोट हुन सकेको थिएन। अहिलेसम्म भएका २० मध्ये १८ पटक विश्वकप खेल्दै इटाली चार पटक उपाधि विजेता बनेको थियो। यसअघि सन् १९३० को पहिलो संस्करण र सन् १९५८ को विश्वकपमा मात्र इटालीले खेलेका थिएनन्। आगामी वर्ष हुने विश्वकपमा छनोट असफल हुनेमा इटाली एक मात्र पूर्व विजेता बनेको छ।

## धरहरा

### प्रहरी 'नोकर' र नेता



नेपाल प्रहरीको संख्या झन्डै ७६ हजारको हाराहारीमा रहेको छ। यो संगठन कहिल्यै राजनीतिक हस्तक्षेप मुक्त हुन सकेन। प्रहरी संगठनले जहिले पनि नेताको चाटुकदारका रूपमा आफूलाई प्रस्तुत गर्ने गरेको उसको विगतको इतिहासले देखाएको छ। यो दृश्य धरहराबाट सधैं देखिने गरेको छ।

जुनपार्टी सरकारमा गए पनि उसले सधैं प्रहरीलाई आफ्नो 'नोकर' बनाउने गरेको छ। ती प्रहरीका उच्चतहका हाकिम पनि दलका नेताको 'नोकर' बन्न सजिलै तयार हुने गरेको र नेताले सरुवा बढुवामा जति माग्यो त्यति नै दिएर पनि अझै उनीहरूको 'नोकर' बन्न किन तयार हुन्छ? प्रहरीका हाकिम धरहराले केही बुझेको छैन।

उनीहरु किन जे गर्न पनि तयार हुन्छन्? केही बुझेको छैन धरहराले। जनतालाई विभिन्न वहाना बनाएर रकम असुल गर्नेहरु नेताका नोकर भएको देखेर भने धरहरा तीनछक परेको छ।


## आवश्यकता

यस प्रकाशन गृह लाई आफ्नो उत्पादनको बजार प्रवर्धनको लागी केही कर्मचारीहरुको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

पद :- बजार प्रतिनिधि
संख्या :- २०
योग्यता :- +२
सेवा/सूविधा :- आकर्षक तलब/कमिशन

कामना न्यूज पब्लिकेसन्स् प्र. ली.
भीमसेनस्थान, काठमाडौं
सम्पर्क :- ४२६११७९/९८५१०६९८३०
Email- circulation.nsp112@gmail.com

सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार

रू. २५०० मा
२ वर्ष

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ